# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषयपरिचय

प्रस्तुत शोधकार्यको शीर्षक उत्तमकृष्ण मजगैयाँको काव्यकारिता रहनेछ । हास्यव्यङ्ग्य कविता क्षेत्रमा उत्कृष्टता हासिल गरेका मजगैयाँको जन्म २००९ सालमा दाङमा भएको थियो । पेसाले शिक्षक तथा सिर्जनात्मकताका दृष्टिले साहित्यकारका रूपमा परिचित मजगैयाँ सानै उमेरदेखि कविता कोर्न थालेका थिए । उनको २०१९ सालमा **तवमात्र** शीर्षकको कविता सबैभन्दा पहिला प्रकाशित भएको थियो । **जयअवसरवाद**, **तिमी नरहे देश डुब्न्याछ** तथा **बुद्धहरू मर्दैनन्** जस्ता कवितासङ्ग्रह प्रकाशन गरेका मजगैयाँका **धरतीपुत्र** र **अपराजिता** जस्ता खण्डकाव्यहरू प्रकाशित छन् । त्यस्तैगरी उनले हास्यव्यङ्ग्य निबन्ध तथा आख्यानमा समेत आफ्ना सिर्जनाहरू पस्केका छन् । कविता तथा निबन्धका क्षेत्रमा उच्चता प्राप्त गरेका मजगैयाँका विभिन्न पत्रिकामा समेत फुटकर लेखहरू प्रकाशित छन् ।

कवि मजगैयाँले आफ्ना कविताहरूमा राजनीतिक विकृति, विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गर्दै स्वस्थ समाजको परिकल्पना गरेका छन् । उनले अशिक्षित ग्रामीण महिलाहरूले भोग्नु परेका सामाजिक, आर्थिक तथा धार्मिक विषमताहरूको त्रासदीपूर्ण यथार्थलाई कविताको मूल विषय बनाएका छन् । एकातिर गरीबी र विपन्नतासँगै जुध्दै गरेका नेपाली नागरिकको विलौना र अर्कातिर तिनै नागरिकको भोट पाएर कुर्चीमा पुगेका नेताहरूको अवसरवादी प्रवृत्तिको चित्रण गर्ने काम उनका कवितामा भएको पाइन्छ ।

साहित्यकार उत्तमकृष्ण मजगैयाँको जीवनी व्यक्तित्व र कृतित्वका साथसाथै **धरतीपुत्र** खण्डकाव्यमा केन्द्रित रहेर अध्ययनहरू भइसकेका छन् तर पनि उनका कविता विधामै केन्द्रित रहेर कुनै पनि अध्ययन अनुसन्धान भएका छैनन् । यस सन्दर्भमा स्नातकोत्तर शोधका निमित्त 'उत्तमकृष्ण मजगैयाँको काव्यकारिता' शीर्षक उपयुक्त रहेको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यका क्षेत्रमा उत्तमकृष्ण मजगैयाँ हास्यव्यङ्ग्य कवि निबन्धकार तथा कथाकारका रूपमा परिचित छन् । उनले नेपाली हास्यव्यङ्ग्य कविता तथा निबन्धका क्षेत्रमा थप टेवा पुऱ्याएका छन् । यसै सन्दर्भमा प्रस्तुत शोधपत्रको मूल समस्या उत्तमकृष्ण मजगैयाँको काव्यकारिताको मूलसमस्यामा केन्द्रित रहेको छ र यस समस्यासँग सम्बन्धित अन्य समस्याहरू यसप्रकार छन् :

(क) उत्तमकृष्ण मजगैयाँको कविता यात्रा र प्रवृत्ति के-कस्ता छन् ?
(ख) मजगैयाँका पूर्वार्द्ध चरणका कविताकृति के-कस्ता छन् ?
(ग) मजगैयाँका उत्तरार्ध चरणका कविताकृति के-कस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्यहरू

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य नै मजगैयाँको समग्र कवितासङ्ग्रहको अध्ययन गरी उनका कवितागत प्रवृत्तिको निरूपण गर्दै पूर्वार्द्ध र उत्तरार्ध चरणका कवितागत विशेषताको विश्लेषण गर्नु रहेको छ । ती उद्देश्यहरू यसप्रकार रहेका छन् :

(क) उत्तमकृष्ण मजगैयाँको कविता यात्रा र प्रवृत्तिहरूको विश्लेषण गर्नु,
(ख) मजगैयाँका पूर्वार्द्ध चरण र उत्तरार्ध चरणमा रहेका कविताकृतिहरूको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

वि.सं.२०२० को दशकबाट नेपाली साहित्यका क्षेत्रमा उदाएका उत्तमकृष्ण मजगैयाँका नौ वटाभन्दा बढी कृति प्रकाशित छन् । उनका कृतिका बारेमा विभिन्न लेखक तथा समीक्षकहरूले चर्चा परिचर्चा गरेका छन् । उनका कृतिमा गरिएका विश्लेषण, भूमिका तथा चर्चा परिचर्चालाई कालक्रमका आधारमा पूर्वकार्यका रूपमा निम्नानुसारले प्रस्तुत गरिएको छ :

२०५४ सालमा प्रकाशित **जयअवसरवाद** कवितासङ्ग्रहको प्रकाशकीय लेखमा लेखकसङ्घ दाङले कवि मजगैयाँका कवितामा युगीन विकृति र विसङ्गतिको रोचक

अभिव्यक्ति पाइनुका साथै उनका कवितामा प्रयुक्त नाटकीय र तीक्ष्ण व्यङ्ग्यका माझ कविद्वारा मानवीय मूल्य र आस्थाको खोजी गरिएको भाव व्यक्त गरिएको छ भनी चर्चा गरिएको छ । यसका साथै उनका कवितामा विमति र असहमतिप्रति आक्रोश मात्रै पोखिएको छैन मीठो हास्य सिर्जना गरेर प्रशस्त मनोरञ्जन पनि प्रदान गरिएको छ भन्दै मजगैयाँको गुणात्मक पक्षको चर्चा गरिएको छ ।

बासु रिमाल 'यात्री'ले **जय अवसरवाद** (२०५४) कवितासङ्ग्रहको भूमिकाका सन्दर्भमा कवि मजगैयाँले कविताका माध्यमबाट विभिन्न विकृति र विसङ्गतिप्रति तीव्र आक्रोश पोख्दै सुधारका सम्भावनातिर पनि प्रशस्त औँला उठाएका छन् भनी चर्चा गरेका छन् । त्यस्तैगरी यिनका कवितामा हास्य र व्यङ्ग्यको राम्रो संयोजन भएको छ जसले गर्दा कवि मजगैयाँ हास्यव्यङ्ग्य कविताको क्षेत्रमा सफल देखिन्छन् भनी चर्चा गरेका छन् ।

माधव काफ्लेले **सामाजिक विकृतिप्रति तीक्ष्ण प्रहार** (मधुपर्क २०५५) शीर्षकको लेखमा हास्यव्यङ्ग्य विधाको वर्तमान उचाईका संवाहकमध्ये सरस तीक्ष्ण अभिव्यक्तिका धनी मजगैयाँको प्रतिभा निबन्धात्मक उचाईलाई उछिनेर कविता विधामा अवतरण भई परिष्कृत कवितातर्फ उन्मुख भएको छ भनी चर्चा गरेका छन् । त्यस्तैगरी उनले अन्योलग्रस्त युगीन परिवेश देशको दुर्गति र मान्छेको दुष्प्रवृत्ति मानव अधिकारको हनन, सत्तासिनहरूको स्वार्थीवृत्तिमा नै कविताको मूल भाव केन्द्रित छ भनी चर्चा गरेका छन् ।

वासुदेव त्रिपाठीले **धरतीपुत्र** (२०५६) खण्डकाव्यको भूमिकामा कवि मजगैयाँको यस खण्डकाव्य नेपाली काव्यजगतमा एक अर्को नौलो छन्दोबद्ध सार्थक उपक्रम ठहर्छ भनी चर्चा गरेका छन् । मजगैयाँले यस खण्डकाव्यमार्फत आफ्ना सामाजिक यथार्थमूलक काव्यसचेतनाद्वारा नेपाली खण्डकाव्य यात्रालाई स्पष्टत : एक छुट्टै दिशाबोध प्रदान गरेका छन् भनी विश्लेषण गरिएको छ ।

दुर्गाप्रसाद भण्डारीले मजगैयाँको **तिमी नरहे देश डुब्न्याछ** (२०५६) कवितासङ्ग्रहको भूमिकाका सन्दर्भमा मजगैयाँले सूक्ष्म, नरम, हाँसो र रोदन पैदा गरी समाज सुधार अर्थात् मुर्च्छित र चेतनहीन समाजलाई आफ्नो ठेगानामा ल्याउनुका साथै देशका कुसञ्चालक, कुसंस्कार, नैतिक, आर्थिक र राजनीतिक मूल्यहरूको स्खलनप्रति शान्त, शालीन र शिष्ट तरिकाले व्यङ्ग्य गरेका छन् भनी प्रशंसा गरेका छन् । भण्डारीले उक्त भूमिकाकै क्रममा

नेपालको अति राजनीतिक, अति जटिल सामाजिक उपभोक्ताहरूका लागि मजगैयाँको **तिमी नरहे देश डुब्न्याछ** नामक कवितासङ्ग्रह एक प्रेरक व्यङ्ग्यात्मक प्रहारको रूपमा उपस्थित भइ नै रहनेछ भनी मजगैयाँको काव्यकारिताको कदर गरेका छन् ।

कृष्ण गौतमले **अपराजिता** (२०५६) खण्डकाव्यको भूमिका लेख्ने सन्दर्भमा यो कृति नारीहरूका निम्ति मात्र नभएर पुरुषहरूका निम्ति पनि प्रेरक छ किनभने जबसम्म नारीहरूको उत्थान हुँदैन तबसम्म पुरुषहरूको पनि उत्थान सम्भव छैन भन्दै यस किसिमका कृतिहरू विद्यालयका अतिरिक्त कक्षाहरूमा पढाइनुपर्छ र स्त्री समाजमा परिवर्तन ल्याउन नारीहरू नै अग्रसर हुनुपर्छ भन्ने कुरामा मजगैयाँले जुन चासो देखाउनु भएको छ त्यो सह्रानीय कार्य हो भन्दै चर्चा गरेका छन् ।

ठाकुर शर्माले **विभिन्न तीन कृतिमाथि तेस्रो दृष्टि** (दायित्व २०५७) भन्ने शीर्षकको लेखमा **तिमी नरहे देश डुब्न्याछ** कवितासङ्ग्रहद्वारा हास्यव्यङ्ग्यको माध्यमबाट समाजका अनकौं विकृतिलाई देखाउन समर्थ कवि मजगैयाँको यो कृतिको शीर्षकले नै 'दिव्योपदेश' भानुभक्तीय रामायणको भाषातिर पुऱ्याउँदछ भनी चर्चा गरेका छन् । आफू बाँचेको समय, परिवेश, राष्ट्र र राजनीतिमा देखापरेका विकृति, विसङ्गति, विरोधाभास र भाडभैलोलाई कविले थिल्थिल्याएर प्रहार गरेका छन् भनी यसै लेखमा विश्लेषण गरिएको छ ।

युवराज नयाँघरेको **तिमी नरहे देश डुब्न्याछ** कवितासङ्ग्रहको समीक्षा (मधुपर्क २०५७) भन्ने लेखमा मजगैयाँ विकृतिका ब्वासाविद छन्, असङ्गतका आँखा फोर्छन्, गद्दारिका गिद्ध धपाउँछन् र शत्रुताका साङ्ला चुडाल्छन् भनी विश्लेषण गरेका छन् । मुलुकका निमित्त बलिदान दिने 'सपुत' र त्यही सुपतलाई भऱ्याङ बनाएर व्यक्तिगत स्वार्थसिद्ध गर्ने कपुतको आत्मकथाको चित्रण गर्ने काम मजगैयाँले यस कवितासङ्ग्रहमा गरेका छन् भनी आफ्नो लेखमा नयाँघरेले उनको प्रशंसा गरेका छन् ।

कवि दुवसु क्षेत्रीले **बुद्धहरू मर्दैनन्** (२०५९) कवितासङ्ग्रहको प्रकाशकीय लेखमा कवितामा सरल, सहज र शिष्ट अभिव्यक्ति पस्केर आफूलाई नेपाली कविता फाँटमा परिचित, स्थापित र चर्चित कविका रूपमा परिचित गराउने कवि मजगैयाँका काव्यातमक परिपक्वता एवम् गम्भीरता अनि बौद्धिकता र हार्दिकताको समन्वय र सङ्गम देख्न अनि अनुभव गर्न सकिन्छ भन्ने कुरा व्यक्त गरेका छन् । क्षेत्रीले शैक्षिकसेवा, समाजसेवा र

साहित्यिक सिर्जनाका त्रिवेणी बन्नु भएका मजगैयाँ नेपाली साहित्यको समसामयिक पुस्तका एउटा स्थापित र लोकप्रिय साहित्यकार हुन् भनी प्रशंसा गरेका छन् ।

प्रतिरोध कार्कीको **बुद्धहरू मर्दैनन्** कविताको विश्लेषण (मधुपर्क २०६१) लेखमा वर्तमान समयमा नेपालको अवस्थालाई कवितामार्फत प्रस्तुत गर्ने कवि मजगैयाँले हिंसाले कहिल्यै पनि कसैको हित नगर्ने कुरा अभिव्यक्त गर्दै सामाजिक रूपमा देखिएका विकृति विसङ्गतिलाई यथार्थ रूपमा चित्रण गर्ने काम गरेका छन् भनी चर्चा गरेका छन् ।

यसरी उत्तमकृष्ण मजगैयाँका बारेमा जेजति र जेजसरी अध्ययन विश्लेषण गरिएका छन् ती सबैमा कवि मजगैयाँका सम्पूर्ण कविता एवम् काव्यको सिलसिलाबद्ध एवम् समग्र अध्ययन भएको पाइँदैन । त्यसैले उनको काव्यकारिताको गहन अध्ययन र विश्लेषण नभएकाले प्रस्तुत शोधकार्य गर्न सान्दर्भिक ठानिएको छ । यस शोधपत्रमा उत्तमकृष्ण मजगैयाँको काव्यकारिताका बारेमा समग्र पक्षको अध्ययन गरिएको छ ।

## १.५ अध्ययनको औचित्य, महत्व तथा उपयोगिता

प्रस्तुत शोधकार्य मजगैयाँका कवितासङ्ग्रहहरूको अध्ययनमा केन्द्रित रही उनका कविताहरूको विस्तृत एवम् वैज्ञानिक रूपमा अध्ययन विश्लेषण गरिने भएकाले भावी पुस्तालाई उपयोगी हुनेछ । मजगैयाँको काव्यात्मक पक्षलाई जान्न बुझ्न इच्छुक व्यक्ति, सङ्घ संस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यावहारिक रूपमा तथ्य प्रस्तुत गरिने हुनाले अनुसन्धानका क्षेत्रमा यसको महत्व रहेको छ । यसका साथै प्रस्तुत शोधपत्रले नेपाली कविताका क्षेत्रमा मजगैयाँको स्थान निरूपण गर्न समेत सहयोग पुऱ्याउने छ । उपयुक्त विविध दृष्टिकोणले प्रस्तुत शोधकार्य औचित्यपूर्ण उपयोगी रहेको छ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधकार्य उत्तमकृष्ण मजगैयाँको काव्यकारिताको अध्ययन विश्लेषणमा आधारित रहेको छ । यस शोधपत्रमा उनको कवितायात्राका प्रवृत्तिको विश्लेषण गरी प्रकाशित कवितासङ्ग्रह र विभिन्न पत्रिकामा प्रकाशित फुटकर कविताहरूको अध्ययन विश्लेषण गरिएको छ । उनका **जय अवसरवाद** (२०५४), **तिमी नरहे देश डुब्न्याछ** (२०५६),

**बुद्धहरू मर्दैनन्** (२०५९) कवितासङ्ग्रहहरूको अध्ययन गरिएको छ । यी तीनवटा सङ्ग्रह भन्दा बाहेकका अन्य फुटकर कविताहरूको अध्ययन विश्लेषण गरिएको छैन ।

## १.७ सामग्रीसङ्कलन, शोधविधि र विश्लेषण ढाँचा

प्रस्तुत शोधपत्र सम्पन्न गर्नका लागि प्राथमिक सामग्रीका रूपमा स्वयं उत्तमकृष्ण मजगैयाँका प्रकाशित कृतिहरूलाई लिइएको छ । यसका लागि मजगैयाँसँग लिखित तथा मौखिक रूपमा शोधपुछ गरी सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका क्रममा कविताका प्रमुख विषवस्तु भाव वा विचार, सहभागी, परिवेश, उद्देश्य एवम् भाषाशैलीलाई आधार बनाइएको छ भने प्रवृत्तिगत विश्लेषणलाई समेत आधार बनाइएको छ । विश्लेषणका क्रममा वर्णनात्मक, विश्लेषणात्मक आदि विधिहरू आवश्यकताअनुरूप प्रयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रका संरचनालाई सुव्यवस्थित र सुसङ्गठित रूपमातयार पार्न निम्नलिखित परिच्छेदमा वर्गीकरण गरी अध्ययन गरिएको छ :

परिच्छेद एक : शोधपरिचय
परिच्छेद दुई : उत्तमकृष्ण मजगैयाँको कवितायात्रा र चरणगत प्रवृत्ति
परिच्छेद तीन : उत्तमकृष्ण मजगैयाँको पूर्वार्द्धचरणका कविताकृतिको विश्लेषण
परिच्छेद चार : उत्तमकृष्ण मजगैयाँको उत्तरार्ध चरणका कविताकृतिको विश्लेषण
परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष
सन्दर्भ सामग्रीसूची

# परिच्छेद : दुई

# उत्तमकृष्ण मजगैयाँको काव्ययात्रा र प्रवृत्तिहरू

## २.१ काव्ययात्रा

उत्तमकृष्ण मजगैयाँ (२००९) ले विद्यालय तहमा अध्ययन गर्ने क्रममा एघार वर्षको उमेरमा **तवमात्र** शीर्षकको कविता रचना गरेर साहित्यिक यात्राको थालनी गरेका हुन् । "कविता कोर्न थालेको त २०१७ सालतिरबाट नै हो तर बलियोसँग कलम समातेको चाहिँ २०२७ सालतिरबाट हो ।" (मजगैयाँ, २०५४ : झ) उनकै भनाइलाई दृष्टिगत गर्दा करिब सातआठ वर्षबाट कविता लेख्न थालेका मजगैयाँका थुप्रै फुटकर कविता, हास्यव्यङ्ग्य कवितासङ्ग्रह तथा काव्यहरू प्रकाशित छन् । हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, कथा आदि विधामा समेत उनले उत्कृष्ट कृतिहरू लेखेका छन् । स्थानीय स्तरका पत्रपत्रिकाका साथसाथै राष्ट्रिय पत्रिकामा समेत उनका कविताहरू प्रकाशित छन् । गद्य र पद्य दुवै शैलमिा लेखिएका कविताहरू विभिन्न सङ्ग्रहका साथसाथै पत्रिकामा समेत प्रकाशित छन् । विशेषगरी हास्यव्यङ्ग्य प्रवृत्तिलाई अङ्गाली साहित्यिक रचना कोर्ने मजगैयाँका अधिकांश रचनाहरू हास्यव्यङ्ग्यमा नै आधारित छन् ।

मजगैयाँका **जय अवसरवाद** (२०५४), **तिमी नरहे देश डुब्न्याछ** (२०५६) हास्यव्यङ्ग्य कवितासङ्ग्रह तथा **बुद्धहरू मर्दैनन्** कवितासङ्ग्रह प्रकाशित छन् । त्यस्तैगरी **धरतीपुत्र** (२०५४) तथा **अपराजिता** (२०५६) खण्डकाव्य प्रकाशित छन् । विभिन्न सञ्चारका साधनहरू तथा पत्रपत्रिकामा समेत उनका फुटकर कविताहरू प्रकाशित भइरहेका छन् । समाजका विकृति विसङ्गति तथा राजनीतिक खिचातानीको चर्को व्यङ्ग्य गर्दै उनले कविताहरू सिर्जना गरेका छन् । देशमा मौलाउँदै गएको आर्थिक, सामाजिक, राजनीतिक विकृतिप्रति तीखो व्यङ्ग्य वाण हान्दै स्वस्थ समाजको परिकल्पना गर्नु नै उनका कविताको मुख्य उद्देश्य हो ।

कवि उत्तमकृष्ण मजगैयाँले कविता, निबन्ध र कथामा आफ्नो कलम सशक्त रूपमा चलाएका छन् । विशेष गरी हास्यव्यङ्ग्य कविता र निबन्धमा उनका रचनाहरूले उत्कृष्टता

प्राप्त गरेका छन् । सङ्ख्यात्मक रूपमा त्यति धेरै रचनाहरू नलेखे तापनि उनका सिर्जनाले गुणात्मकता भने प्राप्त गरेका छन् । अत्यन्तै सरल, सहज भाषाशैलीका कारण उनका सिर्जनाहरू सामान्य पाठकदेखि विशिष्ट पाठकले समेत असाध्यै रूचाएका छन् । उनका प्रकाशित कृतिहरूलाई निम्नानुसारले उल्लेख गर्न सकिन्छ :

**प्रकाशित कृतिहरू**

(क) खण्डकाव्य - धरतीपुत्र (२०५४), अपराजिता (२०५६)

(ख) हास्यव्यङ्ग्य कवितासङ्ग्रह - **जय अवसरवाद** (२०५४), **तिमी नरहे देश डुब्न्याछ** २०५६)

(ग) कवितासङ्ग्रह - **बुद्धहरू मर्दैनन्**

(घ) फुटकर कविताहरू - राष्ट्रको माटो, म नेता, अझ कति दुर्दिनहरू, तिम्रो मुस्कान (२०६९), रातारात (२०६२) 'राप्तीदूत' पत्रिका, बन्धु फर्केर आऊ ( २०७२) आदि ।

(ङ) हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह - गृहलक्ष्मी भित्र्याएपछि (२०५४), सुनको फूल पार्ने पोथी (२०५४), धरोधर्म हजुर (२०५४) ।

(च) कथासङ्ग्रह - बेंसीतिर

२०२० सालबाट साहित्यका विविध विधामा कलम चलाएका मजगैयाँले हालसम्म पनि आफ्ना रचनाहरू विभिन्न माध्यमद्वारा प्रकाशित गरेका छन् । उनले कविताबाटै साहित्यमा प्रारम्भ गरी कविता र निबन्धमा आफ्नो छवि उच्च पार्न सफल भएका छन् ।

### २.१.१ कवितायात्रा र प्रवृत्ति

किशोरावस्थादेखि नै कविता रचनामा साधनारत उत्तमकृष्ण मजगैयाँ समसामयिक नेपाली कविताका २०२० को दशकपछिका कवि हुन् । पचास वर्षभन्दा बढी साहित्यिक यात्रामा बिताएका मजगैयाँलाई देशको सामाजिक, आर्थिक, राजनीतिक उतारचढावले अवश्य प्रभाव पारेको छ । समयको गतिसँगै मानिसका विचार भावना र तर्कहरूमा विविधता आउनु स्वाभाविक पनि हो । समयको माग अनि देशको परिस्थिति अनुरूप साहित्यिक व्यक्तित्वहरूमा पनि विभिन्न मोड तथा घुम्तीहरू देखापर्दछन् र सोहीअनुरूपका सिर्जनाहरू कोरिएका हुन्छन् । लामो समयसम्म कुनै पनि सर्जकले एउटै विशेषता तथा

प्रवृत्ति बोकेका साहित्यिक रचनाहरू सिर्जना गर्न सक्दैनन् । ती रचनाहरूमा केही न केही फरक प्रवृत्तिहरू भेटिन सक्छन् । यी नै कुराहरूलाई विचार गर्दै कवि मजगैयाँमा पाइने चरणगत विभाजनलाई यस शोधकार्यमा प्रस्तुत गरिएको छ ।

२०१७ सालबाट कविता यात्रा सुरु गरेका उत्तमकृष्ण मजगैयाँले पाँच दशक लामो साहित्यिक यात्रा पार गरेका छन् । यति लामो समयसम्म रचना गरेका उनका सिर्जनाहरूलाई एक ठाउँमा राखेर अध्ययन गर्दा अस्पष्टता हुने भएकाले उनका रचनामा पाइने विषयवस्तु शैली तथा प्रवृत्तिका आधारमा दुई चरणमा विभाजन गर्न सकिन्छ । सुरुदेखि २०५८ सालसम्मको समयावधिलाई पूर्वाद्ध चरण र २०५९ देखि हालसम्मको समयलाई उत्तरार्ध चरण गरी दुई चरणमा विभाजन गरिएको छ ।

### (क) **पूर्वार्द्ध चरण** (२०१९-२०५८)

वाल्यावस्थाबाटै बालकविताहरू सिर्जना गरेका उत्तमकृष्ण मजगैयाँले उमेरको गतिसँगै कविता लेखन शैलीमा पनि परिवर्तन गरी परिपक्वता हासिल गर्दै गइरहेका छन् । प्रारम्भमा बाल कविता लेखेका मजगैयाँले त्यसपछिका दिनहरूमा देशको राजनीतिक परिस्थितिले निम्त्याएको विवशतालाई विषयवस्तु बनाई कविताहरू लेखेका छन् । २०१७ सालपछिको पञ्चायती व्यवस्थाको विरोध गर्दै कविताहरू सिर्जना गरी सङ्ग्रहका रूपमा २०५४ सालमा **जयअवसरवाद** हास्यव्यङ्ग्य कवितासङ्ग्रह प्रकाशित गरेका छन् ।

त्यस्तैगरी उनको **तिमी नरहे देश डुब्न्याछ** (२०५६) कवितासङ्ग्रहमा भोका नाङ्गा गरीब असाहयहरूको पीडा व्यथलाई बेवास्ता गर्ने नेताहरू र सरकारी कामकाज लोभ मोह तथा राजनीतिक उथलपुथलप्रति तीखो व्यङ्ग्य गरेका छन् । मजगैयाँले **धरतीपुत्र** र **अपराजिता** खण्डकाव्यमा जातीय उत्पीडन, सामन्त वर्गले गर्ने शोषण दमन अन्याय अत्याचार र त्यसबाट पिल्सिएका निम्नवर्गीय पात्रमा सल्केको आगो अर्थात् विद्रोहको चित्रण गरेका छन् ।

कवि मजगैयाँका पूर्वाद्ध चरणमा प्रकाशित कृतिहरू निम्नानुसार छन् :

१) तब मात्र (२०२०) कविता

२) जय अवसरवाद (२०५४) कवितासङ्ग्रह

३)	तिमी नरहे देश डुब्न्याछ (२०५६) कवितासङ्ग्रह

४)	धरती पुत्र (२०५४) खण्डकाव्य

५)	अपराजिता (२०५६) खण्डकाव्य

साहित्य सिर्जनाको प्रारम्भिक चरणमा बालकविताहरू लेखेका उत्तमकृष्ण मजगैयाँले पछिल्ला दिनहरूमा देशको राजनीतिक, सामाजिक, आर्थिक विषमताप्रति चासो देखाएका छन् । पञ्चायतकालीन शासन व्यवस्थाको चर्को विरोध गर्दै कविताहरू सिर्जना गरेकाले उनका रचनालाई च्यात्ने काम समेत भएको छ । "पञ्चायत कालमा यी कविता मन पराइएनन् त्यसैले जनसम्पर्क अधिकारीद्वारा खोसिएका हुन्, प्र.जि.अ.द्वारा च्यातिएका हुन् ।" (मजगैयाँ, २०५४ : झ) यस अर्थमा पनि उनका कवितामा पञ्चायतकालीन शासन व्यवस्थाको चर्को विरोध गरिएको छ । देश र माटोप्रति अत्यन्तै माया एवम् श्रद्धा गर्ने मजगैयाँका रचनाहरू देशको सुशासन, सुव्यवस्था र उन्नति प्रगतिमा समर्पित छन् ।

चेतनहीन समाजलाई चेतना प्रदान गर्नका लागि मजगैयाँका कविताहरूले प्रेरणादायी भूमिका खेलका छन् । अतिशिष्ट, शालीन र इमानदारिता साथ तीखो व्यङ्ग्य गर्दै हाँस्य र व्यङ्ग्यका माध्यमबाट व्यङ्ग्य गर्ने काम यिनका कवितामा भएको छ । जेहोस् उनका पूर्वार्द्ध चरणका कविताहरू राजनीतिक आर्थिक र सामाजिक विषमताका सेरोफेरोमा केन्द्रित रहेका छन् । समग्रमा उनका पूर्वार्द्ध चरणका प्रवृत्तिहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१.	समाजका विकृति विसङ्गतिप्रतिको तीव्र विरोध,

२.	हास्यव्यङ्ग्यका क्षेत्रमा समस्यापूर्ति कविताहरू सृजना,

३.	फुटकर कवितादेखि खण्डकाव्यसम्मका कृतिहरूको रचना,

४.	राजनीतिक यथार्थको चित्रण र जातीय उत्थानमा जोड,

५.	नेता तथा राष्ट्रसेवक कर्मचारीमा मौलाउँदै गएको भ्रष्टचार विरोधी भावको अभिव्यक्ति,

६.	हास्यव्यङ्ग्यद्वारा विकृतिविसङ्गतिप्रति तीब्र व्यङ्ग्य

७.	सामाजिक, राजनीतिक तथा पौराणिक प्रतीकहरूको प्रयोग

८.	अत्यन्तै सहज सरल भाषाको प्रयोग,

९.	पद्यात्मकभन्दा गद्यात्मक कविताहरू लेखन ।

(ख) **उत्तरार्ध चरण** (**२०५९-हालसम्म**)

२०५९ सालमा प्रकाशित **बुद्धहरू मर्दैनन्** कवितासङ्ग्रहदेखि आजसम्मको समयावधि नै उत्तमकृष्ण मजगैयाँको उत्तरार्ध चरण हो । यस चरणमा **बुद्धहरू मर्दैनन्** शीर्षकको एउटा मात्रै कवितासङ्ग्रह र अन्य फुटकर कविताहरू विभिन्न पत्रिकामा प्रकाशित छन् । मजगैयाँले यस चरणमा आफूले देखेको र अनुभव गरेका विषयवस्तुलाई टिपेर कवितामार्फत अभिव्यक्त गरेका छन् । दश वर्षे सशस्त्र द्वन्द्व र यसले निम्त्याएको त्रास, सङ्कट र अशान्तिको चित्रण गर्दै दोस्रो चरणमा उनले धेरै फुटकर कविताहरू लेखेका छन् । त्यस्तैगरी २०५२ बाट २०५९ सम्मका घटनाहरू नजिकैबाट नियालेका मजगैयाँले भावविह्वल भई **बुद्धहरू मर्दैनन्** कवितासङ्ग्रह प्रकाशन गरेका छन् । उत्तरार्ध चरणमा मजगैयाँले काल्पनिकतालाई भन्दा वास्तविकताको सेरोफेरोमा रही कविताहरू सृजना गरेका छन् ।

उत्तरार्ध चरणमा मजगैयाँले अन्य विधालाई भन्दा कविता विधामा नै जोड दिई आफ्ना रचनाहरू प्रकाशित गरेका छन् । बीसको दशकबाट सुरु भएर साठीको दशकसम्म आउँदा उनका कविताहरू माझिएर खारिएर अझ बढी उत्कृष्ट बनेका छन् । यस चरणमा उनले थोरै साहित्यिक सृजनाहरू दिए तापनि गुणात्मकताका दृष्टिले उचाई भने प्राप्त गरेका छन् ।

मजगैयाँको उत्तरार्ध चरणमा प्रकाशित कवितासङ्ग्रह **बुद्धहरू मर्दैनन्** (२०५९) हो । यस कवितासङ्ग्रहमा जम्मा ३४ वटा कविताहरू समावेश गरिएको छ । यस सङ्ग्रहमा समावेश गरिएका सम्पूर्ण कवितामा तत्कालीन समयमा नेपालीहरूले भोग्नुपरेका डर, त्रास, क्षेभ र घृणाको चित्रण गरिएको छ । हरेक कविता पढ्दै जाँदा सबै पाठकलाई आफ्नै कथा, व्यथा र आफैँले भोगेका पीडाहरू हुन् की भन्ने महसुस हुन्छ । “कवितामा प्रयोग गरिएका शब्दहरूले आफ्नै गाउँ बोलेको अनुभूति हुन्छ भने कविता पढ्दा आफ्नै दुःख बढेको अनुभव हुन्छ ।” (कार्की, २०६१:४३) त्यसैले प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहित कवितात्मक विषयवस्तुले हरेक नेपालीको हृदय पगाल्छ र आँखा रसाउँछ ।

**बुद्धहरू मर्दैनन्** कवितासङ्ग्रहपछि भने मजगैयाँले फुटकर कविताहरू मात्रै सृजना गरेका छन् । उनका फुटकर कविताहरू राष्ट्रिय तथा स्थानीय पत्रिकामा प्रकाशित छन् । यी फुटकर कविताहरू पनि आफ्नो देश, देशको माया अनि देशमा भइरहेको बेथिति, अराजकता

राजनीतिक खिचातानी भ्रष्टाचार आदिको वर्णनमा केन्द्रित छन् । देशमा बढ्दै गइरहेको वेरोजगारी समस्याले युवा शक्ति बाहिरिनु पर्ने बाध्यात्मक अवस्थाको चित्रण गर्दै कविले आफ्ना फुटकर कविताहरू रचना गरेका छन् ।

उत्तमकृष्ण मजगैयाँका उत्तरार्ध चरणमा प्रकाशित कृतिहरू निम्नानुसार छन् :

| | | |
|---|---|---|
| १. | बुद्धहरू मर्दैनन् (२०५९) कवितासङ्ग्रह पत्रिका | |
| २. | रातारात (२०६२) (फुटकर कविता) | राप्तीदूत |
| ३. | म र मेरो देश (२०६८) (फुटकर कविता) | प्रवाह |
| ४. | म नेता (२०६८) (फुटकर कविता) | अन्तर्ध्वनी त्रैमासिक |
| ५. | बन्धु फर्केर आऊ (२०७२) | नवप्रज्ञापन |
| ६. | राष्ट्रको चिन्ता | जुनकीरी सञ्चार आदि । |

उत्तरार्ध चरणमा प्रकाशित माथि उल्लिखित कविताको आधारमा कवि उत्तमकृष्ण मजगैयाँका प्रवृत्तिहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. मानवीय चेतनायुक्त कविताको रचना,
२. हत्याहिंसाको विरोध गर्दै शान्ति स्थापनाको चाहना अभिव्यक्त,
३. सामाजिक विकृति विसङ्गतिहरूको यथार्थ रूपमा चित्रण गर्दै तिनीहरूको सामाजिक रूपमा बहिष्कार गर्न आग्रह,
४. विश्वजनित सार्वभौमकिताको चित्रण,
५. समयानुकूल परिवर्तनको चाहना,
६. हास्यव्यङ्ग्यात्मक कविताभन्दा अन्य कविताहरूको सृजना,
७. सङ्ख्यात्मक हिसाबले कम र गुणात्मकताका दृष्टिले उत्कृष्ट रचना पस्कनु,
८. सङ्कटग्रस्त मानवीय अस्मिताको जगेर्नातर्फ उन्मुख कविता सृजना,
९. शिष्ट, शालीन र सौम्य पाराले विकृतिप्रति व्यङ्ग्य
१०. छन्दोबद्ध कविताको बाहुल्य
११. विभिन्न विम्ब, प्रतीक र अलङ्कारको प्रयोग आदि ।

## २.२ समग्र विशेषता र योगदान

२०१७ सालबाटै साहित्यिक सिर्जनाहरू लेख्न थालेको बताउने उत्तमकृष्ण मजगैयाँले २०६३ सालसम्म आउँदा थुप्रै कृतिहरू प्रकाशन गरेका छन् । विशेषगरी उनले कविता र निबन्ध विधामा कलम चलाई सफलता हासिल गरेका छन् । साहित्यिक लेखनको उत्तरार्ध चरणमा कविता, खण्डकाव्य, निबन्ध र कथा समेत लेखे तापनि उत्तरार्ध चरणमा मजगैयाँले कविता मात्र लेखेका छन् । यसरी हेर्दा उनको साहित्यिक यात्राको पूर्वार्द्ध चरण सङ्ख्यात्मक र गुणात्मक दुवैका दृष्टिले उर्वर छ भने उत्तरार्ध चरण गुणात्मकताका दृष्टिले मात्र उत्कृष्ट छ । समग्रमा मजगैयाँका कवितात्मक विशेषतालाई बुँदागत रूपमा निम्नानुसारले उल्लेख गर्न सकिन्छ :

१. हास्यव्यङ्ग्य कवि तथा निबन्धकार,
२. समाजका विकृति विसङ्गतिको विरोध,
३. राजनीतिक कुव्यवस्थाप्रति विद्रोह,
४. आफ्नो देश, माटो र प्रकृतिप्रति स्नेह,
५. हत्याहिंसाको विरोध गर्दै तत्कालीन यथार्थको चित्रण,
६. गद्य र पद्य दुवै शैलमिा कविता रचना,
७. अत्यन्तै सरल, सहज र सरल भाषाशैलीको प्रयोग आदि ।

### २.२.१ कवितात्मक योगदान

दस एघार वर्षबाट कवितात्मक अभिव्यक्ति दिन थालेका उत्तमकृष्ण मजगैयाँले आजका दिनसम्म पनि निरन्तर रूपमा आफ्ना सिर्जनाहरू दिइरहेका छन् । कविताको समसामयिक धारामा उदाएका मजगैयाँले हास्यव्यङ्ग्यका क्षेत्रमा समस्यापूर्ति कविताहरू रचना गरेका छन् । अन्य स्रष्टाहरूभन्दा उनलाई फरक तुल्याउने विशेषता भन्नु नै शिष्ट एवम् शालीन भाषिक शैलीद्वारा हँसाइ-हँसाइ पाठकको मन जित्नु हो । सामाजिक विषयवस्तुको उठान गर्दै हरेक व्यक्तिका जीवनमा घटेका र घट्न सक्ने वास्तविकताको चिरफार गर्दै कविता रचना गर्नु उनको खुबी हो । जसले गर्दा उनका सृजनालाई पाठकले पढ्दा आफ्नै कथा व्यथाको चर्चा गरे जस्तो अनुभूति हुने गरेको छ ।

मोफसलमा बसेर अध्यापनका अतिरिक्त साहित्यिक सृजनाहरू रच्दै गरेका उत्तमकृष्ण मजगैयाँ समग्र मध्यपश्चिमाञ्चलका साहित्यिक पाठकहरूका मनमस्तिष्कमा बस्न सफल भएका छन् । काव्यकृतिका अतिरिक्त गद्य लेखनमा समेत सक्रिय मजगैयाँ मूलतः त्यस क्षेत्रका ढुकढुकी हुन् । आफ्नो गाउँठाउँमा प्रचलित जातिगत विभेदमाथि औँला उठाई त्यसको प्रतिकारका लागि स्वयं पीडकले नै विद्रोह र सङ्घर्ष गर्नुपर्ने तर्क राख्दै नारीहरू सचते रहनु पर्ने कुराको चित्रण उनका काव्य कृतिमा गरिएको छ । त्यस्तैगरी उनले आफूले देखेका र अनुभव गरेका सामाजिक, आर्थिक तथा राजनीतिक विकृतिहरूप्रति व्यङ्ग्य गर्ने काम पनि आफ्नो लेखन मार्फत गरेका छन् ।

मजगैयाँको योगदान मध्यपश्चिममा मात्र सीमित नरहेर समग्र राष्ट्रभरि महत्वपूर्ण रहेको छ । उनले समग्र नेपाली हास्यव्यङ्ग्य कविताका क्षेत्रमा आफ्नो लेखन क्षमता मार्फत उचाई प्राप्त गरेका छन् । समस्यापूर्ति हास्यव्यङ्ग्य कवितालाई पूर्णता दिने प्रयासमा लागेका मजगैयाँको योगदान पद्य र गद्य दुवै विधामा अतुलनीय रहेको छ । उनले कतै सोझै त कतै घुमाउरो पाराले व्यङ्ग्य गर्दै सुधारको चाहना राखेका छन् । त्यसले समग्र हास्यव्यङ्ग्यको क्षेत्रबाट कवि मजगैयाँलाई झिक्दा नेपाली काव्य क्षेत्र अपूर्ण रहन्छ ।

अत्यन्तै सरल र सहज भाषाको प्रयोगद्वारा आफ्नो लेखनमा कोमलता भर्न सिपालु कवि मजगैयाँका कविताहरू सामान्यभन्दा सामान्य पाठकले पनि बुझ्न सक्ने खालका छन् । उनका पछिल्लो चरणका कविताहरूमा अझ बढी निखारता आएको छ । साठीको दशकबाट कविता लेखनमा केही शिथिलता आए पनि फाट्टफुट्ट रचनाहरूले अत्यन्तै गहन भाव बोकेका छन् । विविध छन्दको प्रयोग गर्नुका साथै भाषामा निखारता र परिष्कृत लेखनले गर्दा पछिका कविताहरू अझ उत्कृष्ट बनेका छन् ।

## २.३ निष्कर्ष

उत्तमकृष्ण मजगैयाँ २०२० सालबाट आफ्नो कविता **तब मात्र** लेखेर कविता विधाबाट नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेका हुन् । उनले यो कविता ११ वर्षको उमेरमा लेखेको थिए । सानै उमेरबाट साहित्यिक क्षेत्रमा प्रवेश गरेका मजगैयाले कविता काव्यका साथसाथै निबन्ध र कथा विधामा पनि कलम चलाएका छन् । उनका हालसम्म तीनवटा

कवितासङ्ग्रह, दुईवटा खण्डकाव्य र केही फुटकर कविताहरू प्रकाशित भएका छन् । त्यस्तैगरी गद्यतर्फ तीनवटा निबन्धसङ्ग्रह र एउटा कथासङ्ग्रह प्रकाशित छ ।

मजगैयाँको साहित्यिक यात्रालाई पूर्वार्द्ध र उत्तरार्ध गरी दुई चरणमा विभाजन गरिएको छ । उनको २०२० देखि २०५८ सालसम्मको समयलाई पूर्वार्द्ध चरण र २०५९ देखि हालसम्मको समयलाई उत्तरार्ध चरण मानिएको छ ।

मजगैयाँको पहिलो चरणमा **जय अवसरवाद** र **तिमी नरहे देश डुब्न्याछ** दुईवटा हास्यव्यङ्ग्य कवितासङ्ग्रह रहेका छन् । **जय अवसरवाद** कवितासङ्ग्रहका कविले पञ्चायतकालीन राजनीतिक व्यवस्थाप्रति व्यङ्ग्य गरी अवसरको फाइदा उठाउने नेता कार्यकर्तालाई सचेतना दिने काम गरेका छन् । त्यस्तैगरी तिमी नरहे देश डुब्न्याछ कवितासङ्ग्रहमा सामाजिक र आर्थिक रूपमा मौलाउँदै गएको विकृतिप्रति व्यङ्ग्य गर्दै हरेक व्यक्तिलाई आफ्नो काम र कर्तव्यप्रति सजग बनाएका छन् ।

२०५९ सालदेखि हालसम्मको समयावधिलाई उत्तरार्ध चरण मानिएको छ । यस चरणमा एउटा मात्र **बुद्धहरू मर्दैनन्** शीर्षकको कवितासङ्ग्रह र अन्य फुटकर कविताहरू प्रकाशित छन् । उत्तरार्ध चरणमा प्रवेश गर्दै गर्दा मजगैयाँको हास्यव्यङ्ग्यात्मक पाटो केही ओझेलमा परेको छ । यस चरणमा उनले हत्याहिंसा, द्वन्द्व आदिले निम्त्याएको मानवीय त्रास सङ्कट आदिलाई विषयवस्तु बनाएका छन् । उनले आफ्नो देश र जनताप्रति अत्यन्तै सहानुभूति प्रकट गर्ने देशप्रेमी कविताहरू यस चरणमा रचना गरेका छन् । राजनीतिक तथा सामाजिक परिस्थितिको यथार्थ चित्रण गरी सुधारको चाहना राख्नु नै मजगैयाँको यस चरणको मुख्य विशेषता रहेको छ ।

अतः मजगैयाँको योगदान शैक्षिक क्षेत्रका साथसाथै साहित्यिक क्षेत्रमा अझ महत्वपूर्ण रहेको छ । हास्यव्यङ्ग्य साहित्यका क्षेत्रमा समस्यापूर्ति कविता तथा निबन्ध सृजना गरेर उनले नेपाली साहित्यकाशमा अतुलनीय योगदान पुऱ्याएका छन् । त्यस्तैगरी राजनीतिक तथा सामाजिक क्षेत्रमा रहेका विकृतिहरूको भण्डाफोर गर्दै हरेक व्यक्तिलाई सचेत बनाउने काम उनका सिर्जनाले गरेका छन् ।

# परिच्छेद : तीन

# उत्तमकृष्ण मजगैयाँको पूर्वार्द्ध चरणका कविता कृतिको विश्लेषण

## ३.१ विषयप्रवेश

कवि उत्तमकृष्ण मजगैयाँ (२००९) का २०२० देखि २०५८ सम्म प्रकाशित कविता कृतिहरूलाई पूर्वार्द्ध चरणमा राखी अध्ययन गरिएको छ । यस चरणमा उनका **जय अवसरवाद** (२०५४) र **तिमी नरहे देश डुब्न्याछ** २०५६ दुईवटा कवितासङ्ग्रह प्रकाशित छन् । यी दुवै सङ्ग्रह हास्यव्यङ्ग्यात्मक हुन् । प्रस्तुत दुवै सङ्ग्रहका चालिस चालिसवटा कविताहरू समावेश गरिएको छ । यी सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा हाँसोभन्दा पनि व्यङ्ग्यको प्रधानता रहेको छ । दुवै सङ्ग्रहमा सामाजिक तथा राजनीतिक क्षेत्रमा मौलाउँदै गएको विकृति विसङ्गतिप्रति व्यङ्ग्य गर्दै सुधारको अपेक्षा राखिएको छ ।

### ३.१.१ 'जय अवसरवाद' कवितासङ्ग्रहको विश्लेषण

कवि उत्तमकृष्ण मजगैयाँको पहिलो प्रकाशित कवितासङ्ग्रह **जय अवसरवाद** हो यस सङ्ग्रह २०५४ सालमा प्रकाशित भएको हो । २०२७ सालदेखि लेखिएका र विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका फुटकर कविताहरूलाई २०५४ सालमा आएर मजगैयाँले सङ्ग्रहका रूपमा प्रकाशनमा ल्याएका हुन् । चालीस वटा कविताहरू रहेको यस सङ्ग्रहमा विशेषगरी राजनीतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै लेखिएका कविताहरू समावेश गरिएका छन् । यो सङ्ग्रह हास्यव्यङ्ग्यात्मक कवितासङ्ग्रह हो । यसमा हाँसो भन्दा पनि बढी व्यङ्ग्यात्मक कविताहरू राखिएका छन् । "शोषण, दमन र अत्यचारको जरो उखेलेर सच्चा प्रजातन्त्रको स्थापना गर्न कटिबद्ध ती आदर्शवादी, त्यागी, तपस्वी, नीतिवान र चरित्रवान राष्ट्रभक्त सपुतहरू आज शहीदको सपनाकै जगमा आफ्नो गगनचुम्बी महल खडा गर्न व्यस्त छन् ।" (मजगैयाँ, २०५४ : ञ) त्यसैले यस सङ्ग्रहमा राजनीतिक दलको खोल ओढेर अवसरको फाइदा उठाउँदै व्यक्तिगत स्वार्थमा लिप्त राष्ट्रनायकहरूप्रति तीखो व्यङ्ग्य गरिएको छ ।

### ३.१.१.१ कृतिपरिचय

उत्तमकृष्ण मजगैयाँको प्रथम कवितासङ्ग्रह नै **जय अवसरवाद** हो । यो कवितासङ्ग्रह २०५४ सालमा लेखक सङ्घ दाङद्वारा प्रकाशन ल्याएको हो । चालीसवटा फुटकर कविताहरू समावेश गरिएको यस सङ्ग्रह ७१ पृष्ठको छ । बासु रिमाल 'यात्री' को समीक्षकीय मन्तव्यसहित यस सङ्ग्रह प्रकाशित भएको छ । प्रस्तुत सङ्ग्रहभित्र रहेको पैतीसौँ कविता जय अवसरवाद शीर्षकको कविताबाट सिङ्गो सङ्ग्रह नै नामाकरण गरिएको छ । प्रस्तुत शीर्षकले अवसरको फाइदा उठाउने स्वार्थी तथा अवसरवादी प्रवृत्तिप्रति व्यङ्ग्य गरेको छ ।

प्रस्तुत कवितासङ्ग्रमा कविले राजनीतिक अवसरवादीले गर्ने स्वार्थी प्रवृत्तिको कविताद्वारा व्यङ्ग्य प्रहार गरेका छन् । उनले यस सङ्ग्रहमा समाजमा नवीन चेतनाको बीजारोपन गर्नुपर्ने आशय व्यक्त गरेका छन् । प्रजातन्त्रको नाममा नेता तथा कार्यकर्ताले जनतामाथि गरेको थिचोमिचोप्रति औँला उठाउँदै सुधारको चाहना राख्ने उद्देश्य कविले लिएका छन् ।

यस सङ्ग्रहमा युग यस्तै छ, जननेता, पर्खाल, देश हेर्न चाहन्छन् उनी दुई टुक्रा, मलाई चिनेको हुनुपर्ने, काशी कुर्ने बुढा, म बेकार भएको मान्छे, धर्मको लागि, कुन ठूलो, हाँस्न मन लाग्छ, अनमोल वचन आँखा, ज्वलन्त प्रश्न, बहुमूल्य प्रस्ताव, साहित्य स्रष्टा, स्फटिकको माला ट्याब्लेटको मान्छे, ऐना बोल्छ, सपना नबाँट, अन्तरवार्ता, सुन्दरी पाँच टुक्रा, मध्यम घरको मान्छे म ठूलो म प्रेमदेखि अघाइसकेकु छु, नयाँ वर्ष, जागिर दुई कविता, प्रभात, नेताजीकी पत्नी, म बाइकट भएको छु, जिन्दावाद, हाम्रा पण्डित बा, एउटा ग्रहस्थको अरण्य-रोदन, जय अवसरवाद, कपाल फालें मेरा श्रीमान् विडम्बना, ऊ अर्कै भइसकेछ, र सात झिल्काहरू शीर्षकका कविताहरू रहेका छन् ।

### ३.१.१.२ विषयवस्तु

उत्तमकृष्ण मजगैयाँले आफ्नै आँखाले देखेका भोगेका र अनुभव गरेका विषयवस्तुलाई समेटी त्यसको केन्द्रीयतामा कविता रचना गरेका छन् । उनको यस **जय अवसरवाद** कवितासङ्ग्रहमा समावेश गरिएका सम्पूर्ण कविताहरू हास्यव्यङ्ग्यात्मक छन् ।

देशमा मौलाएको सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक विशृङ्खलताबाट उत्पन्न विविध घटनाक्रमलाई कविताको विषयवस्तु बनाइएको छ । प्रजातन्त्रको नाममा नेताले जनता र देशमाथि गरेको ताण्डव नृत्यलाई विषयवस्तु बनाइ कविले व्यङ्ग्यातमक ढङ्गले कविता प्रस्तुत गरेका छन् । यसको उदाहरण यसप्रकार छ :

फाँसी चढ्न तयार गर्धनमा
टाईको गाँठो कसिइसकेछ
अब त टन्न मोटाएर
निकै चिल्लो भइसकेछ ।

(ऊ अर्कै भइसकेछ, ६८) ।

उद्धृत कवितांशमा नेपाली वीरहरूको साहसीपनलाई लत्याएर आफ्नो व्यक्तिगत स्वार्थमा लिप्त नेताहरूलाई छेड हानिएको छ । आफ्नो देशका लागि प्राण त्याग्न पनि नडराउने ती वीरहरूले सत्तामा पुगिसकेपछि आफ्नै मोजमस्ती र अवसरवादी प्रवृत्ति देखाउने व्यक्तिहरूको खिल्ली उडाइएको छ । कुर्सीमा नपुगुन्जेल देश र जनताका हितमा चर्का चर्का भाषण गर्ने व्यक्तिहरू कुर्सी प्राप्त गरिसकेपछि आफ्नै गाला राता र आफ्नै पेट ठूलो बनाउने प्रवृत्तिको चित्रण माथिको कवितांशमा भएको छ ।

प्रस्तुत कवितासङ्ग्रहको शीर्षक **जय अवसरवाद** मा नै अवसरको फाइदा लुट्ने स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । त्यसैले कविताको शीर्षक प्रतीकात्मक छ । यसको उदाहरण यसप्रकार छ :

साम्यवाद कि समाजवाद
बेकार छ यो वादविवाद
कुनै मरोस् वा होस् बरबाद
बाँचिराखोस अवसरवाद ।

(**जय अवसरवाद** पृष्ठ ६१)

प्रस्तुत कवितांशमा राजनीतिक क्षेत्रमा पैदा भएको अवसरवादले सर्वसाधारण जनतामा उत्पन्न भएको नैराश्यताको चित्रण गरिएको छ । सर्वसाधारण जनताको भोटले

कुर्सी आसिन नेताहरू त्यहाँ पुगेपछि जनताका मागलाई बिर्सेर आफ्नो र आफ्नाको स्वर्थसिद्ध गर्नेतर्फ लाग्ने परिपाटीप्रति माथिको कवितांशले स्पष्ट पारेको छ ।

आफ्नो भनेको आफ्नै हो
नातागोता चिन्नु पऱ्यो
आफ्ना अनुयायीको संख्या
सकेसम्म बढी गन्नु पऱ्यो
कसैलाई जागिर कसैलाई टेन्डर
कसैलाई मन्त्र कसैलाई जन्तर
केही न केही त दिनै पऱ्यो ।
(युग यस्तै छ, पृ.३) ।

माथि उल्लिखित कवितांशमा पनि सत्तामा पुगिसकेपछि सत्ता नायकहरूले आफ्नो स्वार्थ पूरा गरिसकेपछि आफ्ना आसेपासे तथा नातेदारहरूको समेत जागिर ठेक्का पट्टा मिलाइदिने अवसरवादी कार्यप्रति व्यङ्ग्य गरिएको छ । जहानियाँ राणा शासनको अन्त्य गरी पञ्चायतकालीन शासन व्यवस्थालाई सामना गर्दै प्रजातन्त्रको अनुभूति गरिसकेका नेपाली जनताले अझै पनि स्वतन्त्रताको महसुस गर्न नपाएका तर्कहरू यस कवितामा आएका छन् । त्यसैले प्रस्तुत पङ्क्तिको भाव विगतदेखि वर्तमानसम्म एकनास रहेकाले अत्यन्तै समय सान्दर्भिक देखिन्छ ।

साना ठूला गरी चालीसवटा कविता समावेश गरिएको यस सङ्ग्रह राजनीतिक, सामाजिक तथा आर्थिक विषयवस्तुको उठान गरी लेखिएको छ । जसअन्तर्गत 'युग यस्तै छ' कवितामा नेताहरूको नातावाद र कृपावादले मौलाएको विकृत यथार्थको चित्रण गरिएको छ "जननेता कवितामा जनताको कुभलो गरे तापनि आफ्नो भलो हुने काम गरेकाले म जननेता हुँ भन्ने व्यङ्ग्य गरिएको छ । त्यस्तैगरी 'पर्खाल'लाई प्रतीक बनाएर जातीय असमानता, धर्म, साम्प्रदायिकता एवम् पाखण्डपनको धज्जी उडाएका छन्"। (काफ्ले, २०५५:२६) 'देश हेर्न चाहन्छन् उनी' शीर्षकको कवितामा देशलाई आफ्नो काँधमाथि राखेर जीवनको आहुती दिएका वीर शहिदहरूको आफ्नो सपनाअनुसारको देश हेर्न चाहेको विचार प्रस्तुत गरिएको छ ।

'बिडम्बना' शीर्षकको कवितामा राजनेताहरूको दुष्प्रवृत्ति र देशको दुर्गति प्रतिविम्बित छ भने समस्त नेपाली शिक्षित बेरोजगारहरूको पीडा बोकेको छ 'म बेकार भएको मान्छेले' । 'को ठूलो' भन्ने कवितामा मानिसका अङ्गप्रत्यङ्गको माध्यमले अभिमानी राजनेता टुक्रिएको छ भने 'अनमोल वचन'मा खोक्रो आडम्बर बोक्रे पण्डित्य अनि कृत्रिमताप्रति व्यङ्ग्य गरिएको छ । त्यस्तैगरी 'म प्रेमदेखि अघाइसकेकु छु' शीर्षकको कवितामा यौनको विषयवस्तुलाई उठान गरिएको छ भने विवाहित पुरुषको कारूणिक अवस्थाको चित्रण गरिएको छ 'एउटा गृहस्थको आरण्य रोदन' कवितामा । यसको उदाहरण यसप्रकार छ :

म धर्म हो गृहस्थको, भनेर व्यर्थ बाँधिएँ
रहेछ भास - पोखरी म कण्ठसम्म भासिएँ ।
एउटा गृहस्थको आरण्य-रोदन, पृ.६०

उद्धृत पङ्क्तिमा कुनै पनि व्यक्ति आफ्नो धर्म, संस्कृति र परम्परालाई धान्न वैवाहिक सम्बन्धमा गाँसिन्छ त्यसपछि उसका खुसी र स्वतन्त्रताका दिनहरू लुप्त भएर जान्छन् । रहन्छन् त केवल दुःखका दिनहरू मात्र भन्ने प्रसङ्ग उल्लेख गरिएको छ ।

अतः **जय अवसरवाद** कवितासङ्ग्रहमा कवि मजगैयाँले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विषयवस्तुमा आधारित कविताहरूद्वारा विविध क्षेत्रमा देखिएका विकृति विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

### ३.१.१.३ भाव वा विचार

**जय अवसरवाद** कवितासङ्ग्रहमा कवि उत्तमकृष्ण मजगैयाँले राजनीतिक, सामाजिक क्षेत्रमा रहेको बेथितिप्रति तीव्र व्यङ्ग्य गरेका छन् । विशेषगरी राजनीतिक क्षेत्रमा मौलाउँदै गएको अवसरवादी प्रवृत्तिलाई प्रष्ट्याउने कार्य यस सङ्ग्रहमा भएको छ । कविले हरेक नेपालीलाई आफ्नो व्यक्तिगत स्वार्थमा नलागी राष्ट्रिय हितमा लाग्न र समाजसेवी बन्न अभिप्रेरित गरेका छन् ।

त्यस्तैगरी कविले वर्तमान राजनीतिको विकृति विसङ्गतिबाट उत्पन्न समस्यालाई व्यङ्ग्य प्रहार गरी समाजमा नयाँ चेतनाको सञ्चार गर्नुपर्ने विचार व्यक्त गरेका छन् ।

"कविताहरू सामाजिक कुरीतिबाट ग्रसित मनस्थितिलाई आदर्श मनस्थितिमा परिणत गर्न सफल देखिन्छन् ।" (रेग्मी, २०५४:१८) त्यसैले मजगैयाँका कविताहरू गलत एवम् फोहोरी राजनीतिको खेलबाट उत्पन्न देश र जनताको दूर्दशालाई हटाउनका निमित्त प्रेरणादायी बनेका छन् । यसका उदाहरणहरूलाई तल प्रस्तुत गरिएको छ :

शहीदको सपना साकार पाछौँ
भाषण खास हुँदै थियो
तर कात्रोको अभावमा
भोकाको लाश रूँदै थियो
- (पाँच टुक्रा, पृ.४१) ।

प्रस्तुत कवितांशमा पञ्चायतकालीन शासन व्यवस्थाको अन्त्यका लागि जीवन बलिदान दिने शहीदको कारूणिक अवस्थाको चित्रण गरिएको छ । शहीदको सपनालाई साकार पाछौँ भन्दै आश्वासन बाँड्दै चर्को भाषण गर्ने नेताहरू गरीबप्रति उदासिन भएको प्रसङ्गलाई माथिको श्लोकले प्रष्ट पारेको छ । आफ्नो देशका लागि प्राणको आहुति दिने वीर शहीदहरूको अपमान गर्दै आफ्नो स्वार्थसिद्धिका लागि मात्रै मरिमेट्ने नेताज्यूहरूलाई माथिको कवितांशले व्यङ्ग्य गरेको छ ।

अर्को उदाहरण यसप्रकार छ :

गोरो - कालोको झगडा र
धर्म - संस्कृतिको रगडा पनि
यही पर्खाल नै
(पर्खाल, पृ.६) ।

प्रस्तुत कवितांशमा धनी र गरीबबीच रहेको विभेदलाई देखाउन खोजिएको छ । समाजमा जकडिएर रहेको उचनीचको भावना, धनी र गरीबबिचको खाडल र धर्म र संस्कृतिका बिचमा हुने बेमेलको स्थितिलाई 'पर्खाल'लाई प्रतीक बनाएर छर्लङ्ग बनाइएको छ । धनी वर्गले गरीब वर्गलाई गर्ने थिचोमिचो, शोषण आदि यही ठूलो पर्खाल अथवा विभेदले निम्त्याएको हो भन्ने भाव यस पङ्क्तिले व्यक्त गरेको छ ।

त्यस्तैगरी यस सङ्ग्रहमा रहेका अन्य कविताहरूमा पनि व्यङ्ग्य, प्रतीक र विम्बको संयोजन अत्यन्तै कलात्मक किसिमले गरिएको छ । कुनै कवितामा राष्ट्रिय पीडा ओकलिएको छ भने कुनै कवितामा मानवताको विचार अभिव्यक्त गरिएको छ। कतै अवला नारीको मार्मिक कहानी पाइन्छ भने कतै स्वयं लेखक साहित्यकार नै अन्योलमा छट्पटाएको अवस्था चित्रण गरिएको छ। यसको उदाहरण यसप्रकार छ :

राष्ट्र ! राष्ट्र ! जपी मात्र समस्या सकिने भए
अशान्ति किन फैलन्थ्यो ? को गर्थ्यो रोग-भोकले ?
भनिन्छ - यो देहको हत्या गरे भैरवले पनि
लक्ष्मीले, भूपिले लेखे - मरे रूग्ण तिमी पनि ?
(अन्तरवार्ता, पृ.३७) ।

प्रस्तुत कवितांशमा राष्ट्रमा भएका हत्या हिंसा आतङ्क छटपटीहरूको चिरफार गर्ने कार्य विभिन्न कालखण्डका साहित्यकारहरूले गरेको प्रसङ्ग उल्लेख गरिएको छ। मेरो राष्ट्र र म राष्ट्रभक्ति भनेर जप गर्दैमा अर्थात् बक्तै हिँड्दैमा राष्ट्रका समस्या समाधान हुँदैन भन्दै यसका लागि सबै राष्ट्रवासी दाजुभाइ दिदीबहिनीहरू मिलेर काम गर्नुपर्छ भन्ने भाव माथिको श्लोकमा अभिव्यक्त गरिएको छ । देश र जनताका हितमा लक्ष्मी, भूपि र अन्य-अन्य साहित्यकारहरूले लेख्ने गरेको प्रसङ्ग पनि माथिको कविताांशमा आएको छ।

अतः यस सङ्ग्रहमा सङ्ग्रहित सम्पूर्ण कविताहरूमा हास्यव्यङ्ग्यको आवरणभित्र वर्तमान परिवेशप्रति व्यङ्ग्य र विद्रोहको स्वर अभिव्यञ्जित गरिएको छ । सबै जसो कविताहरूमा अन्योलग्रस्त युगीन परिवेश, देशको दुर्गति र मान्छेको दुष्प्रवृत्ति, मानवअधिकारको हनन, सत्तासिनहरूको स्वार्थी प्रवृत्ति नै कविताको मूलभावका रूपमा अभिव्यक्त गरिएको छ।

### ३.१.१.४ सहभागी

**जय अवसरवाद** कवितासङ्ग्रहमा विभिन्न प्रकारका सहभागीहरू प्रयोग भएका छन् । जहाँ मान्छे, गाई, गधा, जननेता, उनी, शेषनाग, राजनेता, म, हिमाल, बुढा, साथीभाइ, साहु, पत्नी, सुकुमारी, पापी, भगवान, ढुङ्गा, जीव, ईश्वर, राम, पृथ्वी, जोगी, गरीब, सगरमाथा, डाइरेकटर, कवि, शैल, युवती, साहेब, कौवा, काग, मैयुर, सिल्ली, भिलेन, गुन्डा, वीरबहादुर,

काँतर, भिखारी, शेठ, भैंसी, प्रभात, ज्योतिष, श्रीमान्, श्रीमती, हामी, बाबु, आदि पात्रहरूको प्रयोग भएको छ । यसभित्र अनुकूल, प्रतिकूल, प्रमुख सहायक स्थिर, वर्गीय, व्यक्तिगत, नेपथ्य, मञ्चीय, बद्ध, मुक्त आदि अनेक प्रकारका पात्रहरको उपस्थिति रहेको पाइन्छ । प्रमुख पात्र कवितासँग पूर्ण सम्बन्धित रहेका छन् भने अन्य पात्रहरू प्रसङ्ग अनुसार आएका छन् ।

कवितामा सहभागीहरूको माध्यमद्वारा सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक क्षेत्रका उन्नतिको कार्य गर्न अभिप्रेरित गरिएको छ । समय परिस्थिति अनुसार नै कविता पात्रहरूको प्रयोग गरिएको छ । कवितामा जीव, कौवा, भैंसी, मयुर, काग जस्ता मानवेत्तर पात्रहरू पनि आएका छन् । त्यस्तैगरी ढुङ्गा, हिमाल, माटो, बादल जस्ता जड पात्रहरू प्रयोग भएको छ । कवितामा प्रयोग भएका सहभागीहरूको प्रस्तुतिलाई हेर्दा समसामयिक युग बोध र राष्ट्रियता सामाजिकता, शान्तिप्रेम जस्ता परिवेशको राम्रो चित्रण गर्न सक्ने क्षमता यिनीहरूमा रहेको पुष्टि हुन्छ । विभिन्न सहभागीहरू प्रयोग भएको उदाहरणलाई तल प्रस्तुत गरिएको छ :

बेलामौकामा ‘सिल्ली’ लाई
हजूर ! भन्न जान्नुपर्छ
सतहमै फैलेकोलाई
‘गजूर’ भन्न जान्नुपर्छ
‘यति’ मात्र होइन कागलाई पनि
‘मयुर’ भन्न जान्नुपर्छ ।

(जय अवसरवाद, पृ. ६१)

माथिको कवितांशमा सिल्ली, काग, मयुर जस्ता मानव र मानवेत्तर पात्रको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा समावेश गरिएका कविताहरूमा विविध सहभागीहरूको प्रयोग गरी तत्कालीन समयमा देखिएका राजनीतिक एवम् सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ ।

### ३.१.१.५ परिवेश

**जय अवसरवाद** कवितासङ्ग्रहमा राजनीतिक सामाजिक परिवेशको चित्रण पाइन्छ । यस सङ्ग्रहमा वर्णित परिवेशले कविताहरूलाई जीवन्तता प्रदान गरेका छन् । देश, काल र

वातावरणलाई विचार गर्दा कतिपय अवस्थामा कविताहरू रचना अवधिकै सेरोफेरोमा केन्द्रित देखिएको भए तापनि धेरै जसो रचनाले देशको बदलिंदो परिवेश, अवसरवादी सोच तथा प्रतिकूल परिस्थितिलाई नै चित्रण गरेको पाइन्छ । कतिपय कविताले स्थान र समय किटान गरेर नै भाव प्रस्तुत गरेका छन् भने कतिपयमा यस्तो अवस्था देखिदैन । यस सङ्ग्रहमा प्रयुक्त परिवेशको उदाहरणलाई तल प्रस्तुत गरिएको छ :

रातिको भोज, दिउँसोको भोज
आज यहाँ, भोलि त्यहाँ
मत भरिए पनि रोज-रोज
सित्तैको झोंझ बेसाएको छु ।

(सपना नबाँट, पृ. ३६)

उपर्युक्त कवितांशको अवसरको फाइदा लुट्ने अवसरवादी परिवेशको चित्रण गरेको छ । स्थानका रूपमा प्रयोग गरिएको यहाँ र त्यहाँले कुनै निश्चित ठाउँलाई मात्र नबुझाएर विविध ठाउँप्रति सङ्केत गरेका छन् । त्यस्तैगरी समयका रूपमा राति, दिउँसोको समयलाई सङ्केत गरिएको छ । स्थानका रूपमा प्रयोग गरिएको यहाँ र त्यहाँले कुनै निश्चित ठाउँलाई मात्र नबुझाएर विविध ठाउँप्रति सङ्केत गरेका छन् । त्यस्तैगरी समयका रूपमा राति, दिउँसोको समयलाई सङ्केत गरिएको छ ।

**जय अवसरवाद** कवितासङ्ग्रहमा देश काल र वातावरणको आधारबाट विभिन्न पक्षहरूको चित्रण गरिएको छ । यस सङ्ग्रहमा पञ्चायतकालीन समय र त्यसपछि आएको प्रजातान्त्रिक वातावरणको चित्रणसमेत गरिएको छ ।

### ३.१.१.६उद्देश्य

**जय अवसरवाद** कवितासङ्ग्रहका कवितहरू विविध उद्देश्यमा केन्द्रित छन् । सामाजिक विकृति तथा राजनीतिक असङ्गतिप्रति व्यङ्ग्य स्वच्छ र समुन्नत समाजको चाहाना, आर्थिक विषमताको विरोध र समानताको चाहाना, शहीदप्रति सम्मान भाव जस्ता उद्देश्यमा कविता केन्द्रित देखिएका छन् ।

कवितामा प्रस्तुत उद्देश्यको उदाहरणलाई यहाँ प्रस्तुत गरिएको छ :

शहीदको सपना साकार पाछौँ
भाषण खास हुँदै थियौ
तर कात्राको अभावमा
भोकाको लाश रुँदै थियो ।

(पाँच टुक्रा, पृ. ४१)

स्वार्थको निम्ति त्यस मान्छेले
गाई भारी गधा पोस्यो,
आफ्नो पाउ जमाउनलाई
निर्धोको जागिरै खोस्यो,
यो चाकरी र प्रशस्तिको युगमा
स्वाभिमानीको चुलो चिसो छ ।

(युग यस्तै छ, पृ. १)

प्रस्तुत कविताांशहरूमा नेताहरूको प्रवृत्ति, आर्थिक अभावमा भोकभोकै पिल्सिएका जनताहरूको दयनीय अवस्था तथा स्वार्थलिप्तमा केन्द्रित व्यक्ति तथा प्रवृत्तिप्रति व्यङ्ग्य गर्ने उद्देश्य रहेको छ ।

### ३.१.२ दृष्टिविन्दु

उत्तमकृष्ण मजगैयाँद्वारा रचित **जय अवसरवाद** कवितासङ्ग्रहमा प्रथम पुरुष दृष्टिविन्दु र तृतीय पुरुष दृष्टिविन्दु दुवैमा लेखिएका कविताहरू सङ्ग्रहित छन् । धेरैजसो कविताहरू तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएका छन् भने केही कविताहरू प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएका छन् ।

युग यस्तै छ, देश हेर्न चाहन्छन् उनी, दुई टुक्रा, काशी कुर्ने बुढा, हाँस्न मनलाग्छ, अनमोल वचन, ज्वलन्त प्रश्न साहित्य श्रष्टा, सपना नबाँट, सुन्दरी, पाँच टुक्रा, म ठूलो नयाँ वर्ष, जागिर दुई कविता, प्रभात, नेताजीको पत्नी, म बाइकट भएको छु, जिन्दावाद, हाम्रा पण्डित बा, जय अवसरवाद, मेरा श्रीमान, विडम्वना, ऊ अर्कै भइसकेछ, सात

झिल्काहरू, तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएका कविताहरू हुन् । त्यसको उदाहरण तल प्रस्तुत गरिएको छ :

दाँत उनका कोदालीपाते
लेउको पालिस टम्म
जुन छोयो त्यही हल्लने
तर अडेका अचम्म !
(मेरा श्रीमान्, पृ. ६५)

प्रस्तुत कवितांशमा कविले 'उनका' प्रयोग गरी श्रीमतीले आफ्ना श्रीमान्को रूपको नकरात्मक वर्णन गरेको प्रसङ्ग उल्लेख गरेका छन् । त्यसैले यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

त्यस्तैगरी प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएका कविताहरू जननेता, पर्खाल, मलाई चिनेको हुनुपर्ने, म बेकार भएको मान्छे धर्मको लागि, कुन ठूलो, आँखा, बहुमूल्य प्रस्ताव, स्फटिकको माला, ट्याब्लेटको मान्छे, ऐना बोल्छ, अन्तरवार्ता, मध्यम घरको मान्छे, एउटा गृहस्थको आरण्य रोदन, कपाल फालें आदि हुन् । प्रथम पुरुष दृष्टिविन्दुको उदाहरणलाई तल प्रस्तुत गरिएको छ :

म हिमाल भन्दा निकै अग्लो छु
एवम् गगन जत्तिकै अनन्त छु
आठौँ आश्चर्यको ठाउँमा
मलाई औंलामा गनेको हुनु पर्ने
तिमीले मलाई चिनेको हुनु पर्ने !
(मेरा श्रीमान्, पृ. ९)

माथि दिइएको कवितांशमा कविले प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गर्दै आफूलाई हिमालभन्दा अग्लो र गगनजस्तै अनन्त एवम् टाढा-टाढा फैलिएको विचार व्यक्त गरेका छन् ।

### ३.१.३ भाषाशैली

भाषाशैलीका दृष्टिले **जय अवसरवाद** कवितासङ्ग्रहमा सङ्ग्रहित सम्पूर्ण कविताहरू अत्यन्तै सरल र सहज छन् । अधिकांश कविताहरू गद्यात्मक छन् भने केही कविताहरू मात्र गीति लयमा लेखिएका छन् । भावपूर्ण भाषा तथा लालित्यपूर्ण शैलीका कारण यस सङ्ग्रहमा राखिएका कविताहरू अझ सुन्दर बनेका छन् । "कवितामा प्रयुक्त भाषाशैलीमा मेरो निजत्व छ, यसभित्र मैले शब्दकोश पल्टाएर साहित्यिक शब्दहरूको प्रयोग गर्ने दुःशाहस गरेको छैन, दुरूह र क्लिष्ट भाषा म आफैं बुझ्दैन के लेख्नु ?" (मजगैयाँ, २०५४ : ञ) यसर्थ सरलता, सरसता, सहजता तथा कोमलता जस्ता गुणले कविताहरू सामान्यभन्दा सामान्य पाठकले पनि सम्प्रेषण गर्ने खालका छन् । यसको उदाहरण निम्नप्रकार छ :

आफ्नो बैठक कोठामा उसले
घण्टौं कुरायो, भेटै दिएन
फुत्त निस्क्यो, मोटर चढ्थे
कता हरायो, फिर्दै फिरेन

(ऊ अर्कै भइसकेछ, पृ.६८) ।

प्रस्तुत कवितांशमा सोझो अथवा अभिधार्थको प्रयोग गरिएको छ । एउटा साथीलाई भेट्न गएको अर्को साथीले भेट नपाएर फर्केर आउनु पर्दाको पीडा यहाँ व्यक्त गरिएको छ । पद र प्रतिष्ठाले अहमता भरिएका साथीहरूले आफ्ना पुराना साथीलाई घण्टौंसम्म कुराएर मोटर चढी गई बेवास्ता गरेको प्रसङ्गलाई यहाँ सोझो रूपले व्यङ्ग्य गरिएको छ ।

अतः हास्य र व्यङ्ग्य मिश्रित शैलीद्वारा पाठकलाई हसाउँदै-हँसाउँदै तीखो वाणको प्रहार यस सङ्ग्रहमा गरिएको छ । परिष्कृत भाषा र सुललित शैली शिल्पका साथै उचित उपमा अनुप्रास आदि अलङ्कारको सिर्जनाले मजगैयाँका रचना उत्कृष्ट छन् । तद्भव, तत्सम, आगन्तुक र झर्रा शब्दहरूको प्रयोग गर्दै काव्यात्मक र आत्मपरक भाषाशैलीका माध्यमद्वारा कवितामा सम्प्रेषणीयता र हास्यव्यङ्ग्यातमकता थप्ने प्रयास मजगैयाँले गरेका छन् ।

कवितालाई सशक्त र भावलाई प्रबल बनाउने मुख्य साधन नै विम्ब-प्रतिक र अलङ्कार विधान हो । विम्ब प्रतीकले कविको अन्तदृष्टिलाई स्पष्ट पार्छ भने अलङ्कारले अझ सुन्दरता थपेको हुन्छ । कवितामा कविले कवितालाई सशक्त र भाव प्रबल बनाउन जीवन जगत्का विविध विम्ब, प्रतीकहरूको प्रयोग गरी आफ्ना अनुभूतिहरू व्यक्त गरेका छन् । प्रस्तुत सङ्ग्रहमा पनि कवि मजगैयाँले भिन्न-भिन्न विम्ब, प्रतीक र अलङ्कारको प्रयोग गरी कवितालाई अझ उत्कृष्ट बनाएका छन् ।

विम्ब सम्बन्धी उदाहरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

पुगेन खर्चले हरे ! न बाँच्नु भो, न मर्नु भो
सुधार होस् भनी पुरै गरैं प्रयास व्यर्थ भो ।
(एउटा गृहस्थको आरण्य - रादेन, पृ.६२) ।

प्रस्तुत पङ्क्तिमा आर्थिक अवस्थाको दयनीय स्थितिको चित्रण गर्दै समसामयिक यथार्थ विम्बको प्रयोग गरिएको छ । एउटा गृहस्थमा फसेका मध्यम वर्गका मानिसहरूले घर व्यवहार चलाउँदा आई पर्ने समस्याका बारेमा यहाँ चर्चा गरिएको छ । घर व्यवहारमा सुधार ल्याउन हर प्रयत्न गरे तापनि त्यो प्रयत्न विफल हुने भाव प्रस्तुत पङ्क्तिमा व्यक्त गरिएको छ ।

आँखामा बाक्लो पर्दा टाँसी
दिनलाई रात भन्न सकिएन
हुरी, गोली र आतङ्कलाई
क्या बात ! भन्नै सकिएन
(म बाइकट भएको छु पृ.५५) ।

प्रस्तुत श्लोकमा ढाँटछल र कपट गर्न नसक्ने व्यक्ति समाजबाट तिरस्कृत हुनुपर्ने तीतो यथार्थलाई बिम्बात्मक रूपमा प्रस्तुत गरिएको छ । इमानदार मानिसहरूले असत् कार्यलाई सत् भन्न र हत्या हिंसा एवम् आतङ्कलाई सही काम हो भन्न नसक्दा जिउनै गाह्रो हुने अवस्थाप्रति माथिको श्लोकमा सङ्केत गरिएको छ । यहाँ आँखामा लाग्ने बाक्लो पर्दालाई विम्बका रूपमा प्रस्तुत गरिएको छ ।

प्रतीकका उदाहरणहरू निम्नानुसार छन् :

म बाँझो धरती या
मरूभूमिको काकाकुल ?
मातृत्व-हक मृगतृष्णा भयो
ममता मेरो हृदय-शूल ?
- (मेरा श्रीमान् पृ.६७) ।

प्रस्तुत कवितांशमा बाझो धरतीलाई प्रतीकका रूपमा उभ्याएर मातृत्व हक गुमाएकी महिलाप्रति सहानुभूति प्रकट गरिएको छ । कुनै पनि महिलाले आफ्नो कोख बाँझो भएको सहन सक्दैनन् तर पनि उनीहरूको विवशताले गर्दा कोख बाँझै राख्नुपर्छ भन्ने भाव यस श्लोकमा व्यक्त गरिएको छ । मरूभूमि जस्तो उजाड र निरस दिनहरू बिताउन पर्दाको निराशावादी दृष्टि यस कवितामा व्यक्त गरिएको छ ।

व्यय धान्न भयो धौ धौ, बोझ भारी पछिल्तिर
सुरसा मुख बाएर उभिएकी अघिल्तिर !
- (बिडम्बना, ६५) ।

माथिको पङ्क्तिले आर्थिक विपन्नताको दयनीय अवस्थालाई चित्रण गरेको छ । यहाँ आर्थिक व्यय धान्न कठिन भएको अवस्थामा मुख ठूलो बनाएर बसेकी सुरसालाई राक्षसनीको प्रतीकका रूपमा उभ्याइएको छ । परिवारका न्यूनतम आवश्यकता पनि पूरा गर्न धौ धौ परेको अवस्थामा झनै धेरै खाने राक्षसनी ठूलो मुख बनाएर बसिदिदाको पीडा यहाँ व्यक्त गरिएको छ ।

अलङ्कारको सोझो अर्थ गहना हो । गहनारूपी अलङ्कारले कवितालाई सजाउँदा अझ सौन्दर्यता थपिन्छ । "कवितामा अलङ्कारले भाषा तथा अर्थको सौन्दर्यलाई प्रखर तुल्याई दिन्छ र शब्द एवम् अर्थमा चमत्कार उत्पन्न गर्न तथा कविताको सौन्दर्यमा अभिवृद्धि गरी लयात्मकताको सृजना गर्न पनि अलङ्कारको विशेष भूमिका देखिन्छ ।" (गौतम, २०६६ : ५७३) अलङ्कार पनि शब्दमा चमत्कार उत्पन्न गर्नेलाई शब्दालङ्कार र अर्थमा चमत्कार उत्पन्न गर्नेलाई अर्थालङ्कार गरी दुई प्रकारका हुन्छन् । यस

कवितासङ्ग्रहमा पनि दुवै प्रकारका अलङ्कारको प्रयोग गरिएको छ । जसको उदाहरणलाई निम्नानुसारले चर्चा गरिएको छ :

प्रशंसाका शब्द सुनेर उनको
घिरौंला झै फुर्ने नाक
(मेरा श्रीमान्, पृ.६६) ।

प्रस्तुत पङ्क्तिमा प्रयुक्त घिरौंला झैँ फुर्ने नाकमा उपमा अलङ्कारको प्रयोग गरिएको छ । यहाँ नाक र घिरौंलाको आकारलाई तुलना गरी श्रीमानको प्रशंसा गरिएको छ । त्यसैले यो पङ्क्तिमा उपमा अलङ्कारको प्रयोग गरिएको छ ।

आ गिर पाउमा झुक्
पालतु कुकुर झैँ भुक्
रगत थुक्, केही सुक्
हुन्छ हुन्छ, पख रूक् !
- (जागिर दुई कविता, पृ.४९) ।

उद्धृत कवितांशमा हरेक पाउको अन्तिम क्रियामा झुक्, भुक्, सुक् र रूक् क्रियाको आवृत्तिमूलक प्रयोग गरी शब्दालङ्कारका रूपमा अन्त्यानुप्रासको प्रयोग गरिएको छ । त्यसैले प्रस्तुत श्लोकमा शब्दालङ्कारको प्रयोग भएको छ ।

यसरी मजगैयाका **जय अवसरवाद** कवितासङ्ग्रहभित्रका कविताहरूमा विविध प्रकारका दृष्टिविन्दु, भाषाशैली तथा विम्ब, प्रतीक र अलङ्कारको प्रयोग गरिएको छ । यी सम्पूर्ण विविधताले गर्दा यस सङ्ग्रह अझ बढी गहन एवम् गाम्भीर्य बनेको छ ।

### ३.१.४ 'जय अवसरवाद' कवितासङ्ग्रहको प्रवृत्तिगत विश्लेषण

कवि उत्तमकृष्ण मजगैयाँको मुख्य प्रवृत्ति नै समाजका विविध क्षेत्रमा देखिएका विकृतिहरूप्रति व्यङ्ग्य गर्नु हो । उनले आफूले देखेका र भोगेका विसङ्गतिहरूप्रति औंला उठाई कतै हाँसो मार्फत त कतै व्यङ्ग्यमार्फत् व्यङ्ग्य गरेका छन् । पञ्चायतकालीन शासन व्यवस्थामा जनताले खेप्नु परेको सास्ती र प्रजातन्त्रको आगमन भईसकेपछि पनि सर्वसाधारण व्यक्तिले सहनु परेका विविध व्यवधानहरूको चित्रण **जयअवसरवाद**

कवितासङ्ग्रहमा भएको छ । अनेक दुःख कष्ट गरेर ल्याएको प्रजातन्त्रको अवमूल्यन गर्ने नेताहरूको कुप्रवृत्ति, कुचलन र ज्यादतिपूर्ण कार्यको खण्डन गर्ने काम यस सङ्ग्रहमा भएको छ । "युगीन अस्वस्थ प्रतिस्पर्धात्मक परिवेश, चरम, अवसरवादिता, नैतिकता र इमानदारीताहीन अवस्थाप्रति व्यङ्ग्य गरिएका यिनका कवितामा खासगरी आफूले भोगेका युगीन राजनीतक विकृतिमाथि व्यङ्ग्य प्रहार गरिएको पाइन्छ ।" (लुइटेल २०६०:३६४) मजगैयाँले जनताको नाम बेचेर माथि उठी व्यक्तिवादी बन्न पुगेका राजनीतिक व्यक्तिहरूका विकृत र असङ्गत व्यवहार भ्रष्टचार, दुराचार नैतिकताहीन तथा शहीदहरूको अपमानप्रति तीखो व्यङ्ग्यवाण हानेका छन् ।

यसरी विविध क्षेत्रमा देखिएका विसङ्गत पक्षको विश्लेषण यस सङ्ग्रहमा गरिएको छ । समाजमा देखिएका विकृति विसङ्गतिहरूको चिरफार गर्नुका साथै राजनीतिक खिचातानी अनि आर्थिक विषमताको चित्रण यस सङ्ग्रहमा गरिएको छ । समग्रमा यस सङ्ग्रहमा व्यक्त गरिएका राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा देखापरेका विकृति विसङ्गतिहरूको चित्रण निम्नानुसारले गरिएको छ ।

### ३.१.४.१ राजनीतिक विकृति विसङ्गतिप्रतिको व्यङ्ग्य

**जयअवसरवाद** कवितासङ्ग्रहमा अधिकांश कविताहरू राजनीतिक विषयसँग सम्बन्धित रहेका छन् । यसमा राजनीतिक परिवेशका आधारमा मौलाउँदै गएको अवसरवादी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । यस सङ्ग्रहमा सत्ता लोलुपता र सत्ता मोहले लालयित नेताहरू सत्ता पछाडि हुँदा विभिन्न आश्वासन बाँड्ने र सत्तामा पुगेपछि जनताका आश्वासनलाई पैतलामुनि राखी आफ्नो स्वार्थ पूरा गर्ने परिपाटीको चर्को विरोध गरिएको छ । "कविले प्रजातन्त्रका नाममा हुने गरेका नग्न ताण्डव नृत्य तथा नेताहरूका विकृत आचरणलाई प्रस्तुत गरी तिनीहरूप्रति व्यङ्ग्यवाण होनका छन् ।" (लुइटेल, २०६०:३६४) मजगैयाँले जनताको मतलाई अपमान गर्दै स्वार्थी बन्न पुगेका राजनीतिक व्यक्तिहरूको विकृत र असङ्गत व्यवहारप्रति तीखो व्यङ्ग्य गरेका छन् । उनको 'युग यस्तै छ' कवितामा जुनसुकै शासन व्यवस्था आए पनि चर्कोचर्को भाषण गर्ने तर सिन्को पनि नभाँच्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । त्यसको उदाहरणलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

शक्ति पाई मञ्च थर्काई
दुई-चारओटा भाषण छाँटी
प्रतिद्वन्दीतिर विष ओकली
शान्तिको मृदु शब्द सुसेली ।
(युग यस्तै छ, पृ.२) ।

उद्धृत कवितांशमा जनताद्वारा मत पाइसकेपछि नेताहरू शक्ति सम्पन्न भई दोष जति सबै प्रतिद्वन्द्वीलाई लगाएर आफू चोखा शान्तिप्रेमी हुन्छन् भन्ने भाव अभिव्यक्त गरिएको छ । आफू सत्तासिन भइसकेपछि चर्को-चर्को भाषण छाँटी आफ्ना कर्तुतहरू सबै लुकाउने र प्रतिपक्षले केही काम गर्न दिएनन् भनी दोषारोपण गर्ने राजनीतिक नेताहरूको स्वभावलाई माथिको श्लोकले व्यक्त गरेको छ । आफ्ना मुखबाट सदैव शान्ति, सद्भाव र विकासका कुरा बक्ने नेताहरू, विकासका नाममा सिन्को पनि नभाँच्ने तर चर्का भाषण भने छाँटिरहने स्वभावको चर्चा माथिको कवितांशमा गरिएको छ ।

के गर्ने जननेता बनेँ
सामु विकट समस्या छन्
यिनको हल होला नहोला
मोटर खुब कुदाएको छु ।
(जननेता, पृ.४) ।

प्रस्तुत कवितांशमा पनि जनताको अभिमत पाएर सत्तामा पुगेका नेताज्यूहरूले जनताको समस्या समाधानमा नलागी आफ्नै स्वार्थ पूरा गरेको भाव व्यक्त भएको छ । जनतासँग भएका विविध समस्याको समाधान हुने नहुनेमा आशङ्का व्यक्त गर्दै आफ्नो मोटर कुदाउने रहर भने पूरा गरेको नेताज्यूको अभिव्यक्तिप्रति यहाँ तिक्तता प्रकट गरिएको छ ।

पति जापानका कुरा गर्छन्
यिनी जापानी सारीका
पति रूसका कुरा गर्छन्
यिनी रसियन गाडीका

पति संस्कृतिका कुरा गर्छन्
यिनी आधुनिक नारीका
(नेताजीकी पत्नी, पृ.५२) ।

प्रस्तुत कवितांशमा नेताहरूलाई कुकर्मतिर डोऱ्याउन उनका श्रीमतीको पनि महत्वपूर्ण हात हुन्छ भन्ने कुरा प्रष्ट्याउन खोजिएको छ । नेताज्यूहरूले देश र जनताका हितमा काम गर्नुभन्दा पनि आफ्नै परिवारका वैयक्तिक चाहनाहरू पूरा गर्ने तर्फ ध्यान दिएको कुरा माथिको कवितांशले व्यक्त गरेको छ । काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भन्ने उखानलाई चरितार्थ पार्ने खालको प्रवृत्ति नेताका पत्नीहरूमा हुन्छ भन्दै यसले गर्दा नेताहरूको छवि बिग्रिएको हो भन्ने प्रसङ्गलाई माथिको कवितांशले प्रष्ट पारेको छ ।

विश्वास गुमिसेको छ अब,
फोस्रो भाषण नछाँट
अति भयो आश्वासन !
भो, अब नढाँट !
सपना नबाँट ।
(सपना नबाँट, पृ.३६) ।

प्रस्तुत कवितांशमा प्रजातन्त्रको आगमन भइसके पनि जनताका इच्छा चाहनाहरू कुण्ठित भएकाले उनीहरूमा पैदा भएको निराशता प्रकट गरिएको छ । ठूलो क्रान्ति गरेर ल्याएको प्रजातन्त्रमा आफ्नो मात्र स्वार्थ पूरा गर्ने व्यक्तिवादी नेताहरूप्रति जनताहरूको विश्वास गुमिसकेको भाव माथिको श्लोकमा व्यक्त गरिएको छ । फोस्रा सपना पूरा गर्ने झुटो आश्वासन बाँडेर जनतालाई झुक्याउने नेताहरूको स्वभावप्रति व्यङ्ग्य गर्दै अब यस्ता झुटा आश्वासन र सपना बाँड्ने काम नगर भन्ने उद्घोष माथिको कवितांशमा गरिएको छ ।

देशभन्दा पार्टी ठूलो
पार्टीभन्दा नेता ठूलो
भार थाम्ने कसरी हो

शिरभन्दा फेटा ठूलो ।

(म ठूलो पृ.४४) ।

उद्धृत कवितांशमा आफ्नो देश र जनताभन्दा कुनै पार्टी विशेषका नेताहरू नै सर्वेसर्वा हुन् भन्ने विचारप्रति व्यङ्ग्य गरिएको छ । देशको औकात र हैसियतलाई बिर्सेर आफ्नो लागि मात्र सुविधा बढाउने नेताहरूका कारण देशले भार थाम्न नसकी लड्ने स्थितिमा पुगेको सन्दर्भ पनि यस कवितांशमा व्यक्त गरिएको छ । जसरी शिरभन्दा फेटा ठूलो भयो भने शिरले धान्न नसकेर पल्टन्छ । त्यसैगरी राष्ट्रको स्थितिभन्दा ठूलो आकाङ्क्षा राखियो भने पनि त्यो दुर्घटित हुन्छ भन्ने सन्देश माथिको कवितांशले अभिव्यक्त गरेको छ । यसरी कवि मजगैयाँले आफ्ना विभिन्न कवितामार्फत राजनीतिक क्षेत्रमा देखिएका विकृतिहरूप्रति व्यङ्ग्य गरेका छन् ।

### ३.१.४.२ आर्थिक विषमताप्रति व्यङ्ग्य

उत्तमकृष्ण मजगैयाँले तात्कालिक समयमा देखेका र भोगेका आर्थिक समस्याहरूलाई विषयवस्तु बनाई केही कविताहरू रचना गरी यस सङ्ग्रहमा राखेका छन् । उनीद्वारा रचित कविताहरूमा कतै पठित वेरोजगार युवाहरूको दयनीय अवस्थाको चित्रण गरिएको छ भने कतै नेपाली युवाहरू आफ्नो सहज रोजीरोटीका लागि विदेशी भूमिमा पसिना बगाएका कुराहरूको चित्रण गरिएको छ । मध्यम स्तरका मानिसहरूको दिनचर्या अत्यन्तै टिठलाग्दो भएकाले आर्थिक व्यय धान्न कठिन भएका कविताहरू पनि कविले राखेका छन् । आर्थिक विषमताप्रति व्यङ्ग्य गरिएका कविताका केही उदाहरणहरू निम्नानुसारले उल्लेख गरिएको छ :

निवास छैन पासमा बहालमा छ जिन्दगी
न जायदात, भूमि नै फगत छ एक नोकरी
यता बढ्यो तलब, उता बढेर मूल्य चर्कियो
किनेर खानु बाध्यता ! गरीब त्यो हतारियो ।    (ज्वलन्त प्रश्न, पृ.२५) ।

माथि उल्लिखित पङ्क्तिमा एउटा इमानदार कर्मचारीलाई आफ्नो जीवन गुजारा गर्ने क्रममा आई पर्ने समस्याप्रति सङ्केत गरिएको छ । नेपालको महङ्गी दिनानुदिन बढ्दै जानु अनि सिधासाधा बहालवाला कर्मचारीले तलबका भरमा गुजारा गर्दा आई पर्ने समस्याका

बारेमा यहाँ चर्चा गरिएको छ । न्यूनतम तलब बढाएका भरमा व्यापारीले चर्को मूल्य वृद्धि गर्दा घरबारविहीन कर्मचारीको दिनचर्या अत्यन्तै कष्टकर हुने तीतो यथार्थको अभिव्यक्ति माथिको श्लोकमा व्यक्त गरिएको छ ।

सर्टिफिकेटको मुठो बोकेर
विभिन्न अफिस वा मन्त्रालयहरूको
ढोका चाहार्ने मान्छे,
म बेकार भएको मान्छे ।
(म बेकार भएको मान्छे, पृ.१३)

उद्धृत कवितांशमा वेरोजगार शिक्षित वर्गको दयनीय स्थितिलाई विषयवस्तु बनाइएको छ । सर्टिफिकेटको मुठो बोकेर सबै मन्त्रालय र अफिसहरूको ढोका चाहार्दा पनि कुनै रोजगारी नमिलेपछि शिक्षित युवाहरूमा पलाएको नैराश्यताका बारेमा यहाँ चर्चा गरिएको छ । जागिर पाउनका लागि सर्टिफिकेटको कुनै मूल्य हुँदैन, यसका लागि त केवल चाकडी चाप्लुसी चाहिन्छ भन्ने तीतो यथार्थको प्रकटीकरण यहाँ गरिएको छ । यसरी शिक्षित युवाहरू नै वेरोजगार भएर बेकारको जिन्दगी जिउनु परेको बाध्यात्मक स्थितिको चित्रण गर्नु नै यस कविताको मुख्य उद्देश्य हो ।

आधा पेट, आधा नाङ्गो
छैन रहस्यमय, सधै उदाङ्गो
आश्रित - निराश्रित स्तरको
म मान्छे मध्यम घरको
(मध्यम घरको मान्छे पृ.४३) ।

प्रस्तुत कवितांशमा मध्यम वर्गका मानिसको कठिन दिनचर्यालाई अभिव्यक्त गरिएको छ । मध्यम वर्गीय व्यक्तिले आफ्नो इज्जत प्रतिष्ठालाई पनि बचाउनु पर्ने र समाज देश सुहाउँदो भइ हिँड्नु पर्ने भएकाले दोहोरो चेपुवामा परेको वास्तविकतालाई यस कवितांशमा व्यक्त गरिएको छ । यस कवितांशमा मध्यम वर्गका मानिसहरूले आधा पेट खान र एकसरो लगाउन पनि धौ-धौ हुने भएकाले सधैँ अभावको जिन्दगी बाँच्नु पर्ने युगीन यथार्थलाई व्यक्त

गरिएको छ । अतः कहिले आश्रित त कहिले निराश्रित जीवन बाँच्न बाध्य मध्यम वर्गका मानिसहरूको दयनीय अवस्थाको चित्रण माथिको कवितांशमा गरिएको छ ।

मेरो इज्जत कति ठूलो ! म नदी तँ खहरे
हाम्रो थियो हजार बिघा, तँ त जाबो टपरे
तेरो मेरो केको दाँजो ? तँ पित्तल म सुन
मेरा बाले घिउ खाए मेरो हात सुँघ ।
(मध्यम घरको मान्छे, पृ.४२) ।

प्रस्तुत श्लोकमा धनी वर्गले गरीब वर्गलाई गर्ने वर्गीय विभेदप्रति व्यङ्ग्य गरिएको छ । सम्पन्न र सम्भ्रान्त मानिएका ठूला ठालु साहु महाजनले गरीब गुरुवालाई गर्ने अपहेलना र तिरस्कारको चर्चा माथिको पङ्क्तिमा गरिएको छ । हजारौँ विघाका धनी महाजनहरूले आफूलाई बहुमूल्य ठानी अरूलाई तुच्छ ठान्ने सङ्कीर्ण विचारको चर्चा माथिको श्लोकमा गरिएको छ ।

यसरी मजगैयाँले **जय अवसरवाद** कवितासङ्ग्रहमा विभिन्न कवितामार्फत राजनीतिक एवम् आर्थिक रूपमा मौलाउँदै गएको विकृति र विसङ्गतिको व्यङ्ग्यात्मक चित्रण गरेका छन् । यिनै कवितामार्फत समाज एवम् राजनीतिज्ञहरूलाई सचेत बनाउने काम पनि कविले गरेका छन् ।

## ३.२ 'तिमी नरहे देश डुब्न्याछ' हास्यव्यङ्ग्य कवितासङ्ग्रहको विश्लेषण

२०५६ सालमा प्रकाशित उत्तमकृष्ण मजगैयाँको दोस्रो प्रकाशित कवितासङ्ग्रह **तिमी नरहे देश डुब्न्याछ** मा चालीसवटा कविताहरू रहेका छन् । यस सङ्ग्रहलाई भैरव पुरस्कार गुठी जोरपाटी, काठमाडौंले प्रकाशनमा ल्याएको हो । जम्मा ६८ पृष्ठको यस सङ्ग्रह दुर्गाप्रसाद भण्डारीको भूमिका अनि रोचक घिमिरेको प्रकाशकीय लेखले अझ उत्कृष्ट बनेको छ । आयामका दृष्टिले यस सङ्ग्रहका कविताहरू कुनै छोटा र कुनै मध्यम किसिमका छन् । यस सङ्ग्रहमा समावेश गरिएका कविताहरू मधुपर्क, अभिव्यक्ति, रचना, नयाँ युगवोध, सरयु, अन्तर्ध्वनी, गुञ्जन आदि पत्रिकामा प्रकाशित भइसकेका छन् । यस सङ्ग्रहका धेरै जसो कविताहरू मुक्त लयमा रचिएका छन् भने केही कविताहरू मात्र बद्ध लयमा संरचित

छन् । बद्धलयअन्तर्गत गीति लय, पञ्चचामान, मातृक, मन्दाक्रान्ता आदि छन्दमा रचिएका कविताहरू यस सङ्ग्रहमा राखिएका छन् ।

### ३.२.१ कृतिपरिचय

उत्तमकृष्ण मजगैयाँको दोस्रो हास्यव्यङ्ग्य कवितासङ्ग्रहको नाम **तिमी नरहे देश डुब्न्याछ** राखिएको छ । उनको यस सङ्ग्रहमा सङ्ग्रहित सैतीसौँ कविताका रूपमा रहेको **तिमी नरहे देश डुब्न्याछ** कविताले नै प्रतीकात्मक तथा व्यङ्ग्यात्मक अर्थ वहन गरेको छ । यस सङ्ग्रहमा मजगैयाँले नेपाली समाजमा देखापरेका विभिन्न विकृति र विसङ्गतिलाई लक्षित गर्दै व्यङ्ग्यात्मक रूपमा तीव्र आक्रोश पोखेका छन् । यस सङ्ग्रहका कवितामा हाँस्यभन्दा पनि व्यङग्यात्मकता बढी मुखरित भएको छ ।

'तिम्रा घाउ र मेरा कविता'देखि 'केही खित्का केही छेस्का'सम्म लामा छोटा गरी जम्मा चालीसवटा कविताहरू यस सङ्ग्रहमा रहेका छन् । मजगैयाँले यी कविताहरूमा हरेक क्षेत्रमा देखिएका कुकर्म र कुसंस्कारहरूप्रति औँला उठाएका छन् । उनले भिन्न-भिन्न विषयवस्तुको उठान गरी सामाजिक, आर्थिक, राजनीतिक, पारिवारिक र समाजका आडम्बरी प्रवृत्तिप्रति तीक्ष्ण व्यङ्ग्य प्रहार गरेका छन् । उनले देशका लागि जीवन बलिदान दिने सपुतहरूको सपनालाई कुल्चेर व्यक्तिगत स्वार्थसिद्धि गर्ने कपुतहरूप्रति व्यङ्ग्यद्वारा घृणा व्यक्त गरेका छन् ।

प्रस्तुत सङ्ग्रहमा तिम्रा घाउ र मेरा कविता, पाषण बुद्ध, तिमी कवि होइनौ, भोक र भगबान, सहर र मान्छे, छोरालाई अर्ती, झोली भरून, बूढो कुकुरको आत्मकथ्य, बडाको बकपत्र, मित्र-दुई चित्र, शिक्षक, आश्वस्त मूर्च्छना, लेखनी तरबार बन्दैछ, भोक र कविता, हाम्रा प्यारा नेताजी, दाइजो विरोधी, अठोट, नेपाल हेर्न विदेश जाऔँ, तँ तँ मँ मँ, चुनाव आउँदैछ हजुर, तुष्टि, विडम्बना, गाली, नयाँ प्रयोग, तीन टुक्रा, एक प्रसङ्ग दुई अभिव्यक्ति, प्रश्न (१), प्रतिप्रश्न (२), मृत्युद्वार, के चाहन्छौ ? गजब छ बा ! विकास दान दे, शरणार्थी भाइहरूलाई चिठी, यहाँ यस्तै छ हजुर, भ्रष्टचार समाप्त गर्ने रे, आघौँ साल, तिमी नरहे देश डुब्न्याछ, ऐनाभित्रको प्रतिविम्ब, बाबु हराएको सूचना, केही खित्का केही छेस्का शीर्षकका जम्मा चालीसवटा कविताहरू राखिएका छन् ।

### ३.२.१.१ विषयवस्तु

उत्तमकृष्ण मजगैयाँले समाज एवम् जीवन जगतमा आफ्ना आँखाले देखे अनि भोगेका र अनुभव गरेका विषयवस्तु टिपेर त्यसकै केन्द्रीयतामा कविता रचना गरेका छन् । उनले सामाजिक, आर्थिक, राजनीतिक, पारिवारिक आदि विविध क्षेत्रलाई समेटी कविताहरू रचना गरेका छन् । "समाजमा विद्यमान विकृति र विसङ्गति विपर्यास र मान्छेका द्वैध चरित्रलाई नै विषयवस्तु बनाएर लेखिएका छन् यी कविता पनि ।" (मजगैयाँ, २०५६ : पृ.ज) समाजमा द्वैध चरित्र देखाउने सम्पूर्ण क्षेत्रका मानिसहरूमा व्यङ्ग्य गर्दै केही हदसम्म सवक सिकाउने प्रयत्न यस सङ्ग्रहमा गरिएको छ । यसको उदाहरण तल प्रस्तुत गरिएको छ :

अन्यथा चित्कार र क्रन्दनमा पनि
किन आँखा खोल्दैनन्
आफ्नो मनभित्रका बुद्ध
(पाषण बुद्ध पृ.३) ।

प्रस्तुत कवितांशमा शान्तिका अग्रदूत गौतम बुद्ध कतै नभेटिएको प्रसङ्गलाई उल्लेख गरिएको छ । जतातते हत्या हिंसा र आतङ्कले त्रास फैलाउँदासमेत कहीँ कतै शान्तिको आभास नपाउँदा बुद्धलाई गुहारिएको छ । यदि कोही व्यक्तिमा शान्तिको केही अवशेष रहेको भए यति सारो आर्तनाद, छटपटीहरू र चित्कारहरू सुनिदैनथे भन्दै हामी सबैका हृदयभित्रका बुद्धलाई खोज्ने आग्रह माथिको कवितांशमा गरिएको छ ।

कुनै दलले वा कुनै बलले
तिमीलाई उचालेकै छैन भने
तिमी कसरी कवि
(तिमी कवि होइनौ, पृ.६)

उल्लिखित कवितांशमा एउटा इमानदार कविको कवित्वको अवमूल्यन भएको प्रसङ्गलाई उल्लेख गरिएको छ । यसमा कुनै राजनीतिक दलको खोल ओढेर चर्को-चर्को आवाजमा मञ्च थर्काएर कवित्व प्रकट गर्ने कुचलनको विरोध गरिएको छ । यसमा मान्छेका

मनका वेदना छटपटी र अन्यायको विरोध गरेर कविता लेख्ने कविको कुनै अस्तित्व नभएको प्रसङ्गलाई उल्लेख गरिएको छ ।

जसरी छोपिएको माटो कङ्क्रिटले यहाँ
मोटो खोल नओढेको मन त्यो पाउने कहाँ ?
प्रकृति धेरै नै टाढा कृत्रिम जिन्दगी यहाँ
सधैँ शुष्क यहाँ मान्छे झुटो छ समवेदना ।
(सहर र मान्छे, पृ.९) ।

माथिको कवितांशमा सहरिया जीवनको कृत्रिम र निरस बसाइलाई प्रस्तुत गरिएको छ । प्रदुषित र फोहोर मैलाले ढाकिएको सहर अनि त्यहाँका समवेदनाहीन र मानवताहीन स्वार्थी मानिसका कारण निरस र शुष्क जिन्दगी बाँच्न विवश सहरिया मानिसको चित्रण माथिको श्लोकले गरेको छ । प्रकृतिबाट धेरै टाढा रहेको सहरमा विभिन्न किसिमका सङ्कट र समस्याहरूसँग जुध्नु पर्ने विवशताको अनुभूति माथिको कवितांशमा भएको छ ।

यसरी 'तिम्रा घाउ र मेरो कविता' देखि 'केही खित्का/केही छेस्का' सम्मका लामा-छोटा गरी जम्मा चालीसवटा कविता प्रस्तुत सङ्ग्रहमा रहेका छन् । "उनले समाजका हरेक मानिस र तिनको प्रवृत्तिमाथि व्यङ्ग्य गरेका छन् । उनको व्यङ्ग्यको घेरामा सामाजिक बनोट, राजनीतिक विसङ्गति, सहरी सभ्यता, धर्मप्रतिको अन्धावस्था, राष्ट्रिय स्वाभिमान, चाकरी वृत्ति लगायत मानवीय कमजोरीहरू छन् ।" (अधिकर्मी, २०५६ : पृ.७) त्यसैले यस सङ्ग्रहमा रहेका सबैजसो कवितामा विषयगत विविधता पाइन्छ । यस सङ्ग्रहमा नेता, कार्यकर्ता, शहीद, शिक्षक, भिखारी, युद्ध, सन्त्रास, कवि, कलाकार, भ्रष्टाचार, दाइजो, शरणार्थी आदि समाजमा विद्यमान विविध विषयमा व्यङ्ग्य गर्दै कविता सिर्जना गरिएको छ ।

### ३.२.१.२ भाव वा विचार

उत्तमकृष्ण मजगैयाँद्वारा रचित **तिमी नरहे देश डुब्याछ** कवितासङ्ग्रहमा रहेका सबैजसो कविताले फरक-फरक विचार बोकेका छन् । यस सङ्ग्रहमा राखिएका कविताले सामाजिक, आर्थिक, राजनीतिक, पारिवारिक आदि क्षेत्रमा देखिएका विसङ्गतिप्रति व्यङ्ग्य गर्दै त्यसमा संलग्न व्यक्तिहरूको स्वभावलाई व्यङ्ग्य गरेको छ । यसमा समाजका हरेक

व्यक्तिलाई निहीत स्वार्थबाट माथि उठेर राष्ट्रिय हित र सामूहिक कल्याणमा जुट्न आग्रह गरिएको छ । त्यस्तैगरी समाजमा देखिएका यावत व्यथितिप्रति दृष्टि दिई त्यसलाई व्यङ्ग्यात्मक ढङ्गले तर्क प्रस्तुत गर्दै समतामूलक समाजको परिकल्पना गर्ने विचार यस सङ्ग्रहमा व्यक्त गरिएको छ । मजगैयाँका कवितामा व्यक्त भएको केन्द्रीय भावलाई निम्न कवितांशबाट प्रष्ट पारिएको छ :

सब काम विकासका
घरबाट सुरु गर
तिमी बाँच यथार्थमा
अरुका सपना छर (तिमी नरहे देश डुब्न्याछ, पृ.६०) ।

प्रस्तुत कवितांशमा राजनीतिक दलका नेताहरू जनतामाथि विभिन्न किसिमका झुटा आश्वासन र सपना बाँडी आफ्नो निहीत स्वार्थ पूरा गर्ने स्वार्थी भावनाको विचार व्यक्त गरिएको छ । जनतालाई झुटा आश्वासन दिँदै उनीहरूको सपना साकार पाछौँ भन्ने जुनसुकै नेताहरू पनि आफ्नै पोल्टो भर्ने गरेको यथार्थता यहाँ व्यक्त गरिएको छ । तिनी यथार्थमा मोजमस्ती गरेर बाँच तर सोझा-साझा जनताका पीडा व्यथालाई पैतलामुनि राख भन्ने व्यङ्ग्यात्मक भाव माथिको पङ्क्तिले व्यक्त गरेको छ ।

अनाज तैँ फलाइदे, चुलो तँ नै जलाइदे
उपायहीन पङ्गुछौँ, तँ राष्ट्र नै चलाइदे ।
(विकास दान दे, पृ.५१) ।

उल्लिखित पङ्क्तिमा विदेशी राष्ट्रहरूसँग भीख मागेर आफ्नो गुजारा गर्ने अवस्थालाई देखाउन खोजेको छ । हामी नेपालीहरू हरेक कामलाई विदेशीको मुख ताकेर उनीहरूसँग घुँडा टेकी, हात फैलाएर दयाको भीख माग्छौँ भन्ने भाव माथिको पङ्क्तिमा व्यक्त गरिएको छ । अनाज फलाउनेदेखि चुलो जलाउने कार्य समेत हामी गर्न नसकी आफूलाई मगन्ते र कमजोर ठानी विदेशीको भर पर्छौं भन्ने विचार यहाँ व्यक्त गरिएको छ ।

सहरमाझ उभिएको
हजुरको त्यो ठूलो घर र
अरु जे पनि दिने सदिच्छा छ

त्यो आफ्नै छोरीलाई दिनुहोस्
मलाइ केही पनि चाहिदैन
(दाइजो विरोधी पृ.२८) ।

उल्लिखित कवितांशमा दाइजो प्रथाको विकराल रूपलाई व्यङ्ग्यात्मक रूपमा प्रष्ट पारिएको छ । वर पक्षका मानिसहरू प्रत्यक्षतः आफूलाई कुनै पनि दाइजो नचाहिने कुरा व्यक्त गरे पनि घुमाईफिराई दाइजोको लोभ र लालच पनि पालिरहने विचार यहाँ व्यक्त गरिएको छ ।

यसरी मजगैयाँद्वारा रचित यस हास्यव्यङ्ग्य कवितासङ्ग्रहमा व्यक्ति, परिवार, समाज, गाउँ, देश र विदेशसम्मका घटनाहरूलाई विषयवस्तु बनाई यी तमाम क्षेत्रमा देखिएका घृणित कार्यहरूप्रति व्यङ्ग्य गरिएको छ । "यसबाट कवि, कलाकार, शिक्षक, पत्रकार, नेता, कार्यकर्ता, शहीद, भ्रष्टचारी, भिखारी, छोरा बुहारी कोही पनि बच्न पाएका छैनन् । यी कविताहरू नेपाली समाजका विविध विडम्बनाहरूमाथि व्यङ्ग्यात्मक मननहरू हुन् ।" (भण्डारी, २०५६ : पृ.ग) यसरी मजगैयाँले समाजमा देखिएका यावत पक्षहरूलाई नियाली त्यसलाई हास्यव्यङ्ग्यको माध्यमबाट तीक्ष्ण व्यङ्ग्य प्रहार गरेका छन् ।

### ३.२.१.३ सहभागी

**तिमी नरहे देश डुबन्याछ** कवितासङ्ग्रह भित्रका कवितामा विभिन्न किसिमका पात्रहरू आएका छन् । म, तिमी, कवि, देश, शहर, मान्छे, छोरा, बूढो, कुकुर, शिक्षक, भिखारी, भगवान्, भैंसी, सिंह, भालु, सर्प, आफू, गरीब, छोरी, बाबु जस्त मानवीय तथा मानवेत्तर सहभागीहरू आएका छन् । यस सङ्ग्रह भित्रका कवितामा प्रयुक्त पात्रहरू व्यक्तिगत, वर्गीय, अनुकूल, प्रतिकूल, प्रमुख, सहायक, गौंण, नेपथ्य आदि विविध किसिमका रहेका छन् । यी विभिन्न प्रकारका सहभागीहरूले सामाजिक विकृति विसङ्गति तथा राजनीतकि अस्थिरताप्रति व्यङ्ग्य गर्न सफल भएका छन् । यस सङ्ग्रहमा प्रयोग भएको सहभागीको उदाहरणलाई यहाँ उल्लेख गरिएको छ :

गोही, बाँदर, उल्लु, चमेरो
ब्वाँसो, कौवा, चिलले दिए
छेपारो र गिद्धबाट ली

पशुत्वमा यी महान् भए ।

(हाम्रा प्यारा नेताजी, पृ. २६)

माथिको कविताांशमा हाम्रा नेताहरूको स्वभाव र प्रवृत्तिलाई मानवेत्तर प्राणीहरूसँग तुलना गरिएको छ । यसरी यस सङ्ग्रहमा आएका पात्रहरूको युग जीवनका, समाजका विविध विकृति विसङ्गतिहरूप्रति व्यङ्ग्य गर्दै स्वच्छ र समुन्नत समाजको निर्माणमा जोड दिएका छन् ।

### ३.२.१.४ परिवेश

प्रस्तुत कवितासङ्ग्रहमा विविध विषयका कविताहरू समावेश गरिएको छ । यहाँ आएका कविताहरूले विभिन्न खालको परिवेशको चित्रण गरेका छन् । यसमा प्रयुक्त परिवेशको एउटा उदाहरणलाई यहाँ उल्लेख गरिएको छ :

ऊ सडकमा लत्रिँदै लत्रिँदै थियो
उसको पाखुरा समातेर
मैले उसलाई पार्कभित्र लगे
म उसलाई भोक र विद्रोहका
आगो र हुरीका थुप्रै कविताहरू
सुनाउँदै गएँ, सुनाउँदै गएँ ।

(भोक र कविता, पृ. २४) ।

यस कविताांशमा स्थानगत परिवेशको रूपमा सडक र पार्कको चित्रण गरिएको छ भने समयगत परिवेशले सार्वकालिकतालाई सङ्केत गरेको छ । यहाँ भोकले खान नपाएको व्यक्तिले क्रान्ति र विद्रोहका कुरा नबुझ्ने यथार्थ वातावरणको वर्णन गरिएको छ । समग्रमा देशको सामाजिक, राजनीतिक, आर्थिक परिवेशको चित्रण गर्न कविता सफल बनेका छन् ।

### ३.२.१.५ उद्देश्य

**तिमी नरहे देश डुबन्याछ** कवितासङ्ग्रहका कविताहरू विविध उद्देश्यमा केन्द्रित रहेका छन् । मान्छेका अमानवीय प्रवृत्ति, रुढीग्रस्त समाज, भ्रष्टाचारी प्रवृत्ति, आर्थिक असमानता, कविको दयनीय अवस्था, चाकरी चाप्लुसी तथा घुसखोरी प्रवृत्तिलाई व्यङ्ग्य गर्नु

कविताको मुख्य उद्देश्य रहेको छ । यस्ता उद्देश्यमा केन्द्रित कविताका उदाहरणलाई तल प्रस्तुत गरिएको छ :

कति निर्धो, निमुखो शिक्षक !
सधैं झुक्छ, भुक्छ, सुक्छ
बलिका लागि चोखो बोको
सायद शिक्षक मात्रै हुन्छ !
(शिक्षक, पृ. २०)

रक्तिम दाह्रा लुकाएर
श्वेत वस्त्रकै आडमा
धर्म र सत्यको वकालत गर्छन्
स्वयम् अपराधी - खासहरू ।
(विडम्बना, पृ. ३८)

माथिका यी कवितांशहरूमा शिक्षकको दयनीय अवस्था र उसको पवित्रताको वर्णन गरिएको छ । त्यस्तै अर्को कवितांशमा बाहिरी आवरणमा आफ्ना छलकपट र हिंस्रक प्रवृत्ति लुकाएर धर्मको नाउँमा अपराध गर्दै हिँड्ने मानवीय प्रवृत्तिप्रति तीखो व्यङ्ग्य गरिएको छ । यसरी यस सङ्ग्रहका कविताहरूमा मानवीय प्रवृत्ति, सामाजिक दुरावस्था तथा राजनीतिक विकृति विसङ्गतिको विरोध गर्दै समुन्नत राष्ट्र निर्माणको चाहाना व्यक्त गर्ने उद्देश्य रहेको छ ।

## ३.२.२ दृष्टिविन्दु

उत्तमकृष्ण जमगैयाँद्वारा रचित प्रस्तुत **तिमी नरहे देश डुब्न्याछ** कवितासङ्ग्रहमा प्रथम पुरुष दृष्टिविन्दु र तृतीय पुरुष दृष्टिविन्दु दुवैको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा सोह्रवटा कविता प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएका छन् भने चौबीसवटा कविता तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएका छन् ।

तिम्रा घाउ र मेरा कविता, छोरालाई अर्ती, बूढो कुकुरको आत्मकथ्य, आश्वस्त मूर्च्छना, भोक र कविता, दाइजो विरोधी, नेपाल हेर्न विदेश जाऔं, तुष्टि, गाली, प्रश्न १, प्रतिप्रश्न २, मृत्युदर, विकास दान दे, आघौं साल, ऐनाभित्रको प्रतिविम्ब, बाबु हराएको

सूचना, केही खित्का/केही छेस्का प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएका कविता हुन् । यसको उदाहरणलाई तल प्रस्तुत गरिएको छ :

मलाई थाहा छ
यो मेरो जीवनको अन्तिम घडी हो
कुटिल मान्छेको संस्कार हो यो
मेरो अट्टु सेवाको पुरस्कार हो यो
(बूढो कुकुरको आत्मकथा, पृ. १४)

प्रस्तुत कवितांशमा एउटा बृद्ध कुकुर आफु जवानी भइञ्जेल सबैको प्यारो हुने र बृद्ध भइसकेपछि हेंलाको पात्र भएको कुरालाई प्रथम पुरुष दृष्टिविन्दुका माध्यमबाट व्यक्त गरिएको छ ।

त्यस्तैगरी पाषाण बुद्ध, तिमी कवि होइनौ, भोक र भगबान, सहर र मान्छे, झोली भरून्, बडाको पत्र, मित्र-दुई चित्र, शिक्षक, लेखनी तरबार बन्दैछ, हाम्रा प्यारा नेताजी, अठोट, तँ तँ मँ मँ, चुनाव आउँदैछ हजुर, विडम्बना, नयाँ प्रयोग, तीन टुक्रा, एक प्रसङ्ग - दुई अभिव्यक्ति, के चाहन्छौ, गजब छ बा, शरणार्थी भाइहरूलाई चिठी, यहाँ यस्तै छ हजुर, भ्रष्टचार समाप्त गर्ने रे, तिमी नरहे देश डुब्न्याछ, कविताहरू तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएका कविताहरू हुन् । तृतीय पुरुष दृष्टिविन्दुको उदाहरणलाई तल प्रस्तुत गरिएको छ :

उहाँ निकै ठूलो साहित्यकार ?
र निकै महँगो उहाँको कलम !
पक्कै विदेशमै बनेको हुनु पर्छ
स्वदेशी नै भए पनि त्यो
विदेशी नक्कलकै हुनुपर्छ ।
(एक प्रसङ्ग-दुई अभिव्यक्ति, पृ. ४४)

माथि दिइएको कवितांशमा 'उहाँ' सम्बोधन गरेर विदेशीहरूको डलर पचाउनका लागि मात्रै भएका साहित्यकारप्रति व्यङ्ग्य गरिएको छ । त्यसैले यो तृतीत पुरुष दृष्टिविन्दु प्रयोग भएको कविता हो ।

### ३.२.३ भाषाशैली

भाषाशैलीका दृष्टिले उत्तमकृष्ण मजगैयाँद्वारा रचित **तिमी नरहे देश डुब्न्याछ** कवितासङ्ग्रहमा सङ्ग्रहित कविताहरू सरल एवम् सहज छन् । उनका यस सङ्ग्रहभित्रका कविताहरूलाई जुनसुकै पाठकले पनि सजिलै पढेर बुझ्न सक्छन् । यस सङ्ग्रहका कविताहरू हास्य र व्यङ्ग्य शैलीले गर्दा अझ उत्कृष्ट बनेका छन् । मजगैयाँले यस सङ्ग्रहका कवितामा भाषामा विचलन ल्याई हास्यव्यङ्ग्यको भाव उत्पन्न गरेका छन् । तर यिनका कवितामा हास्यभन्दा व्यङ्ग्यको प्रबलता उपयुक्त किसिमले गरिएको छ । परिष्कृत भाषा र सुललित शैलीका साथै उचित अलङ्कारको सिर्जनाले उनका रचना सजिएका छन् । तद्भव, तत्सम, आगन्तुक र झर्रा नेपाली शब्दहरूको प्रयोग गर्दै काव्यात्मक, आलङ्कारिक र आत्मपरक भाषाशैलीका माध्यमद्वारा कवितामा सम्प्रेषणीयता, हास्य-व्यङ्ग्यातमकता र स्तरीयता थप्ने प्रयास मजगैयाँले गरेका छन् ।

यसरी मजगैयाँले यस सङ्ग्रहमा अत्यन्तै व्यङ्ग्यपूर्ण शैलकिो सिर्जना गरी अधिकांश रचनाहरू मुक्तलयमा सिर्जना गरेका छन् । गीतिलय, मन्दाक्रान्ता छन्द, लोकलय आदिको प्रयोग गरी केही छन्दोबद्ध कविताहरू पनि सिर्जना गरेका छन् । यसका साथै कवितामा सरल, सरस भाषाशैली अपनाएर कैयौँ पाठकहरूको मन जित्न सफल भएका छन् । अतः हास्य र व्यङ्ग्य मिश्रित शैलीद्वारा पाठकलाई हँसाउँदै तीखो वाणको प्रहार यस सङ्ग्रहमा गरिएको छ ।

मजगैयाँले यस कवितासङ्ग्रहमा कवितालाई सशक्त र भाव प्रबल बनाउन विविध विम्ब, प्रतीक र अलङ्कारको प्रयोग गरेका छन् । यसमा बूढो कुकुर, बलीको बोको, सुमन, आगो, पशु आदिलाई विम्ब र प्रतीकका रूपमा प्रस्तुत गरी कवितालाई अझ बढी रोचक र अर्थपूर्ण बनाएका छन् । कवि मजगैयाँद्वारा रचित यस सङ्ग्रहमा पाइने विम्ब, प्रतीक र अलङ्कारयुक्त उदाहरणलाई निम्नानुसारले उल्लेख गरिएको छ ।

विम्ब र प्रतीक

बन्दुकको नाल पुछेको देखेको छु
भर्खरै ल्याएको 'छाउराका' लागि
मेरो गाँस खोसेको देखेको छु

घरका बूढा बूढी जस्तै
खान पाइनँ म भोकै छु ।
(बूढो कुकरको आत्मकथा, पृ.१४) ।

प्रस्तुत कविताांशमा एउटा बुढो कुकुरलाई वृद्ध मानिसको प्रतीकका रूपमा उभ्याइएको छ भने छाउरालाई नव आगन्तुक सदस्यका रूपमा प्रस्तुत गरिएको छ । यसमा वृद्ध मानिस आफ्नो जवानी र बल हुँदासम्म परिवारको पूज्य हुने र जब ऊ वृद्ध भई अशक्त हुन्छ तब बुढो कुकुरसरह हेलत्त भई तिरस्कृत हुन्छ भन्ने आशय व्यक्त गरिएको छ ।

सुमनभित्र पनि कहिलेकाहीँ
भर्भराउँदो आगो हुन्छ
तर चेतना र विवेकले त्यसमा
शीतलताको आभास छर्छ ।
(शिक्षक, पृ.१९) ।

माथि दिइएको कविताांशमा सुमनलाई शिक्षक र आगोलाई शिक्षकको रिसको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । यसमा शिक्षकभित्र पनि स्वाभाविक रूपमा रीस हुन्छ तर त्यसलाई विवेक र चेतनाको प्रयोगले संयमता अपनाई विद्यार्थीका माझ हँसिलो अनुहार लगाई शितलता प्रदान गर्छ भन्ने प्रसङ्ग उल्लेख गरिएको छ ।

प्रस्तुत सङ्ग्रहमा मजगैयाँले विभिन्न अलङ्कारको प्रयोग गरेका छन् । जसको उदाहरण तल उल्लेख गरिएको छ :

दियो सिंहले शक्ति र गर्जन
भालुले क्रूरता दान दियो
स्यालले दियो धूत्याईं र
सर्पले विष-अभिमान दियो ।     (हाम्रा प्यारा नेताजी, पृ.२६) ।

उल्लिखित कविताांशमा अतिशयोक्ति अलङ्कारको प्रयोग गरिएको छ । यहाँ नेताजीलाई सिंहले शक्ति, भालुले क्रूरता, स्यालले धूत्याईं र सर्पले विष दिएर शक्ति सम्पन्न भएको प्रसङ्ग उल्लेख गरेकाले यो अतिशयोक्तिपूर्ण अलङ्कार हो ।

कि वीरको कि बुद्धको सुनाममा पठाइदे
विकास दान दे ! सुराष्ट्र स्वर्ग भैँ बनाइदे ।
(विकास दान दे, पृ.५२)

माथि उल्लिखित पङ्क्तिमा उपमा अलङ्कारको प्रयोग गरिएको छ । यहाँ राष्ट्र र स्वर्गलाई तुलना गरी स्वर्ग जस्तै सुन्दर राष्ट्र बनाउने परिकल्पना गरिएको छ । युद्धले होइन विचार र बुद्धिले राष्ट्रलाई स्वर्गजस्तै बनाउन सकिन्छ भन्ने भाव प्रतीकका माध्यमबाट यस पङ्क्तिमा व्यक्त गरिएको छ ।

तालु खुइलिएकै छैन
चस्मा चाहिएकै छैन
आँखा गडेकै छैन
तौल घटेकै छैन ।
(तिमी कवि होइनौ, पृ.४)

प्रस्तुत कविताांशमा हरेक पाउको अन्तिम क्रियामा छैन छैन छैन, छैन क्रियाको आवृत्तिमूलक शब्दको प्रयोग गरी शब्दलङ्कारका रूपमा अन्त्यानुप्रासको प्रयोग गरिएको छ । त्यसैले प्रस्तुत कविताांशमा शब्दालङ्कारको प्रयोग भएको छ ।

अतः **तिमी नरहे देश डुब्न्याछ** कवितासङ्ग्रह विविध किसिमका व्यङ्ग्य चेतना सहित सरल, सहज भाषाको प्रयोग गरी विम्ब, प्रतीक र अलङ्कारको सुन्दर संयोजनले अझ गहन र आकर्षक बनेको छ ।

### ३.२.४ 'तिमी नरहे देश डुब्न्याछ' कवितासङ्ग्रहको प्रवृत्तिगत विश्लेषण

हास्यव्यङ्ग्य क्षेत्रका दरिला स्तम्भ उत्तमकृष्ण मजगैयाँको **तिमी नरहे देश डुब्न्याछ** कवितासङ्ग्रहमा विविध क्षेत्रमा देखिएका विकृतिप्रति व्यङ्ग्य गरिएको छ । “भ्रष्ट आचरणमा लिप्त राष्ट्र र जनतालाई नाङ्गेझार पार्दै आफू मोटाउने कथित कर्णधारहरूलाई निर्भिक भएर बज्रमुक्का हान्न सफल देखिएका छन् व्यङ्ग्यकार मजगैयाँ ।” (घिमिरे, २०५६ : पृ.ख) त्यसैले मजगैयाँको व्यङ्ग्य लेखन शिल्प परिष्कृत र शिष्टतातर्फ अघि बढेको छ । उनले सामाजिक, आर्थिक, राजनीतिक आदि क्षेत्रमा मौलाउँदै गएको व्यथितिप्रति औंला उठाउँदै

व्यङ्ग्य गरेका छन् । उनले थपेका छन् : "आँखा भएका अन्धाहरू गिदी भएका अविवेकीहरू र मुटु भएका हृदयहीनहरूलाई हास्यमिश्रित व्यङ्ग्यले घचघच्याउने प्रयास गरेको छु" (मजगैयाँ, २०५६ : पृ.ज) अतः यस सङ्ग्रहमा पाइने व्यङ्ग्य चेतनालाई निम्नानुसारले उल्लेख गरिएको छ :

### ३.२.४.१ राजनीतिक क्षेत्रमा देखिएका विकृतिप्रतिको व्यङ्ग्य

उत्तमकृष्ण मजगैयाँले यस सङ्ग्रहमा पनि राजनीतिक नेताहरूले सत्ता प्राप्तिका लागि खेलिने जालझेल, जनताको मत प्राप्त गर्न दिने विभिन्न झुटा आश्वासन शहीदका सपनाको अवमूल्यन, चुनावका सङ्घारमा नेताहरूले बाँड्ने झुटा सपना र खोक्रा भाषण अनि भ्रष्टचारी प्रवृत्ति आदिप्रति व्यङ्ग्य गरेका छन् । उनले राजनीतिज्ञहरूमा पलाएको स्वर्थीपन तथा सत्तालोलुपता, जनतामा पलाएको नैराश्यता आदिप्रति व्यङ्ग्य गरेका छन् । निम्न उदाहरणद्वारा राजनीतिक क्षेत्रमा देखिएका विकृतिलाई प्रष्ट पार्न खोजिएको छ :

ठूलो सङ्घर्षपछि आएको पालो हो
त्यसैले कमिसन र विकास पचाइसकेको छु
भोलि के पर्ला ? कस्तो पर्ला ?
मैले त विदेशमा समेत
दुई चार बङ्गला उभ्याइसकेको छु
(छोरालाई अर्ती, पृ.११) ।

प्रस्तुत कविताांशमा शहीदको बलिदानी र त्यागको अवमूल्यन गर्दै अवसरवादीहरूले आफ्नो कमाइ खाने भाँडो राजनीतिलाई बनाएको विचारप्रति व्यङ्ग्य गरिएको छ । यस कविताांशमा सत्ताको दुरूपयोग गर्दै आफू र आफ्ना सात पुस्तालाई पुग्ने अकुत सम्पत्ति आर्जन गरेको प्रसङ्ग उल्लेख गर्दै देश चुस्ने गद्दारमाथि व्यङ्ग्य गरिएको छ ।

घर-घर छाप्रा-छाप्रामा
बिजुली र धारा पुग्दैछ
भोक, रोग र गरीबीअब
पातलभित्र लुक्दैछ ।
- (चुनाव आउँदैछ हजुर, पृ.३४) ।

उल्लिखित कवितांशमा चुनावको तयारीमा जुटेका नेता तथा कार्यकर्ताहरूले सर्वसाधारण जनतालाई झुटा आश्वासन दिई झुक्याउने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । आफूले चुनाव जितेपछि सबैका समस्याहरू समधान हुने र सम्पूर्ण भोका नाङ्गा गरीबहरूका समस्या पातलमुनि लुक्ने भन्दै चिप्लो धस्ने नेताहरूको व्यङ्ग्य गर्ने काम यस कवितांशमा भएको छ ।

अचम्म भो ! सत्ताका लागि
शत्रुहरू पनि यार बने
स्वार्थका लागि विपरीत ध्रुव
मिलेरै पनि सरकार बने ।

- (गजब छ बा, पृ.५०) ।

माथिको कवितांशमा सत्ता प्राप्तिका लागि लिप्त नेताहरूको व्यङ्ग्य गरिएको छ । पटक्कै विचार नमिल्ने र एकले अर्कालाई गाली मात्र गर्ने विरोधी नेताहरू पनि सत्तामा जानका लागि एक ढिक्का भई मिल्ने गरेको प्रसङ्गलाई यहाँ जोड्न खोजिएको छ । आफ्ना स्वार्थ पूरा गर्न विपरीत ध्रुवमा फर्केका नेताहरू पनि मिलेर सरकारमा जान तयार हुने गरेको तीतो यथार्थप्रति यहाँ व्यङ्ग्य गरिएको छ ।

जनता पटमूर्ख छन्
रहला किन संशय ?
गर भाषण आशका
तिमी नै सब निर्भर ।

(तिमी नरहे देश डुब्न्याछ पृ.६०) ।

उद्धृत कवितांशमा लाटासोझा, पटमूर्ख जनताहरू भएकाले केही डर र शङ्का नमानी आफ्नै इच्छा बमोजिम शासन सत्ता चलाउने नेताहरूप्रति व्यङ्ग्य प्रहार गरिएको छ । यसमा जनतामा आशा र भरोसाका खेती गरेर आफ्नै स्वर्थसिद्ध गर्ने परिपाटीको विरोध गरिएको छ । सधैँभरि जनताका चाहना र आवश्यकतामाथि कुठाराघात गर्ने नेताहरूलाई यस कवितांशमा व्यङ्ग्य गरिएको छ । यसरी कवि मजगैयाँले प्रस्तुत सङ्ग्रहमा राजनीतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिको विभिन्न कविता मार्फत व्यङ्ग्य गरेका छन् ।

### ३.२.४.२ आर्थिक विषमताप्रति व्यङ्ग्य

प्रस्तुत कवितासङ्ग्रहमा मजगैयाँले आर्थिक विपन्नताले जनतामा पैदा भएको नैराश्यताको चर्चा गर्दै यस्तो विपन्नता सिर्जना गर्ने पक्षतर्फ व्यङ्ग्य गरेका छन् । यसमा भोका नाङ्गा रूग्ण, असहायको वास्तै नगरी मूर्तिरूपी भगवानको पूजा गर्ने परिपाटीप्रति व्यङ्ग्य गरिएको छ । त्यसका उदाहरण तल प्रस्तुत गरिएको छ :

प्रसादका थालतिर सतृष्ण आँखाले
निरन्तर हेरिरहन्छन्-हेरिरहन्छन्
ढोकाबाहिर रूङ्गेर बसेका
केही भोका भिखारीहरू
- (भोक र भगवान, पृ.८) ।

माथिको उदाहरणमा भोका नाङ्गा भिखारीहरूको दयनीय अवस्थाको चित्रण गरिएको छ । आजका निर्दयी र अविवेकी मानिसहरू मूर्तिरूपी अमूर्त भगवानका लागि विभिन्न मिष्ठान्न भोजनहरू प्रसादका रूपमा टक्रयाउँछन् तर भोकले छटपटाएका भिखारीतिर टुलुक्क पनि हेर्दैनन् भन्ने भाव यहाँ व्यक्त गरिएको छ ।

मैले त केही बुझ्नै सकिन
हिजोदेखि केही खाएकै छैन हजुर !
म भोकै छु ।
खै एक अर्काले बुझ्नै सकेनौँ
मैले भोक र उसले कविता ।
(भोक र कविता, पृ.२४) ।

माथि दिइएको कविताशंमा एउटा भोको व्यक्तिको ध्यान केवल पेटभरि खाने आशमा रहेको हुन्छ भन्ने कुरा व्यक्त गरिएको छ । कविका क्रान्तिकारी र सङ्घर्षपूर्ण कविताहरू कुनै भोको मानिसलाई सुनाउँदा त्यसको केही औचित्य रहँदैन भन्ने व्यङ्ग्य यहाँ गरिएको छ ।

वनका गिठा, भ्याकुर सबै खाइसकेर मात्रै
अनुदानको अन्नले पेट भरौँला आघौँ साल
गरीब सबै मासिएपछि गरीबी आफै नासिएला
मरेरै भार धरतीको कम गरौँला आघौँ साल
(आघौँ साल, पृ.५८) ।

माथि उल्लिखित श्लोकमा आर्थिक विपन्नताको पराकाष्ठलाई देखाउन खोजिएको छ । गरीब तथा विपन्न जनताहरू सरकारको अनुदान सहयोग पर्खेर बस्दा बस्दै निराश भएको अवस्थालाई यहाँ प्रष्ट पारिएको छ । अब गरीबहरू सरकारको आशमा नबसी, सकिन्छ गिट्ठा भ्याकुर खाएर जिउने प्रयत्न गरौं, सकिँदैन मरेरै भए पनि गरीबीको अन्त्य गरौँ भन्ने आर्थिक व्यङ्ग्य यहाँ गरिएको छ ।

### ३.२.४.३ भ्रष्टचारप्रति गरिएको व्यङ्ग्य

कहिले सुख्खा, भोकमरी
कहिले पहिरो, भेलमा
हर्ने मान्छे स्वयं आफै
धन आर्जनको खेलमा
(यहाँ यस्तै छ हजुर, पृ.५५) ।

सत्ताको बागडोर समातेर बसेका सत्ताधारी व्यक्तिहरू नै स्वयं कमिसन र भ्रष्टचारको खेलमा लागेको प्रसङ्गप्रति माथिको कवितांशले व्यङ्ग्य गरेको छ । विभिन्न बाढी, पहिरो, भोकमरी जस्ता प्राकृतिक विपत्तिमा सरकारले गरेको सहयोग सम्बन्धित पीडित पक्षसम्म नपुऱ्याइ आफैँले कुम्ल्याउने गरेको प्रसङ्गमाथि यहाँ व्यङ्ग्य गरिएको छ ।

प्रण गर्नुभएकै, चुनाव जितेर
प्रमुख शक्ति प्राप्त गर्ने रे
अनि देशभरि व्याप्त
भ्रष्टचार समाप्त गर्ने रे
(भ्रष्टचार समाप्त गर्ने रे ! पृ.५७) ।

प्रस्तुत कवितांशमा चुनाव जितेरै माथि पुगेका मानिसले भ्रष्टचार गर्ने गरेको विषयमाथि व्यङ्ग्य गरिएको छ । चुनाव नजितुञ्जेल फोस्रो आश्वासन बाँड्ने नेताहरू चुनाव जितिसकेपछि आफैँ भ्रष्टचार गरी आफ्नै दुनो सोझ्याउने विचारप्रति यहाँ व्यङ्ग्य गरिएको छ ।

### ३.२.४.४ पारिवारिक विखण्डनप्रति गरिएको व्यङ्ग्य

साठीका थिए, अरु चालीस वर्षसम्म त
खोज्ने छेटा शास्त्रले पनि दिएकै छ
तर छिमेकीका व्यङ्ग्यवाणले तर्सेर
टि.भि. रेडियो र अखबारमा समेत
सूचना दिनैपर्ने गराए
मेरो बाबु हराए ।
(बाबु हराएको सूचना) ।
नशामा बाह्रमासेको धन सारा गुमाउँछौ
बिहानैदेखि सीसीको झोलले नित्य झुम्दछौ ।
तँ तँ मँ मँ, पृ.३३ ।

माथि उदाहरण पहिलोमा दिइएको कवितांशमा एउटा रोगी, वृद्ध, असहाय बाबुमाथि आफ्ना छोराबुहारीले गर्ने अन्यायपूर्ण व्यवहारमाथि व्यङ्ग्य गरिएको छ । वृद्ध बाबुलाई उनको माया ममताले नखोजी, छिमेकीको दबाब र डरले खोज्ने सन्तानमाथि यहाँ व्यङ्ग्य गरिएको छ । त्यस्तैगरी उदाहरण दोस्रोमा श्रीमान श्रीमती बीचमा भएको भनाभनपूर्ण अवस्थालाई व्यक्त गर्दै श्रीमतीको रोषपूर्ण अभिव्यक्ति व्यक्त गरिएको छ ।

### ३.२.५ निष्कर्ष

प्रस्तुत परिच्छेदमा उत्तमकृष्ण मजगैयाँद्वारा रचित पूर्वार्द्ध चरणका कविता सङ्ग्रहरूको विश्लेषण गरिएको छ । यस चरणमा उनका **जय अवसरवाद** र **तिमी नरहे देश डुब्न्याछ** कवितासङ्ग्रहको विश्लेषण गरिएको छ । **जय अवसरवाद** कवि मजगैयाँको पहिलो प्रकाशित कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा कविले सुरुबाट अर्थात् २०२७ सालबाट लेखेका हाँस्यव्यङ्ग्य कविताहरूलाई समावेश गरी २०५४ सालमा **जय अवसरवाद** शीर्षक राखी

प्रकाशनमा ल्याएका हुन् । प्रस्तुत सङ्ग्रहमा चालीसवटा कविताहरू राखिएका छन् । विशेषगरी यस सङ्ग्रहमा राखिएका कविताहरूले राजनीतिका, आर्थिक सामाजिक क्षेत्रमा देखिएका विषयवस्तुलाई उठान गर्दै सबै क्षेत्रमा मौलाएको अवसरवादी प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् ।

त्यसैगरी उनको पूर्वार्द्ध चरणको अर्को कवितासङ्ग्रह **तिमी नरहे देश डुब्न्याछ** मा पनि चालीस वटै कविताहरू समावेश गरिएका छन । यो सङ्ग्रहमा पनि समाजमा देखिएका विकृति विसङ्गतिहरूलाई व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरेका छन् । विशेषगरी आफ्नो देश, माटो र जन्मभूमिप्रति अत्यन्तै माया गर्ने कवि मजगैयाँले देशको विग्रदो अवस्थाप्रति चिन्ता व्यक्त गरेका छन् । कविले यस सङ्ग्रहमा राजनीतिज्ञहरूको स्वार्थीपूर्ण व्यवहारलाई सहन नसक्दाको स्थितिमा कविताका माध्यमबाट उनीहरूको द्वैध चरित्रलाई व्यङ्ग्यमार्फत चोटिलो प्रहार गरेका छन् । यी दुवै सङ्ग्रहमा कविले अत्यन्तै सरल सहज भाषाको प्रयोग गर्दै विभिन्न ठाउँमा विम्ब, प्रतीक र अलङ्कारको संयोजन गरी भावलाई अझ गहन र ओजपूर्ण बनाएका छन् । दुवै सङ्ग्रहमा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

# परिच्छेद : चार

# उत्तमकृष्ण मजगैयाँको उत्तरार्ध चरणका कविताकृतिको विश्लेषण

## ४.१ विषयप्रवेश

कवि उत्तमकृष्ण मजगैयाँका २०५९ सालदेखि आजसम्म प्रकाशित कविताहरूलाई उत्तरार्ध चरणमा राखी विश्लेषण गरिएको छ । उनको यस चरणमा **बुद्धहरू मर्दैनन्** शीर्षकको एउटा मात्रै कवितासङ्ग्रह प्रकाशित छ भने अन्य फुटकर कविताहरू विभिन्न पत्रिकामा प्रकाशित छन् । विशेषगरी मजगैयाँले उत्तरार्ध चरणमा लेखेका कविताहरूमा समसामयिक युगबोधको झझल्को पाइन्छ । उनले यस चरणमा हास्यव्यङ्ग्यको पाटोलाई केही ओझेलमा पार्दै व्यक्ति, समाज र राष्ट्रले झेल्नु परेका युद्ध, त्रास र मानवीय छटपटीको वास्तविकतालाई प्रस्तुत गरेका छन् । "समयअनुसार कविताहरूको स्वर र प्रवृत्तिहरू पनि फेरिन सक्छन् । जस्तै : परिवर्तन र उज्यालाका लागि कविता, शान्ति र सुन्दर निर्माणका लागि कविता !" (मजगैयाँ, २०५९ : च) यसरी मजगैयाले उत्तरार्ध चरणमा लेखेका कविताहरू विशेष गरी आफ्नो जन्मभूमिको रक्तपातपूर्ण स्थितिको चर्चा गर्दै हिंसाले कहिल्यै कसैको हित नगर्ने विचार व्यक्त गरेका छन् ।

### ४.१.१ 'बुद्धहरू मर्दैनन्' कवितासङ्ग्रहको विश्लेषण

उत्तमकृष्ण मजगैयाँद्वारा रचित तेस्रो तथा हालसम्मको अन्तिम कवितासङ्ग्रह नै 'बुद्धहरू मर्दैन' कवितासङ्ग्रह हो । यस सङ्ग्रहलाई २०५९ सालमा बसुन्धरा मान प्रज्ञा प्रतिष्ठान काठमाडौंले प्रकाशनमा ल्याएको हो । यस सङ्ग्रहमा जम्मा चौतीस वटा कविताहरू सङ्ग्रहित छन् । दुवसु क्षेत्रीको प्रकाशकीय लेख र कवि ईश्वर बल्लभको मन्तव्य लेखनले यो सङ्ग्रह अझ आकर्षक एवम् उत्कृष्ट बनेको छ । कविले यस सङ्ग्रहमा सशस्त्र जनयुद्धमा आफूले देखेका र भोगेका अनुभवलाई विषयवस्तु बनाई हत्या हिंसाको राजनीति त्यागेर शान्तिपूर्ण आन्दोलन गरी परिवर्तन ल्याउन आग्रह गरेका छन् ।

### ४.१.१.१ कृतिपरिचय

उत्तमकृष्ण मजगैयाँका हालसम्म प्रकाशित साहित्यिक कृतिहरूमध्ये सबैभन्दा पछिल्लो तथा आठौं कृति नै **बुद्धहरू मर्दैनन्** कवितासङ्ग्रह हो । "यस सङ्ग्रहमा समसामयिक विषयमाथि लेखिएका ३४ वटा कविताहरू छन् । यस सङ्ग्रहका प्रायः कविता मुलुकमा मच्चिएको आतङ्क असुरक्षा र हिंसाबाट उत्पन्न मानवीय अभिशाप र त्यसबाट प्रभावित जनजीवनका दुखेसाहरूबारे लेखिएका छन् ।" (मधिकर्मी, २०६०:९) प्रस्तुत सङ्ग्रहभित्र समावेश गरिएको बत्तीसौं कविताको शीर्षक **बुद्धहरू मर्दैनन्** कविताले समग्र कवितासङ्ग्रहकै नामाकरण गरेको छ । प्रस्तुत कविताले हरेक मानवभित्र रहने बुद्धत्व अर्थात् विचारलाई कहिल्यै पनि शक्तिले मार्न सक्दैन भन्ने विचार व्यक्त गरेको छ । यस कवितासङ्ग्रह भित्रका सबैजसो कविताले तत्कालीन समयमा युद्धको त्रासले छटपटिएका नेपालीहरूको कारूणिक अवस्थाको चित्रण गर्दै हत्या हिंसाको बाटो छाडेर शान्ति मार्गमा आउन आह्वान गरेका छन् ।

प्रस्तुत कवितासङ्ग्रहमा लामाछोटा गरी चौतीसवटा कविताहरू राखिएका छन् । जसअन्तर्गत अरुजस्तै म, एउटा सेतो परेवाको मृत्यु, सञ्चार नियति, रोबोट, अभिशप्त शब्दहरू, भगवानको हत्या, लीला-दर्शन, नीलडाम, कुनै समाचार छैन, म र कविता, मुर्दा हाँस्यो, शहीदहरूको पलायन, लेखनी-युद्ध, भिखारिनी, जन्मोत्सव, आस्था र पीपलको बूढो रूख, माटोका कुरा गरौँ, अखबारमा समवेदना पढ्दा, मेरो भगवानको आसन्न मृत्यु, नारी, चक्रव्यूह, एकमुठी उज्यालोका लागि, हार-जीत, म मर्न चाहन्न, बेवारिसे लास, म आश्रम आइपुगे, पीडा चेतना र आस्था, अभिशप्त वर्तमान, नयाँ वारेसको खोजी, म कविता लेखिरहेको छु, बादल र म धर्तीका अनुहारहरू, **बुद्धहरू मर्दैनन्**, मलाम जानुअघि, नववर्षको शुभकामना शीर्षकका कविताहरू समावेश गरिएका छन् ।

### ४.१.१.२ विषयवस्तु

कवि उत्तमकृष्ण मजगैयाँले प्रस्तुत **बुद्धहरू मर्दैनन्** कवितासङ्ग्रहमा आफ्नै आँखाले देखे भोगेका र अनुभव गरेका विषयवस्तुलाई कविताका माध्यमबाट अभिव्यक्त गरेका छन् । यस कवितासङ्ग्रहमा राखिएका प्रायः कविताहरूमा तत्कालीन समयमा मुलुकमा मच्चिएको हत्या हिंसा र आतङ्कलाई विषयवस्तु बनाइएको छ । "कवि निरर्थक रक्तपात र मानव

अस्मिताको सङ्कटमा छटपटिन्छ, व्यक्तिका असङ्गत व्यवहार र उसका दुरा प्रवृत्तिहरूलाई गिज्याउँछ, मानव समाजका विकृति र विब्ल्याँटहरूप्रति तीव्र असहमति प्रकट गर्दै व्यङ्ग्य वर्षा गर्छ अर्थात् कुरूपता र अँध्यारोको विरूद्ध आस्थाको घोषणा गर्छ ।" (मजगैयाँ, २०५९ : च)

प्रस्तुत कवितासङ्ग्रहमा मानवताको ह्रास हुँदै गएको, आफ्ना अगाडि निर्मम हत्याहिंसा, बलात्कार हुँदा समेत समवेदना गुमाएर बसेको रोबट जस्तो अचेतनशील र विवेकहीन पात्रको चित्रण यहाँ गरिएको छ ।

प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहित कविताहरूले मानवीय समवेदना तथा स्वतन्त्रता र समानताको उद्घोष गरेका छन् । "सामाजिक रूपमा देखिएका विकृति विसङ्गतिलाई यथार्थ रूपमा बहिष्कार गर्नका निमित्त प्रस्तुत कवितामा आग्रह गरेका छन् । कवितामा प्रयोग गरिएका शब्दहरूले आफ्नै गाउँ बोलेको अनुभूति हुन्छ भने कविता पढ्दा आफ्नै दुःख बढेको अनुभव हुन्छ । कवितामा विश्वजनीत, सार्वभौमिक र मानवीय सचेतनाका तथ्यहरू उद्घाटित छन् ।" (कार्की, २०६१ : ४३) यसरी यस सङ्ग्रहमा रहेका कविताहरूमा मानवताको खोजी गर्दै हिंसाको विरोध गरिएको छ । त्यसको उदाहरणलाई तल प्रस्तुत गरिएको छ :

मेरो आस्था पटक-पटक  
धरापमा पड्किएको छ,  
कहिले भिडन्तमा छियाछिया परेको छ,  
कहिले सङ्कटकाल र कर्फ्युमा  
त कहिले वार्ताको टेबुलमा  
बेसरी थचारिएको छ ।  
(अरु जस्तै म, पृ.२)

माथि उद्धृत कवितांशमा जनयुद्धताका हरेक मानिसका मनमा पैदा भएको आस्था एवम् विश्वास सबै भत्किएर विक्षिप्त अवस्थामा पुगेको अवस्थलाई चित्रण गरिएको छ । तत्कालीन अवस्थामा शान्ति र स्वतन्त्रताको बाटो कुरिरहेका सम्पूर्ण नेपालीहरूको आस्था सबै, गोली बारूल, सङ्कटकाल र कर्फ्युले भत्काइरहेको थियो भन्ने प्रसङ्ग माथिको

कवितांशमा व्यक्त गरिएको छ । युद्धको विश्राम चाहेका नेपाली जनताले सधैँ युद्ध र त्रासको भय खेप्नु परेको कारूणिकतालाई माथिको कवितांशले व्यक्त गरेको छ ।

प्रस्तुत कवितासङ्ग्रहमा समावेश गरिएका सबैजसो कवितामा तत्कालीन समयमा नेपाली जनताले भोग्नु परेको भय र त्रासपूर्ण वातावरणप्रति सङ्केत गरेका छन् । "म र कविता शीर्षकको कवितामा कवि मजगैयाँले संसारका कुनै पनि ठाउँमा हुने मानवीय आस्था र धरोहरको क्षतिले अर्को ठाउँको मान्छेलाई पनि उत्तिकै चोट पुऱ्याउँछ भन्ने भाव व्यक्त गरेका छन् । मुलुकमा दिनहुँ यति धेरै हत्या हिंसा र अपराधका घटनाहरू भइरहन्छन् र तिनलाई बाध्य भएर सुन्न परिरहेको हुन्छ, मानौं यसबाहेक अरु समाचारै होइन भन्ने छाप मान्छेमा परिसकेको अनुभूतिलाई 'सञ्चार नियति र कुनै समाचारै छैन' कवितामा राम्ररी चित्रण गरिएको छ ।" (मधिकर्मी, २०६०:९) त्यस्तैगरी 'मेरो भगबान आसन्न मृत्यु' कवितामा मृत्युको मुखमा पुगेको श्रमिानप्रति श्रमितीले देखाएको माया ममतालाई दर्शाइएको छ । त्यसको उदाहरण तल प्रस्तुत गरिएको छ :

बाह्रमासे जुवा तासमा
भएभरको सम्पत्ति फाल्दा पनि
विरोधमा एक वचनसम्म बोलेकी छैन,
बरु उसको सुस्वास्थ्य र
दीर्घ-जीवनका लागि उसको सुख-समृद्धिका लागि बस्ने गरेकी छु ।
(मेरो भगबानको आसन्न मृत्यु, पृ.४२)

प्रस्तुत कवितांशमा श्रीमानप्रति श्रीमतीले गर्ने आदर्श प्रेमलाई देखाइएको छ । जीवनभर श्रीमानको दासी भएर अनि उसको कुलतको शिकार भएर बाँचेकी पीडित पत्नीको एकोहोरोमायालाई यहाँ व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरिएको छ । जीवनभर सुख र शान्तिको अनुभूति गर्न नपाए तापनि एउटी नारी सधैँ पतिलाई भगवान मानी आदर गर्छिन् भन्ने विचार यस कवितांशमा व्यक्त गरिएको छ ।

त्यस्तैगरी शान्तिको कुरा गर्नेले नै अशान्ति मच्चाइरहेको, शहीदहरूको त्याग र बलिदानको उपेक्षा गरिएको र राजनीतिक विकृतिका कारण एकातिर भोकमरी र अर्कातिर अभाव बढेको प्रसङ्गलाई 'एउटा सेतो परेवाको मृत्यु, जन्मत्सोव, भिखारीनी, शहीदहरूको

पलायन आदि कवितामा प्रस्तुत गरिएको छ । "हत्याहिंसाको व्याप्ति र मानवीयतामाथि भइरहेको निरन्तर प्रहारले अब मान्छेमा समवेदना मरेको र सहयोगी भावना हराएको बारे रोबोट, अभिशप्त शब्दहरू, लेखनीयुद्ध, वेवारिसे लास आदि कवितामा कवि मजगैयाँले सुन्दर अभिव्यक्ति दिएका छन् ।" (मधिकर्मी, २०६०:९) यसरी मजगैयाँले प्रस्तुत कवितासङ्ग्रहमा सामाजिक, आर्थिक, राजनीतिक, पारिवारिक हरेक ठाउँमा उत्पन्न समस्यालाई विषयवस्तु बनाई आफ्नो कवितात्मक अभिव्यक्ति दिएका छन् ।

### ४.१.१.३ भाव वा विचार

**बुद्धहरू मर्दैनन्** कवितासङ्ग्रहमा कवि उत्तमकृष्ण मजगैयाँले तात्कालिक परिस्थितिको समसामयिक रूपमा चित्रण गर्दै कहीँ आत्मपरक शैलमिा त कतै वस्तुपरक शैलमिा मनोभाव व्यक्त गरेका छन् । यस सङ्ग्रहमा राखिएका प्रत्येक कविताहरूले कारूणिक भाव जागतृ गराएका छन् । हरेक कविता पढ्दै जाँदा पाठकहरूलाई आफ्नै कथा व्यथा अनि आफैँले भोगेको अनुभव गरेका घटनाहरूको सचित्र वर्णन गरेको अनुभूति हुन्छ । दस वर्षे सशस्त्र जनयुद्धले मान्छेमा गुम्दै गएको मानवता र समवेदनाहीन भावलाई यस सङ्ग्रहमा आएका कविताहरूले व्यङ्ग्य गरेका छन् । प्रस्तुत कविताहरूमा हत्या, हिंसा र युद्धले परवर्तन आउँदैन भन्दै यस्तो हिंसात्मक आन्दोलनलाई त्यागेर बुद्धत्व अर्थात् आफूमा रहेको सत् विचार खोज्न आग्रह गरिएको छ । हिंसात्मक आन्दोलनलाई त्यागेर शान्तिपूर्ण तरिकाले विचार र बुद्धिको राजनीति गर्ने सन्देश यस सङ्ग्रहले दिएको छ । जसका उदाहरणहरू तल प्रस्तुत गरिएका छन् :

बन्दुकले संरचना गर्नै सक्दैन
बरु भत्काउँछ सृष्टिलाई नै ।
बन्दुकले बुद्ध जन्माउन सक्दैन
बरु मार्ने गर्छ बुद्ध बोक्नेहरूलाई नै ।
(मलाम जानुअघि, पृ.७९) ।

उद्धृत कवितांशले बम बारूत र बन्दुकले कुनै पनि सृष्टिको रचना र परिवर्तन गर्न सक्दैन बरु यसले त सृष्टि नै भत्काउँछ भन्ने भाव अभिव्यक्त गरेको छ । बन्दुकले बुद्ध अर्थात् विचारलाई जन्माउन सक्दैन । यसले त उल्टै विचार र बुद्धि बोक्ने बुद्धहरूलाई नै

मार्न सक्छ भन्ने भाव यहाँ व्यक्त गरिएको छ । त्यसैले यस कवितामा दुवै थरिका बन्दकुधारीहरूलाई केही समयका लागि बन्दुक रोकिदिन आग्रह गर्दै तिमीद्वारा मारिएका स्वजनहरूको मलाम जानु छ भन्दै अत्यन्तै कारूणिक भाव जागृत गराइएको छ ।

कृषक कमैया र ज्यामीहरू
भोकले छटपटाएनन्
झुक्याएर विदेशी सहरमा
कुनै चेलीहरू बेचिएनन्
अर्को अचम्म भयो !
आज नेपाल बन्द भएन
कतै चक्काजाम भएन ।
(कुनै समाचार छैन, पृ.१८)

माथि दिइएको कवितांशमा सधैं-सधैं नराम्रा खबरहरू सुनिने रेडियो र अखबारहरूमा आज सुन्न नपाउँदा समाचारै नभएको अनुभूति गर्दै त्यसप्रति व्यङ्ग्य गरएको छ । सधैंभरि अखबारहरूमा कृषक कमैयाहरू भोकले छटपटाएको, नेपाली चेलीहरू बेचिएको अनि नेपाल बन्द र चक्काजामले देशै ठप्प भएका दुःखद समाचार सुन्दा-सुन्दा बानी परेका नेपालीहरू त्यस्ता समाचार सुन्न नपाउँदाको अनुभूति निकै नौलो लागेको विचारप्रति माथिको कवितांशले व्यङ्ग्य गरेको छ ।

नमरून् अब क्रान्ति-सपूतहरू
नमरून अब सर्जक-दूतहरू
अब युद्ध कतै नचलोस् बलले
अब यो धरती नभिजोस् खुनले
(नववर्षको शुभकामना, पृ.८०)

माथि दिइएको कवितांशमा नववर्षको शुभकामना दिँदै आगामी नव वर्षमा कहीँ कतै क्रान्ति र युद्धका झिल्काहरू देख्न नपाइयोस् भनी आशावादी विचार व्यक्त गरिएको छ । परिवर्तनका नाममा कैयौं नेपालीहरूको ज्यान गइरहँदा आततायी बनेका नेपाली जनताले अबको नववर्षमा रगतको खोलो बगाउन नपरोस् भनी शुभकामना दिएको छ । रगतले

भिजेको धरतीमा नवीन सृजनाहरू फुलून् फलून् तर फेरि रगतको खोलो नबगोस् भन्ने प्राथना माथिको कविताांशमा गरिएको छ ।

### ४.१.१.४ सहभागी

**बुद्धहरू मर्दैनन्** कवितासङ्ग्रह भित्र म, सेतो परेवा, रोबोट, तिमी, शहीद, भिखारी, बुद्ध, रुख, नारी, लास, कमैया, फूल, प्रिया, गब्बरसिंह, हाकिम, मन्त्री, कृषक, ज्यामी, चेली, मान्छे, कालीदास, बाल्मिकी, होमर, भानु, लक्ष्मी, लेखनाथ, सम, मुर्दा, बौलाहा, पत्नी, सुरक्षाकर्मी, आतङ्ककारी, नेताजी, पुतली, अभिमन्यू, भिमसेन, बुख्याचा, बादल, धर्ती, आदि जस्ता विविध सहभागीहरूको प्रयोग गरिएको छ । यी पात्रहरू मानवीय, मानवेत्तर, प्रमुख, सहायक, गौण, वर्गीय, व्यक्तिगत जस्ता विविध विशेषताले युक्त रहेका छन् । यस्ता सहभागीहरूको प्रयोग गरिएको कविताको उदाहरणलाई यहाँ प्रस्तुत गरिएको छ :

कृषक, कमैया र ज्यामीहरू
भोकले छटपटाएनन्
झुक्याएर विदेशी सहरमा
कुनै चेलीहरू बेचिएनन्
अर्को अचम्म भयो !
आज नेपाल बन्द भएन ।

(कुनै समाचार छैन, पृ. १८)

कविताको प्रस्तुत अंशमा कृषक, कमैया, ज्यामी, चेली जस्ता सहभागीहरू आएका छन् । यहाँ आएका सहभागीहरूले देशको तत्कालीन परिवेश र घटनालाई उजागर गरेको छ ।

### ४.१.१.५ परिवेश

**बुद्धहरू मर्दैनन्** कवितासङ्ग्रहमा परिवेशगत तारतम्य योजनाबद्ध किसिमले गरिएको नभएपनि परिवेश भने पाउन सकिन्छ । यहाँ प्रयुक्त परिवेशको उदाहरणलाई यसरी प्रस्तुत गरिएको छ :

धेरै वर्षदेखि
पार्क र सार्वजनिक स्थलमा

सहरका चौबाटाहरूमा
गर्वले ठडिएका छन्
शहीदका अम्ला र भव्य शालिकहरू !
(शहीदहरूको पलायन ?, पृ. २६)

प्रस्तुत कवितांशमा स्थलगत परिवेशको रूपमा पार्क, सार्वजनिक स्थल, सहरका चौबाटो आदि आएका छन् भने समयगत परिवेशका रूपमा धेरै वर्षको सङ्केत गरिएको छ । त्यस्तैगरी सडकका बीचमा ठडिएका शालिकहरूको अपमान भइरहेको वातावरणको वर्णन गरिएको छ ।

### ४.१.१.६ उद्देश्य

प्रस्तुत सङ्ग्रहका कविताहरूमा हत्या, हिंसा, आतङ्क, नेपाल बन्द, शहीदहरूको अपमान, गरिबी आदि विषयहरूको समावेश गरेर समाज र राजनीतिमा देखिएका विकृति विसङ्ग्तिप्रति व्यङ्ग्य गरिएको छ । हत्या हिंसाको विरोध र शान्तिको कामना गर्ने उद्देश्यले पनि कविता रचना गरिएका छन् । यस्तो उद्देश्यले रचना गरिएका कविताका उदाहरणलाई यहाँ प्रस्तुत गरिएको छ :

माटोमा छरेका बीजबाट
खिलखिलाएर निस्कन्छ बुद्ध !
कारखानाभित्र,
निर्माण र रचनाभित्र
सौन्दर्य, माधुर्य र मृदुमुस्कानभित्र
ममता र वात्सल्यभित्र
निश्छल हाँसिरहेको हुन्छ बुद्ध !
(बुद्धहरू मर्दैनन, पृ. ७६)
शिर ओत्ने खै, छानो छैन
साँझ-बिहानको मानो छैन
नढाँटी भन्छु हिजोदेखि
पेटमा अन्नको दानो छैन

(मुर्दा हाँस्यो, पृ. २४)

माथिको कवितांशहरूमा शान्तिको चाहना तथा गरिबीको दयनीय अवस्थाको चित्रण गर्ने उद्देश्य रहेको छ ।

### ४.१.२ दृष्टिविन्दु

उत्तमकृष्ण मजगैयाँद्वारा रचिएको प्रस्तुत '**बुद्धहरूमर्दैनन्**' कवितासङ्ग्रहमा प्रथम र तृतीय दुवै दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा १९ वटा प्रथम पुरुष दृष्टिविन्दुमा र १५ वटा तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएका कविताहरू समावेश गरिएका छन् । जसअन्तर्गत अरु जस्तै म, सञ्चार नियति अभिशप्त शब्दहरू, भगवानको हत्या, कुनै समाचार छैन, म र कविता, मुर्दा हाँस्यो, माटोका कुरा गरौँ, अखबारमा समवेदना पढ्दा, मेरो भगवान्को आसन्न मृत्यु, नारी, एकमुठी उज्यालोका लागि, म मर्न चाहन्न, म आश्रम आइपुगें, अभिशप्त वर्तमान, नयाँ वारेसको खोजी, म कविता लेखिरहेको छु, बादल र म धर्तीका अनुहारहरू अनि मलाम जानुअघि प्रथम पुरुष दृष्टिविन्दुमा आधारित रही लेखिएका कविताहरू हुन् । त्यसको उदाहरणलाई तल प्रस्तुत गरिएको छ :

प्रत्येक विहान,
नयाँ अखबार हातमा लिँदा पनि
मेरा हात काँपिरहेका हुन्छन्,
समाचारका लागि
रेडियो-टि.भि. खोल्दा पनि
मेरो मन त्रस्त रहन्छ ।

(सञ्चार नियति, पृ. ५)

प्रस्तुत कविताांशमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यहाँ मेरा हात र मेरो मनजस्ता पदावली प्रयोग गरिएकाले यो प्रथम पुरुष दृष्टिविन्दुयुक्त कविताांश हो ।

त्यस्तैगरी एउटा सेतो परेवाको मृत्यु, रोबोट, लीलादर्शन, नीलडाम, शहीदहरूको पलायान, लेखनी युद्ध, भिखारिनी जन्मोत्सव, आस्था र पीपलको बूढो रूख, चक्रव्यूह, हार-जीत, बेवारिसे लास, पीडा, चेतना र आस्था, बुद्धहरू मर्दैनन्, नववर्षको शुभकामना तृतीय

पुरुष दृष्टिविन्दुमा लेखिएका कविताहरू हुन् । तृतीय पुरुष दृष्टिविन्दुको उदाहरणलाई तल प्रस्तुत गरिएको छ :

बस्छयौ नारी अब कति तिमी जालले खुम्चिएर
बेला आयो प्रखर रविझैँ जाग हे चम्किएर ।
तिम्रो यात्रा विकट-पथको धेर नै कष्टकारी
मुर्दा जस्तै नसुत अब लौ ! निस्क घुम्टो उघारी ।
(नारी, पृ. ४७) ।

प्रस्तुत कवितांशको श्लोकमा समग्र नारीहरूलाई प्रतिनिधित्व गर्दै जाग, उठ र चम्क जस्ता शब्दहरू प्रयोग गरी तृतीय पुरुष दृष्टिविन्दुमा कविले आफ्ना नारीवादी भावना व्यक्त गरेका छन् ।

### ४.१.३ भाषाशैली

उत्तमकृष्ण मजगैयाँ अत्यन्तै सरल कवि भएकाले उनका अन्य सङ्ग्रह जस्तै यो सङ्ग्रहमा पनि सरल र सम्प्रेष्य भाषाको प्रयोग गरिएको छ । उनको यस सङ्ग्रहमा सरलता, सरसता, सहजता तथा नवीनता जस्ता विशेषता पाइन्छ । “कवि मजगैयाँका कविताहरू सरल एवम् आफ्नो विषयलाई सम्प्रेषण गर्न सफल छन् तर तिनको शैली प्रस्तुति तथा प्रतीकहरूको प्रयोगमा भने नयाँपनको अभाव छ ।” (मधिकर्मी, २०६० : ९) स्पष्ट अभिव्यक्ति कलात्मक भाषा र नवीन शैली शिल्पले उनको भाषा कठिन नभएर अझ सम्प्रेषणीय बनेको छ । उनका यस कवितासङ्ग्रहभित्रका कविताहरूलाई जुनसुकै पाठकले पनि सजिलै पढेर बुझ्न सक्छन् । मजगैयाँले आवश्यक रूपमा तद्भव, तत्सम र आगन्तुक शब्दहरूको प्रयोग गर्दै भाषालाई अझ सुन्दर एवम् आकर्षक बनाएका छन् ।

प्रस्तुत सङ्ग्रहमा समावेश गरिएका सबैजसो कविता मुक्तलयमा रचिएका छन् । कतै वस्तुपरक त कतै आत्मपरक शैलमिा द्वन्द्वका चपेटामा परेका नेपाली जनताको वास्तविकतालाई झल्काउने खालका रचना यस सङ्ग्रहमा राखिएका छन् । शान्त एवम् सौम्य तरिकाले व्यङ्ग्य गर्दै समाजमा घटेका परिघटनाहरूलाई यथार्थ चित्रण गर्न विभिन्न विम्ब, प्रतीक र अलङ्कारको समेत समुचित प्रयोग गरिएको छ ।

कवि उत्तमकृष्ण मजगैयाँले बुद्धहरू मर्दैनन् कवितासङ्ग्रहमा रहेका कवितालाई सशक्त र गहन बनाउन विविध विम्ब, प्रतीक र अलङ्कारको प्रयोग गरेका छन् । आफूले अनुभव गरेका नवीन तथा पुरातन विम्ब प्रतीकलाई समुचित प्रयोग गरेर उनले आफ्ना कवितालाई बढी रोचक, स्तरीय, प्रभावकारी र भाव गम्भीर तुल्याएका छन् । तिनका उदाहरणहरू निम्न छन् :

उसले निसाना ताकेर पड्काएको
बन्दुकको भयङ्कर गर्जनका साथै एउटा रगताम्मे सेतो परेवा
उसकै छेउ आएर
भुईंमा फच्याक्क खस्यो ।

(एउटा सेतो परेवाको मृत्यु, पृ.४)

माथि उद्धृत कवितांशमा सेतो परेवालाई शान्तिको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ ।

समयको चोटले
पक्षघात भएको मन बोकेर
तपाईं-हामी जस्तै हिँड्डुल गर्न सक्ने
तर पूरै संवेदनाशून्य !
मानौँ ऊ एउटा
फगत एउटा
सजीव रोबोट हो ।

(रोबोट, पृ.८)

माथि प्रस्तुत गरिएको उदाहरणमा रोबोटलाई संवेदनाहीन तथा चेतनाविहीन मान्छेको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । यहाँ आफ्ना आँखै अगाडि विभिन्न हत्या हिंसा तथा बलात्कार हुँदा पनि समय र परिस्थितिले गर्दा चेतना नभएको रोबोटका जसरी मूकदर्शक हुनुपर्ने यथार्थलाई अभिव्यक्त गरिएको छ ।

जब एउटा फूल फक्रिन्छ
तब बुद्धत्व पनि खिल्छ
उसका पुष्पदल र मकरन्दमा
चारैतिर सुवास छर्दै

(**बुद्धहरू मर्दैनन्**, पृ.७५)

प्रस्तुत कविताांशमा फूललाई भर्खर जन्मेको शिशु र फक्रनुलाई उसभित्र पैदा भएको पवित्र विचार तथा भावनाको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ ।

मैले सृष्टि गरेको यी बुख्याचाहरूले पनि
तर्साउँछन् मलाई नै अब यो वृद्ध भो भनी
म एक्लो छु निकै ठूलो परिवार भए पनि
रिक्त हुन्न कुनै छाती जति दूर गए पनि ।

(म आश्रम आइपुगेँ, पृ.६१) ।

माथिको कविताांशमा हरेक पाउको अन्तिम क्रियामा पनि, भनि, पनि, पनि जस्ता क्रियाको आवृत्तिमूलक प्रयोग गरी शब्दालङ्कारका रूपमा अन्त्यानुप्रासको प्रयोग गरिएको छ । त्यसैले प्रस्तुत श्लोकमा शब्दालङ्कारको प्रयोग गरिएको छ ।

हेर्दाहेर्दै
एक्कासि त्यही तसबिरबाट
सुट्ट झरेर
त्यस भयानक अनुहारले
मनपरि डस्ने गर्छ
मस्तिष्कहरूलाई
र पुनः गएर
थपक्क बस्ने गर्छ
त्यही तसबिरभित्र ।

(नीलडाम, पृ.१५)

माथि दिइएको कवितांशमा अर्थालङ्कारअन्तर्गत अतिशयोक्ति अलङ्कारको प्रयोग गरिएको छ । यसमा तस्वीरबाट कुनै व्यक्ति आएर डस्ने अनि पुनः फर्केर त्यही तस्वीरभित्र जाने अपत्यारिलो प्रसङ्ग उल्लेख गरेकाले यो अतिशयोक्ति अलङ्कारको उदाहरण हो ।

यसरी कवि मजगैयाँद्वारा रचित प्रस्तुत **'बुद्धहरू मर्दैनन'** कवितासङ्ग्रहमा समसामयिक विषयवस्तुको उठान गर्दै समग्र नेपालीहरूलाई हत्या हिंसाको बाटो छाडेर विचारको राजनीति गर्न अपिल गरिएको छ । यसमा विभिन्न राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा युद्धले पारेको नकरात्मक प्रभावको असर देखाउँदै नेपाली जनतामा ह्रास हुँदै गएको, समवेदनाप्रति चिन्ता व्यक्त गरिएको छ । विभिन्न विम्ब, प्रतीक र अलङ्कारको संयोजनद्वारा यस कवितासङ्ग्रहका कविताहरू रोचक एवम् गहन बनेका छन् ।

### ४.१.४ 'बुद्धहरू मर्दैनन्' कवितासङ्ग्रहको प्रवृत्तिगत विश्लेषण

कवि उत्तमकृष्ण मजगैयाँले प्रस्तुत **बुद्धहरू मर्दैनन्** कवितासङ्ग्रहमा सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् । उनका पूर्वाद्ध चरणका कवितासङ्ग्रहमा जति व्यङ्ग्य यस चरणमा नगरिए तापनि देशको परिस्थितिलाई नजिकैबाट नियालेका मजगैयाँले घुमाउरो पाराले व्यङ्ग्य गर्दै समग्र नेपालीलाई सचेत बनाउने काम यस सङ्ग्रहमा गरेका छन् । २०५० को दशकताका सरकार पक्ष र विद्रोही पक्षका बीचमा भएको दोहोरो भिडन्तले धरै नेपालीको ज्यान गएकोप्रति दुःख व्यक्त गर्दै कविले हिंसाले परिवर्तन नआउने कुरालाई व्यङ्ग्यात्मक रूपले प्रस्तुत गरेका छन् । समग्रमा मा यस सङ्ग्रहमा पाइने व्यङ्ग्य चेतनालाई निम्नानुसारले चर्चा गरिएको छ :

### ४.१.४.१ राजनीतकि क्षेत्रमा देखिएका विकृतिप्रतिको व्यङ्ग्य

प्रस्तुत कवितासङ्ग्रह राजनीतिक क्षेत्रमा देखिएका अवसरवादी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । आफ्नो स्वार्थ पूरा गर्न सोझासाझा निर्दोष जनतालाई भऱ्याङ बनाएर सत्तामा पुग्ने नेताहरूप्र त यहाँ व्यङ्ग्य गरिएको छ । व्यङ्ग्यात्मक ढङ्गबाट हत्या र हिंसाको माध्यमबाट संसार जित्न चाहनेहरूलाई यस सङ्ग्रहमा व्यङ्ग्य गरिएको छ । राजनीतिक क्षेत्रमा देखिएका विकृतिहरूलाई निम्न कवितांशद्वारा स्पष्ट पार्न खोजिएको छ :

सत्ताको तानातानीमा
फाट्न थालेको राष्ट्रिय झण्डा झैँ
या नायकहरूले गरेका
राष्ट्रिय-ढुकटीका भागबण्डा झैँ
नराम्ररी खण्डित हुँदै गएको छ
मेरो आस्था र विश्वास
(अरुजस्तै म, पृ.२)

प्रस्तुत कवितासङ्ग्रहमा सत्तामोहले राष्ट्रका नायकहरू नै तछाड र मछाड गरी टुक्रा टुक्रामा राष्ट्र र राष्ट्रिय ढुकुटीलाई आफ्नै वृत्ता सम्झी भागबन्डा गरेकोप्रति आक्रोशित हुँदै व्यङ्ग्य गरिएको छ । मुलुकबासी जनताहरूले शान्ति र सम्वृद्धिको आशा एवम् विश्वास गरिरहेका बेला राष्ट्रका खलनायहरूले आफ्नै स्वार्थपूर्तिका लागि राष्ट्रको अस्तित्व नै मेटाउन थाली राष्ट्रिय सम्पत्तिको दुरूपयोग गरेकोप्रति यहाँ व्यङ्ग्य गरिएको छ । यसरी समसामयिक राजनीतिबाट आक्रान्त बनेका नेपालीको आक्रोश र रोदन माथिको कवितांशले प्रष्ट पारेको छ ।

प्रजातन्त्रको गीत गाउँदै शहीदहरूको रामनामीले
आफूलाई गम्लङ्ग छोपेको छ
अनि, विकास र परिवर्तनका नाममा
रचिरहेको छ जनताको वरिपरि
अब अर्को नयाँ चक्रव्यूह !
(चक्रव्यूह, पृ.४९)

माथिको कवितांशमा चुनाव केन्द्रित नेताहरूले जनतालाई विकास र परवर्तनका झुटा आश्वासनले चक्रव्यूहमा पारेर भोट माग्ने परिपाटीप्रति व्यङ्ग्य गरिएको छ । विभिन्न शहीदहरूको नामलाई आफ्नो पार्टीसँग जोड्दै र आफूलाई त्यागी अनि राष्ट्रप्रेमी नेताको उपमा दिँदै खोक्रा आश्वासन बाँडेर भोटका लागि मात्र जनताका माझ जाने नेताहरूप्रति यहाँ व्यङ्ग्य गरिएको छ । चुनाव आएपछि मात्र अनेक थरी सपना बाँड्दै जनताको घरदैलोमा पुग्ने नेताहरू प्रजातन्त्रका नाममा जनतालाई उल्लु बनाउँदै आफ्नो स्वार्थमा लिप्न रहने प्रवृत्तिप्रति यहाँ व्यङ्ग्य गरिएको छ ।

### ४.१.४.२ आर्थिक विषमताप्रति व्यङ्ग्य

प्रस्तुत कवितासङ्ग्रहमा उत्तमकृष्ण मजगैयाँले राजनीतिक विषयवस्तुलाई प्रमुख विषय बनाए पनि कहीँ कतै आर्थिक विचलनले निम्त्याएको समस्याप्रति पनि व्यङ्ग्य गरेका छन् । कहीँ भिखारीनीले आफ्ना लालाबाला पाल्नका निमित्त सडकमा बसेर हात पसारिरहेको कारूणिक अवस्थाको चित्रण गरिएको छ भने कतै सन्तान जन्मिदा बाबुआमाले पुर्पुरो समात्नु पर्ने अवस्थाप्रति व्यङ्ग्य गरिएको छ । जसको उदाहरणलाई निम्न कवितांशद्वारा प्रष्ट पारिएको छ :

ऊ सधैँ टुक्रुक्क बसेकी हुन्छे
म्लान अनुहार, थकित-थकित
हात पसारिरहेकी हुन्छे
त्यस बाटोबाट ओहोर-दोहोर गर्ने
प्रायः प्रत्यके बटुवाहरूका सामु !
(भिखारीनी, पृ.३१)

उद्धृत कवितांशमा बाटोमा बसी मागेर जीवन गुजारा गर्ने एकल महिलाको दयनीय अवस्थालाई चित्रण गरिएको छ । साना-साना बालबच्चाको भोक प्यास मेटाउन हात फैलाएर बस्नु पर्ने बाध्यात्मक स्थितिप्रति यहाँ सङ्केत गरिएको छ । थकित शरीर र मलिन अनुहार लिएर जीवन गुजारा गर्नुपर्ने अवस्थाप्रति सङ्केत गर्दै यस्तो कारूणिक अवस्थामा पुऱ्याउने दानवहरूप्रति यहाँ व्यङ्ग्य गरिएको छ ।

घिउ तेल र माछा मासु
दुध दही र अनाज मरू
कसरी पाल्ने यो थप प्याउसो
थाप्लो ठोक्यो - अब के गरू ?
(जन्मोत्सव, पृ.३४)

माथिको कवितांशमा कमजोर आर्थिक अवस्थाका कारण धनियाँ र हरियाको परिवारमा जन्मेको थप सन्तानले झनै कठिन परिस्थिति सिर्जना भएको विचार व्यक्त गरिएको छ । एकातिर आफ्नो आर्थिक अवस्थाप्रति बेवास्ता गर्दै सन्तान जन्माइरहने हरिया

र धनियाँप्रति यहाँ व्यङ्ग्य गरिएको छ भने अर्कातिर थप नयाँ मतदाता जन्मिएको खुसियालीमा नेताजीले गरेको भोजभतेरप्रति यस कवितांशले व्यङ्ग्य गरेको छ ।

### ४.१.४.३ हत्या हिंसाका विरूद्धमा गरिएको व्यङ्ग्य

उत्तमकृष्ण मजगैयाँले यस सङ्ग्रहका धेरै जसो कवितामा हिंसाको विरोध गर्दै शान्तिपूर्ण आन्दोलन गर्न अपिल गरेका छन् । हत्या र हिंसाले हजारौं निर्दोष नेपालीहरूको ज्यान गएकोमा उनी दुःखी छन् । हत्या, हिंसा, क्रान्ति र परिवर्तनका कुरा सुन्दा सुन्दा जनताहरू त्रसित भएको कुरा कविले व्यङ्ग्यात्मक पाराले व्यक्त गरेका छन् । यस सम्बन्धी उदाहरणलाई निम्नानुसार उल्लेख गरिएको छ :

यो सत्य हो
हतियार शक्तिका सामु
मैले सधैं नै घुँडा टेक्ने गरेको छु
क्रान्ति र इन्कलाब शब्दसित
म सधैं तर्सिने गरेको छु ।
(अखबारमा समवेदना पढ्दा पृ.४०)

माथि प्रस्तुत गरिएको कवितांशमा हिंसा र युद्धप्रति वितृष्णा जागेको अनुभूति गरिएको छ । हत्या, हिंसा, युद्ध सङ्घर्ष, इन्कलाब, क्रान्ति शब्द सुन्नासाथ त्रसित हुने गरेको प्रसङ्ग उल्लेख गर्दै यस्ता शब्दबाट सबै मुक्त चाहेको कुरा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । अखबारमा आफ्नै समवेदन समते पढ्नु पर्ने अवस्था आएको प्रसङ्ग उल्लेख गर्दै यस्तो परिस्थिति सिर्जना गर्नेहरूप्रति यहाँ व्यङ्ग्य गरिएको छ ।

तिमी उभिएको धरातल धर्ती होइन
बीभत्स हाडकै पहाड हो,
रगतकै उर्लदो नदी हो,
तिमीले फेरिरहेको सास पनि
निर्मित भएको छ बारूतको धुवाँ र
लासहरू कुहिएको दुर्गन्धबाट
(मलाम जानुअघि, पृ.७८) ।

माथि प्रस्तुत गरिएको कवितांशमा हत्या हिंसामा होमिएका वर्गप्रति 'तिमी' सम्बोधन गर्दै व्यङ्ग्य गरिएको छ । यहाँ भनिएको छ तिमीले टेकेको धर्ती र तिमीले फेर्ने सास सबै मृत मानिसका लासबाट निर्मित छ । त्यसैले हे युद्धवीर हो यस्तो हत्या हिंसा नगर यसबाट परिवर्तनको आशा नराख भन्ने अपिल यहाँ गरिएको छ । आफ्नो चेतना र समवेदना गुमाएका निर्जिवतुल्य कठोर मानवप्रति यहाँ व्यङ्ग्य गरिएको छ ।

अतः प्रस्तुत **बुद्धहरू मर्दैनन्** कवितासङ्ग्रहमा कवि मजगैयाँले राजनीतिक, आर्थिक तथा युद्धमा होमिएका व्यक्तिहरूलाई लक्षित गर्दै विभिन्न क्षेत्रमा देखिएका विकृतिहरूको व्यङ्ग्यात्मक अभिव्यक्ति दिएका छन् ।

### ४.१.५ निष्कर्ष

प्रस्तुत परिच्छेदमा उत्तमकृष्ण मजगैयाँको उत्तरार्ध चरणमा लेखिएको ''बुद्धहरू मर्दैनन् कवितासङ्ग्रहको विश्लेषण गरिएको छ । मजगैयाँको तेस्रो तथा अन्तिम कवितासङ्ग्रह **बुद्धहरू मर्दैनन्** मा जम्मा चौतीस वटा कविताहरू समावेश गरिएका छन् । यस सङ्ग्रहका कविताहरूलाई विषयवस्तु, भाव वा विचार, प्रवृत्तिगत विश्लेषण तथा भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

प्रस्तुत सङ्ग्रहका कवितामा सशस्त्र युद्ध, राजनीतिक तथा सामाजिक घटनाहरू विषयको रूपमा प्रयोग भएका छन् । यस सङ्ग्रहमा विविध विषयवस्तुका माध्यमबाट सामाजिक, राजनीतिक तथा आर्थिक क्षेत्रमा देखिएका विकृति विसङ्गतिको चित्रण गर्दै प्रवृत्तिगत विश्लेषण गरिएको छ । त्यसैगरी हत्याहिंसाको विरोध, राजनीतिक वेथितिप्रति आक्रोश, मानवतावादी विचार प्रस्तुत, शान्तिको मार्गमा आउन आग्रह आदि जस्ता भाव तथा विचार यस सङ्ग्रहमा व्यक्त भएका छन् ।

यस सङ्ग्रहका कवितामा प्रथम पुरुष र तृतीय पुरुष दुवै दृष्टिविन्दुको प्रयोग गरिएको छ । कहीँ म, हामीका माध्यमबाट द्वन्द्वको विरोध गरिएको छ भने कतै ऊ, उनीका माध्यमबाट युद्धको शिकार भएका पीडितका पक्षमा विचार व्यक्त गरिएको छ । भाषाशैलीय विन्यासका दृष्टिले पनि यस सङ्ग्रहका कविताहरू अत्यन्तै सफल देखिन्छन् । विषयअनुसारको भाषा र शैलीको प्रयोगले कवितामा विश्वसनीयता थपिएको छ । विम्ब, प्रतीक र अलङ्कारको सुन्दर संयोजनले कविताहरू अझ बढी रोचक र गहन बनेका छन् । यी विविध विशेषताले गर्दा प्रस्तुत सङ्ग्रहका कविता सफल देखिन्छन् ।

# परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

उत्तमकृष्ण मजगैयाँका कविताहरूको अध्ययन गर्ने क्रममा विभिन्न परिच्छेदमा राखी अध्ययन विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

पहिलो परिच्छेदअन्तर्गत यस शोधपत्रको शोधपरिचय प्रस्तुत गरिएको छ । यस खण्डमा विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, महत्व तथा उपयोगिता, शोधकार्यको क्षेत्र र सीमा, शोधविधि, शोधपत्रको रूपरेखासम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा उत्तमकृष्ण मजगैयाँको काव्ययात्रा, चरण विभाजन र प्रवृत्तिहरूको विश्लेषण गरिएको छ । उनको काव्ययात्रा २०२० सालबाट प्रारम्भ भएको पाइन्छ । २०२० सालमा 'तब मात्र' शीर्षकको कविता प्रकाशन गरेर साहित्यिक यात्रामा लागेका मजगैयाँको कलम सफल रूपमा भने २०२७ सालबाट मात्र चलेको पाइन्छ । उनी २०२० बाट हालसम्म पनि साहित्यका विविध क्षेत्र कविता, निबन्ध र कथामा आफ्ना कृतिहरू सिर्जना गरिरहेका छन् । हालसम्म उनका तीन वटा निबन्धसङ्ग्रहरू, तीनवटा कवितासङ्ग्रहहरू दुई वटा खण्डकाव्य र एउटा कथासङ्ग्रह गरी नौवटा कृतिहरू प्रकाशित छन् ।

चरण विभाजनअन्तर्गत मजगैयाँको हालसम्म प्रकाशित कृतिहरूलाई पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गरिएको छ । २०२० सालबाट २०५८ सालसम्म लेखिएका कवितासङ्ग्रहलाई पूर्वार्द्ध चरणमा राखी अध्ययन गरिएको छ भने २०५९ सालदेखि हालसम्म प्रकाशित कृतिलाई उत्तरार्द्ध चरणमा राखी अध्ययन गरिएको छ । उनको पूर्वार्द्ध चरणमा **जय अवसरवाद** र **तिमी 'नरहे देश डुब्न्याछ** कवितासङ्ग्रह पर्दछन् । यी दुवै कवितासङ्ग्रहमा राजनीतिक आर्थिक एवम् सामाजिक क्षेत्रमा देखिएका विकृति विसङ्गतिप्रति व्यङ्ग्यात्मक ढङ्गले प्रहार गरिएको छ । उत्तरार्द्ध चरणमा रहेको **बुद्धहरू मर्दैनन्** कवितासङ्ग्रहमा समसामयिक राजनीतिक अवस्थाले मानिसमा पैदा भएको डर त्रास र निरासताका बारेमा उल्लेख गरिएको छ ।

मजगैयाँको पूर्वार्द्ध चरणमा हास्यव्यङ्गयात्मकता, विकृति विसङ्गतिप्रति व्यङ्ग्य, राजनीतिक यथार्थको चित्रण, फुटकर कवितादेखि खण्डकाव्य सम्मका कृतिको रचना, भ्रष्टचारप्रतिको विरोध आदि प्रवृत्ति पाइन्छन् । त्यस्तैगरी उत्तरार्द्ध चरणमा समसामयिक राजनीतिक परिवेशको चित्रण, हत्या हिंसाको विरोध, मानवतावादी कविताको रचना, समयानुकूल परिवर्तनको चाहना आदि जस्ता विशेषता पाइन्छन् ।

तेस्रो परिच्छेदमा उत्तमकृष्ण मजगैयाँको पूर्वार्द्ध चरणका कवितासङ्ग्रहरूको विश्लेषण गरिएको छ । यस चरणमा **जय अवसरवाद** र **तिमी नरहे देश डुब्न्याछ** दुई वटा सङ्ग्रहहरू राखिएका छन् । यी दुवै सङ्ग्रहको कृतिपरिचय, विषयवस्तु भाव वा विचार, प्रवृत्तिगत विश्लेषण, दृष्टिविन्दु र भाषाशैलीका आधारमा छुट्टाछुट्टै शीर्षकमा राखी अध्ययन विश्लेषण गरिएको छ । यी दुवै सङ्ग्रहका विषयवस्तु भाव, प्रवृत्ति र भाषाशैलीगत विशेषताहरू मिल्दाजुल्दा भएकाले पूर्वार्द्ध चरणमा राखी अध्ययन विश्लेषण गरिएको हो ।

पूर्वार्द्ध चरणका प्रस्तुत सङ्ग्रहहरूमा तत्कालीन समयमा राजनीतिक कु-व्यवस्थाप्रति व्यङ्ग्य गरिएको छ । **जय अवसरवाद** कवितासङ्ग्रहमा पञ्चायतकालीन शासन व्यवस्थाका नराम्रो पक्षको खुलेर विरोध गर्ने अवस्था नरहेकाले व्यङ्ग्यात्मक तरिकाले सत्तासिनहरूलाई घोचपेच गरिएको छ । त्यस्तै **तिमी नरहे देश डुब्न्याछ** कवितासङ्ग्रहमा प्रतीकात्मक हिसावले राजनीतिको नाममा आफ्नो मात्र ठूलो सोझ्याउने नेताहरूलाई व्यङ्ग्यद्वारा प्रहार गरिएको छ । यस चरणका दुवै सङ्ग्रहहरू हास्यव्यङ्ग्यात्मक भएकाले दुवैमा सामाजिक, राजनीतिक तथा आर्थिक क्षेत्रमा देखिएका विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । अत्यन्तै सरल, सहज भाषाशैलीको प्रयोग गर्दै आवश्यक रूपमा बिम्ब, प्रतीक र अलङ्कारको संयोजनले यी दुवै सङ्ग्रह उत्कृष्ट बनेका छन् ।

चौथो परिच्छेदमा मजगैयाँको उत्तरार्द्ध चरणमा पर्ने कवितासङ्ग्रहको अध्ययन विश्लेषण गरिएको छ । यस चरणमा उनको एउटा मात्र **बुद्धहरू मर्दैनन्** कवितासङ्ग्रह प्रकाशित छ । यस सङ्ग्रहको पनि कृति परिचय विषयवस्तु, भाव वा विचार, प्रवृत्तिगत, विश्लेषण, दृष्टिविन्दु र भाषाशैलीका आधारमा छुट्टाछुट्टै शीर्षकमा राखी अध्ययन विश्लेषण गरिएको छ । यस सङ्ग्रहमा मजगैंयाले देशको समसामयिक स्थितिको चित्रण गर्दै युद्धको प्रतिकारमा आफ्ना भावनाहरू कवितामार्फत पोखेका छन् । मानवमा मानवताको भावनामा ह्रास हुँदै समवेदना हराउँदै गएको विचार यस सङ्ग्रहमा व्यक्त गरिएको छ । यस सङ्ग्रहले

हत्या, हिंसा र युद्धले नै शक्ति प्राप्त गर्न सकिन्छ भन्ने व्यक्तिहरूलाई हिंसाको बाटो छाडेर विचारको राजनीति गर्न आग्रह गरेको छ । यी समग्र पक्षलाई हेर्दा मजगैँया एक राष्ट्र प्रेमी कविका रूपमा स्थापित छन् ।

मजगैयाँको यस चरणमा संख्यात्मक हिसावले अत्यन्तै थोरै कृतिहरू सृजना भएतापनि गुणात्मकताका दृष्टिले यो चरण उनका लागि महत्वपूर्ण रहेको छ । यस चरणमा उनको एउटा मात्रै कवितासङ्ग्रह प्रकाशित भएतापनि यो कृतिले समसामयिक युगबोधको सचित्र वर्णन गर्न सफल भएको छ । दश वर्षे सशस्त्र युद्धले देशमा उत्पन्न कहालीलाग्दो परिस्थितिलाई यस सङ्ग्रहले छर्लङ्ग बनाएको छ । युद्धका त्रासले मानिसहरूमा बाँच्ने जीजीविषा नै हराउँदै गएको स्थिति यस सङ्ग्रहका कवितामा व्यक्त गरिएको छ । प्रथम पुरुष र तृतीय दुवै दृष्टिविन्दुको प्रयोग गरिएको यस सङ्ग्रहमा धेरैजसो कविताहरू मुक्तलयमा संरचित छन् । पूर्वार्द्ध चरणमाभन्दा यस चरणमा भाषाशैली तथा बिम्ब, प्रतीक र अलङ्कारको प्रयोगमा अझ बढी निखारता आएको छ । जसले गर्दा कविताहरू अत्यन्तै गहन एवम् भावप्रधान छन् ।

## ५.२ निष्कर्ष

२०२० सालबाट साहित्यिक क्षेत्रमा प्रवेश गरेका उत्तमकृष्ण मजगैयाँले २०५४ सालमा आएर मात्रै कवितासङ्ग्रह प्रकाशन गरेका छन् । हालसम्म उनका तीनवटा कवितासङ्ग्रह सहित नौवटा कृतिहरू प्रकाशित छन् । उनी शिक्षक, साहित्यकार तथा समाजसेवीका रूपमा स्थापित छन् । मुलतः मजगैयाँ नेपाली साहित्यमा हास्यव्यङ्ग्य साहित्यकारका रूपमा सुपरिचित छन् । उनले समाजमा देखिएका बेथितिहरूलाई व्यङ्ग्यमार्फत घुमाइफिराई व्यङ्ग्य गरेका छन् ।

उनका पूर्वार्द्ध चरणका कवितासङ्ग्रहमा पञ्चायतकालीन शासन व्यवस्थाको विरोध र प्रजातन्त्रको फाइदा लुटी आफ्नै मात्र स्वार्थपूर्ति गर्ने राजनीतिज्ञप्रति तीव्र व्यङ्ग्य गरिएको छ । उनले तत्कालीन समयमा खुलेर विरोध गर्ने अवस्था नरहेकाले व्यङ्ग्यमार्फत विद्रोह गरेको स्वीकारेका छन् । देश, जनता र माटोप्रति अत्यन्तै मायाँ गर्ने मजगैयाँले तिनै जनता र देशप्रति समर्पित भएर कविता रचना गरेका छन् ।

मजगैयाँले पूर्वार्द्ध चरणका कवितामा देश र जनताको हितका लागि मरिमेट्ने सपना देखाएका राजनीतिज्ञहरू नै कुर्चीको खेलमा फँसेर आफ्नो मात्र स्वार्थ पुरा गरेको विचारप्रति व्यङ्ग्य गरेका छन् । उत्तरार्द्ध चरणमा लेखिएका कविताहरूमा शान्तिका अग्रदूत गौतम बुद्धको जन्मभूमिका हामी नेपालीमा नै हत्या, हिंसा र आतङ्कका छिटाहरू रहेकोप्रति दुःख व्यक्त गरेका छन् । यस चरणमा हिंसात्मक गतिविधिले सम्पूर्ण नेपालीमा बाँच्ने जीजीविषा गुम्दै गएकोप्रति दुःख व्यक्त गर्दै हत्याहिंसाको बाटो त्याग्न अपिल गरिएको छ ।

कविताको संरचनात्मक प्रारूपभित्र कविताहरूलाई राखेर हेर्दा विषयवस्तु, मूलभाव, प्रवृत्तिगत विश्लेषण र भाषाशैलीय विन्यासको स्थिति पनि मजबुत नै देखिएको छ । संरचनात्मक प्रारूपका आधारमा कविताहरू विविधतापूर्ण रहेका देखिन्छन् । अत्यन्तै सरल, सहज भाषाशैलीको प्रयोगले गर्दा उनका कविताहरू पाठकद्वारा रुचाइएका पनि छन् ।

उत्तमकृष्ण मजगैयाँको कवितायात्रा २०२० सालबाट प्रारम्भ भई आजसम्म पनि निरन्तर चलिरहेको छ । सुरुमा **तवमात्र** शीर्षकको कविता प्रकाशन गरेर साहित्यिक यात्रा सुरु गरेका मजगैयाँका हालसम्म नौवटा कृति प्रकाशित छन् । देशको राजनीतिक परिस्थिति, सामाजिक विषमता तथा आर्थिक असमानताप्रति व्यङ्ग्य गर्दै उनले तीनवटा कवितासङ्ग्रह, तीनवटा निबन्धसङ्ग्रह, दुईवटा खण्डकाव्य र एउटा कथासङ्ग्रह गरी हालसम्म उनले नौवटा कृति प्रकाशित गरेका छन् । उनका हालसम्म प्रकाशित कवितासङ्ग्रहहरूलाई दृष्टिगत गर्दा दुई चरणमा राखेर विश्लेषण गरिएको छ । २०२० देखि २०५८ सालसम्मको अवधिभित्र प्रकाशित कवितासङ्ग्रहलाई पूर्वार्द्ध चरण र २०५९ देखि हालसम्म प्रकाशित कवितासङ्ग्रहलाई उत्तरार्ध चरणमा राखेर विश्लेषण गरिएको छ ।

उनका पूर्वार्द्ध चरणका कवितासङ्ग्रहहरूमा **जय अवसरवाद** (२०५४) र **तिमी नरहे देश डुब्न्याछ** (२०५६) दुई कवितासङ्ग्रहरू प्रकाशित छन् । यी सङ्ग्रहमा चालीस-चालीसवटा कविताहरू समावेश गरिएका छन् । यी सङ्ग्रहहरू दुवै हाँस्यव्यङ्ग्य शैलीमा रचिएका छन् । यस चरणमा मजगैयाँले समसामयिक परिस्थितिमा राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा देखिएका विकृतिहरूलाई व्यङ्ग्यात्मक शैलीद्वारा प्रस्तुत गरेका छन् । उनका पूर्वाद्ध चरणका कविताहरूमा हास्यव्यङ्ग्यात्मक, राजनीतिक कुव्यवस्थाप्रति व्यङ्ग्य भ्रष्टचारीप्रति विरोध, समाजका विकृति विसङ्गतिप्रति व्यङ्ग्य, आर्थिक विषमताप्रति व्यङ्ग्य, नारीप्रति सहानुभूति जस्ता प्रवृत्ति पाइन्छन् ।

उत्तरार्ध चरणमा मजगैयाँको **बुद्धहरू मर्दैनन्** (२०५९) एउटा मात्र कवितासङ्ग्रह प्रकाशित छ । यस सङ्ग्रहमा चौतीसवटा कविताहरू सङ्गृहीत गरिएका छन् । यस सङ्ग्रहमा समसामयिक राजनीतक परिस्थितिले निम्त्याएको हत्या हिंसा तथा युद्धले पारेको नकारात्मक प्रभावलाई प्रस्तुत गरिएको छ । उत्तरार्द्ध चरणमा मजगैयाँको लेखनमा केही सुस्तता आएपनि कविताहरू उत्कृष्ट छन् । यस चरणमा कविले राष्ट्रिय भावनाले ओतप्रोत भएका कविताहरू बढी रचेका छन् । हालसम्म पनि मजगैयाँले राष्ट्रप्रति बफादार भई राष्ट्रप्रति नै समर्पित विभिन्न फुटकर कविताहरू प्रकाशित गर्दै आएका छन् । उनका उत्तरार्द्ध चरणका कविताहरूमा मानवतावादी विचार, हत्याहिंसाको विरोध, सामाजिक तथा राजनीतिक क्षेत्रमा देखिएका विकृतिप्रति व्यङ्ग्य, समयानुकूल परिवर्तनको चाहना, मानवीय अस्तित्वको खोजी आदि जस्ता प्रवृत्ति पाइन्छन् ।

अतः गद्य र पद्य दुवै शैलीमा कविता रचना गरेका मजगैयाँका रचनामा देशमा घटेका विभिन्न गतिविधिहरूको सुन्दर वर्णन पाइन्छ । समाजका यथार्थ घटनाहरूलाई जस्ताको तस्तै कवितामा प्रस्तुत गरेका कविले जीवन भोगाइका क्रममा देखेका, सुनेका क्रियाकलापलाई आफ्ना रचनामा उतारेका छन् । देशका राजनीतिक सामाजिक, सांस्कृतिक गतिविधिलाई सरल ढङ्गले आफ्ना कवितामा प्रस्तुत गरेका कविले नेपालको अस्थिर राजनीति, नेताहरूको बानी व्यववहारदेखि लिएर देशमा चलेको दश वर्षे द्वन्द्वको प्रभाव र जनताले पाएका पीडाका कुरा मुख्य रूपमा उठाएका छन् ।

समग्रमा उत्तमकृष्ण मजगैयाँका कविताकृतिमा हास्यव्यङ्ग्यात्मकता, राजनीतिक चिन्तन, मानवतावादी विचार, राष्ट्रप्रेम, नारीप्रति सहानुभूति, हत्याहिंसाको विरोध, सामाजिक चिन्तन, शोषित पीडित वर्गका पक्षधर, प्रतीकात्मक प्रस्तुति आदि प्रवृत्तिहरू देखिएका छन् । मजगैँयाका यिनै गुणात्मक एवम् परिमाणात्मक काव्यिक योगदानलाई दृष्टिगत गर्दा नेपाली साहित्यमा उनको योगदान अविष्मरणीय छ ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र (२०५६), 'जय अवसरवादको व्यङ्ग्यात्मक सिधापन', **गरिमा**, (वर्ष २७/अङ्क १९९), पृ. ११५-११६ ।

काफ्ले, माधव (२०५५), 'सामाजिक विकृतिप्रति तीक्ष्ण प्रहार', **मधुपर्क**, (वर्ष, ३१/अङ्क ३५५) पृ. २६ ।

कार्की, प्रतिरोध (२०६१), 'बुद्धहरू मर्दैनन्', **मधुपर्क,** (वर्ष ३७/अङ्क २) पृ. ४३ ।

क्षेत्री, दुवसु (२०५९), **प्रकाशकीय, बुद्धहरू मर्दैनन्**, उत्तमकृष्ण मजगैयाँ, काठमाडौँ : बसुन्धरा-मान प्रज्ञाप्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०६०), **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, ललितपुर : साझाप्रकाशन ।

................ (२०६६), **समकालीन नेपाली कविताका प्रवृत्ति**, काठमाडौँ : पैरवी प्रकाशन ।

घिमिरे, रघु (२०५६), 'शिष्ट हास्य व्यङ्ग्य कविता सँगालो', **रचना**, (वर्ष ३९/अङ्क ६८) पृ. ४८-४९ ।

घिमिरे रोचक (२०५६), प्रकाशकीय **तिमी नरहे देश डुब्न्याछ** काठमाडौँ : भैरव पुरस्कार गुठी ।

त्रिपाठी, वासुदेव (२०४८), **नेपाली कविता भाग-४**, ललितपुर : साझा प्रकाशन

नयाँघरे युवराज (२०५७) **मधुपर्क**, (वर्ष ३३/अङ्क ८) पृ. २६ ।

बल्लभ, ईश्वर (२०५९) **मन्तव्य, बुद्धहरू मर्दैनन्**, काठमाडौँ : वसुन्धरा मान प्रज्ञाप्रतिष्ठान ।

भण्डारी, दुर्गाप्रसाद (२०५६), **भूमिका, तिमी नरहे देश डुब्न्याछ**, उत्तमकृष्ण मजगौयाँ, काठमाडौँ : भैरव पुरस्कार गुठी ।

मजगैँया, उत्तमकृष्ण (२०५४), **जयअवसरवाद**, दाङ : लेखक सङ्घ ।

............... (२०५६), **तिमी नरहे देश डुब्न्याछ**, काठमाडौँ : भैरव पुरस्कार गुठी ।

............... (२०५९), **बुद्धहरू मर्दैनन्**, काठमाडौँ : वसुन्धरा-मान प्रज्ञाप्रतिष्ठान ।

मधिकर्मी, ध्रुव (२०५६), दुई कविका कृतिमाथि संक्षिप्त चर्चा, **साप्ताहिक पुनर्जागरण,** पृ. ७ ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, ठाकुर (२०५७), विभिन्न तीन कृतिमाथि तेस्रो दृष्टि, **दायित्व**, (वर्ष १४/ अङ्क ३७) पृ. ३५-३६ ।

सर्वहारी, कृष्णराज (२०५६), दुई कविका कृतिमाथि सङ्क्षिप्त चर्चा, **साप्ताहिक पुनर्जागरण,** पृ. ७ ।